# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ

## गाउँपालिका पार्श्वचित्र- २०७५

प्रकाशन वर्ष- २०७५

# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विशालटार, धादिङ

# पार्श्वचित्र- २०७५

**तथ्याङ्क विश्लेषक तथा सम्पादक**

श्री शान्तिराम दाहाल
श्री निलकण्ठ लम्साल

**सार्वाधिकार**
श्री वेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
३ नं. प्रदेश, नेपाल

सारथी
टेक्नोसफ्ट

**परामर्श दाता संस्था**
श्री सारथी टेक्नो सफ्ट प्रा.ली.
विराटनगर, मोरङ
१ नं. प्रदेश, नेपाल



हुम्ला
६
दार्चुला
बझाङ
बैतडी
बाजुरा
मुगु
डडेल्धुरा
जुम्ला
डोटी
अछाम
कालिकोट
डोल्पा
कन्चनपुर
दैलेख
जाजरकोट
रुकुम
७
कैलाली
मुस्ताङ
४
म्याग्दी
मनाङ
३
बर्दिया
सुर्खेत
सल्यान
रोल्पा
कास्की
लमजुङ
गोरखा
बाग्लुङ
पर्वत
बाँके
दाङ
प्युठान
गुल्मी
स्याङ्जा
तनहुँ
रसुवा
सिन्धुपाल्चोक
१
अर्घाखाँची
पाल्पा
नुवाकोट
धादिङ
दोलखा
सोलुखुम्बु
रुपन्देही
कपिलवस्तु
नवलपरासी
चितवन
मकवानपुर
काभ्रेपलाञ्चोक
रामेछाप
संखुवासभा
ताप्लेजुंङ
५
पर्सा
बारा
रौतहट
सिन्धुली
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
उदयपुर
सर्लाही
महोत्तरी
धनुषा
धनकुटा
इलाम
२
सिराहा
सप्तरी
सुनसरी
मोरङ
झापा

धादिङ जिल्ला
(गाउँपालिका / नगरपालिका)





धादिङ जिल्ला
बेनीघाट रोराङ गाउँपालिका
N
Siddhalek Gaunpalika
Gorkha
Gajuri Gaunpalika
Chitwan
Makawanpur
10
9
8
7
5
3
4
6
2
1
Copyright@MoFALD
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km

**Benighat Rorang Rural Municipality** | 207.1 Sqkm (Total Area) | 146.5 Sqkm (Forest Area) | 71% Forest | Province-3




NEPAL




DHADING




**Legend**
- Stream/River
- Local Level
- Watershed
- Forest
- Non Forest

0 2.5 5Km

Data:
Local level Admin boundary:- Department of Survey, Ministry of Federal Affair and Local Development
Forest Cover:- Department of Forest Research and Survey
Protected Area:- Department of National Parks and Wildlife Conservation

Ministry of Forests and Soil Conservation
**Department of Forest Research and Survey**

**Legend**
- Stream/River
- Local Level
- District

CRS: GCS WGS 1984

0 5 10 Km


Population Density of
Benighat Rorang Village Local Bodies
N
10
9
8
7
5
3
6
4
2
1
Legend
Density
Below 100
101 - 150
151 - 200
201 - 250
250 - Above
0
2.25
4.5
9
Km


Population Distribution of
Benighat Rorang Village Local Bodies
N
10
2243
2278
3
2002
1893
5
1647
1723
7
1217
1262
9
1599
1624
8
1200
1212
6
1131
1168
4
1205
1247
2
2299
2293
1
1117
1115
Legend
Male
Female
0
2.25
4.5
9
Km



Location Map of Benighat Rorang Village Local Bodies
Darechok
Bhumlichok
Salang
Kumpur
Kalleri
ChandiBhanjyang
Ghyalchok
N
10
Jogimara
7
5
3
Benighat
Dahakhani
Kaule
9
4
Gajuri
Dhussa
8
6
Pida
Jutpani
Shaktikhor
Kiranchok
2
Mahadevsthan
Siddi
Lothar
1
Legend
Ward Boundary
Dandakharka
Korak
Birendranagar
Chainpur
Kankada
Khairang
0 15 30 60 90 120
Km




River Network of Benighat Rorang Village Local Bodies
Tanglichok
Darbhung
Nalang
Nalang
SunaulaBazar
Kalleri
N
Darechok
Bhumlichok
Salang
Kumpur
Ghyalchok
ChandiBhanjyang
Ripdi Khola
Kaule Khola
Dukrang Khola
10
Jogimara
Trishuli Nadi
Trishuli Nadi
7
5
3
Sand Khola
Benighat
Legend
River
Ward Boundary
Kaule
9
Dhussa
8
6
Dhala Khola
4
Gajuri
Khahare Khola
HORIZONTAL DATUM
Spheroid: Everest 1830
Projection: Modified Universal Transverse Mercator
False Easting: 500000.00000000
False Northing: 0.00000000
Central Meridian: 84.00000000
Scale Factor: 0.99990000
Latitude of Origin: 0.00000000
Pida
Shaktikhor
Reti Khola
Dumang Khola
2
Mahadevsthan
Chaghmang Khola
Jyamdi Khola
1
Siddi
Lothar
Dandakharka
Korak
Khairang
Birendranagar
Kankada
0 2.5 5 10
Km
BhartaPundyadevi

# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विशालटार, धादिङ

३ नं. प्रदेश,नेपाल

**पत्र संख्या :- ०७५/०७६**
**चलानी संख्या :-**



## प्रकाशकीय

नेपालको संविधानले नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको अनुसूचि ८ को स्थानीय तहको अधिकारको सूचिको क्रम संख्या ६ मा स्थानीय तथ्यांक तथा अभिलेख संकलन सम्वन्धी अधिकार सूचिकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा साथै आधारभूत तथ्यांक, सम्भाव्य प्राकृतिक, भौतिक र सांस्कृतिक श्रोत साधनको तथ्यांकीय अभिलेख, सूचना प्रविधियुक्त तथ्यांक व्यवस्थापनलाई स्थानीय तहको कार्यक्षेत्रमा उल्लेख गरेको तथ्यांक व्यवस्थापनलाई स्थानीय तहको कार्यक्षेत्रमा उल्लेख गरेको छ । यस अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई तोकेको छ ।

२१ औं शताब्दीको प्रविधि मैत्री युगमा प्रमाणमा आधारित नीति र नियम निर्माणको युग हो । यसका लागि गाउँपालिकाका आधारभूत एंव प्राथमिक तथ्यांक अनिवार्य पूर्व शर्तका रुपमा रहन्छन् । गाउँपालिकाका दीर्घकालिन, वार्षिक, क्षेत्रगत एंव रणनीति योजना तर्जुमा अध्यावधिक तथ्यांक अति महत्वपूर्ण देखिन्छन् । गाउँपालिका वस्तुस्थिति विवरण/पार्श्वचित्र कार्यविधि २०७५ को प्रमुख उद्देश्य स्थानीय तहको विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि निति, योजना तथा कार्यक्रमहरु तयार गर्न साथै एकरुपता र स्तरीयता कायम गर्न सक्ने अपेक्षा लिएको छ । यसै गरी स्थानीय तहका तथ्यांक, सूचनाहरुमा आधारित योजना तर्जुमा तथा निर्णय लिन सहजता ल्याउने विश्वास लिएको छ । तथ्यांक संकलन र विश्लेषणमा Application को प्रयोग गरी तथ्यांक व्यवस्थापनमा दक्षता र प्रभावकारीता अभिबृद्धि गर्नुका साथै गाउँपालिकाका यथार्थ सूचना र तथ्यांकहरुलाई समेटीएको छ । यसले विभिन्न अनुसन्धानकर्ता, योजनाविद र सरोकारवालाहरुको चाहानालाई पुरा गर्ने आशा राखेको छ । यस पार्श्वचित्र गाउँपालिकाको पूर्न संरचना पश्चातको पहिलो लिखित तथ्यांकीय दस्तावेज भएको कारणले यस पार्श्वचित्रसँग सम्वन्धित सरोकारवालाहरुले अझै केहि कमी कमजोरी रहेको पाइएमा औंल्यायी दिएमा आगामी दिनमा सुधार गरिने प्रण गर्दछु ।

अन्तमा यस पार्श्वचित्र निर्माणका क्रममा सहयोग पुर्‍याउने विराटनगर स्थित सारथी टेक्नो सफ्ट प्रा.लि., गाउँपालिका कर्मचारी तथा गाउँपालिका बासीहरु जसले आफ्नो अमूल्य समयमा तथ्यांक उपलब्ध गराई सहयोग गरिदिनु भयो सबैमा धन्यवाद दिन चाहान्छु । तथ्यांक संकलनका क्रममा गाउँघरमा तथ्यांक संकलकको रुपमा काम गर्ने भाईबैनीहरु जसको अथक परिश्रमका बाबजुत यस पार्श्वचित्रलाई रुपमा ल्याउन सहयोग पुर्‍यानु भएको छ वहाँहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !!!



**श्री पित्त बहादुर डल्लाकोटी**
अध्यक्ष

# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विशालटार, धादिङ
३ नं. प्रदेश,नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी संख्या :-



**कृतज्ञता**

नेपालका गाउँपालिकाहरु नेपाल सरकारको सबैभन्दा तल्लो तह वा निकायका जनताहरुसँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकार हुन । यि निकायहरुले स्थानीय स्तरमा जनतालाई वा स्थानीय तहका सेवाग्राहीहरुलाई तोकिएको सेवाहरु प्रवाह गर्दछन् । गाउँपालिकाहरु नेपालको लोकतान्त्रिक संविधान र यस अन्तर्गत जारी भएका नियमावलीहरुद्वारा परिनिर्देशित छन् । हरेक गाउँपालिकाले स्थानीय तहको सूचना तथा तथ्याङ्क संकलन र व्यवस्थापन गर्न आवश्यक हुन्छ । हाल गाउँपालिकाहरुको पूर्नसंरचना भएको हुँदा वस्तुगत विवरण साथै स्थानीय स्तरमा छरिएका तथ्याङ्कहरु तयार गरि यसैका आधारमा योजना छनौट गर्न आवश्यक भएको हो । संकलित सूचनालाई यथार्थ परक ढंगबाट विश्लेषण गरी बस्तुगत विवरण तयार गर्दा यसले गाँउपालिका लगाएत अन्य सरोकारवाला निकायहरुलाई विकास निर्माणका क्रियाकलाप संञ्चालन गर्न ठूलो सहयोग पुऱ्याउने गर्दछ । तसर्थ गाउँपालिकाहरुको वस्तुगत विवरण तयार पार्न आवश्यक भएको हो ।

गाउँ भित्रको सेवा प्रवाह, विकास र सूचना व्यवस्थापनका लागी गाउँको सम्पूर्ण सूचना अध्यावधिक गर्न आवश्यक हुन्छ । सूचना नभए सम्म कुनै पनि कार्यक्रममा लगानी गर्नु सार्थक हुँदैन । यसका लागि पनि गाउँपालिकाहरुले बस्तुगत विवरण तयारी गर्न आवश्यक भएको छ । हालसालै गाउँपालिका पूर्नसंरचित भएको हुँदा गाउँपालिका भित्रका सूचनाहरु जुन विकास निर्माण गर्न योजना तर्जुमा गर्न ठूलो अभाव खड्किएको छ । हतारमा नै भएपनि छोटो मार्गबाट यथासक्य धेरै सूचनाहरु संग्रह प्रवाह र अध्यावधिक गर्न आवश्यक छ । तसर्थ यस गाउँपालिका सर्वेक्षणका माध्यमबाट गाउँपालिकाको तथ्याङ्क संकलन र विश्लेषणका साथ यो पार्श्व चित्र निर्माण गरिएको छ । यसले गाउँपालिकाको यथार्थ सूचना सम्वन्धि आवश्यकता र सरोकारवालाहरुको चहानालाई पुरा गर्ने आशा राखिएको छ ।

नेपालको ३ नं. प्रदेश अन्तर्गत धादिङ जिल्लामा अवस्थित यस वेनीघाट रोराङ गाउँपालिकाको सूचना व्यवस्थापनका लागी तिनिहरुको प्रशोधन, तालिकिकरण र विश्लेषण गर्ने कार्यहरु गरी यो बस्तुगत विवरण तयार गरिएको छ । यसका लागि विभिन्न क्षेत्रबाट गणकहरु नियुक्त गरी उनिहरुको अथक परिश्रमका साथ सूचना संकलनको कार्यलाई सफल बनाउन सहयोग गर्ने गाउँपालिकाका कर्मचारी मित्रहरु धन्यवादको पात्र हुनुहुन्छ । यस गाउँपालिका अन्तगर्त रहेका विद्यालय, शिक्षण संस्थान, स्वास्थ्य संस्था तथा अन्य क्षेत्रबाट सूचना उपलब्ध गराइदिनु हुने सबै व्यक्ति र निकायहरुलाई धन्यवाद दिन चाहान्छु ।

अन्तमा यो बस्तुगत विवरण गाउँपालिकाको श्रोत र साधनले भ्याए सम्म त्रुटि रहित बनाउने प्रयास गरिएको छ । तर यसमा अझै केहि कमि कमजोरी रहेको पाइएमा आगामी दिनमा यसमा क्रमिक सुधार गरिने छ । सरोकारवाला पक्षबाट यसका कमि कमजोरीहरु औल्याई सकारात्मक सहयोग हुने अपेक्षा गर्दछु ।

धन्यवाद

**हर्ष बहादुर थापा**
प्रमुख प्रशासकीय अधिकृत



# कृतज्ञता

प्रत्येक समाज, गाउँ, वडा र नगरको विकासले मात्र समग्र मूलुकको विकास सम्भव छ । नेपालमा वि.स. २०१३ सालदेखि योजनाबद्ध विकासको थालनि भएको हो । जिल्ला, नगर र गाउँ तहको विकास प्रक्रिया धेरै पछि मात्र शुरु भएको हो । विगतका स्थानीय स्वायत्तशासन ऐन २०५५ ले नगरपालिका र गाउँ विकास समितिको वार्षिक तथा अध्यावधिक योजना तर्जुमा सम्वन्धि व्यवस्था गरेको थियो । पछिल्लो पटक नेपाल सरकारले २०७४ साल बैशाख २६ गते एक निर्देशिका जारी गर्दै प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो कार्यक्षेत्र विकासका निम्ती वडास्तरिय वस्तुगत विवरण संकलन गरी पार्श्वचित्र बनाउनु पर्ने निर्देशन जारी गर्‍यो । ऐन नियम र निर्देशनको ठोस कार्यन्वयन अभावमा कतिपय स्थानिय तहले आवधिक योजना निर्माण गरी सन्तुलित विकास गर्ने प्रयास गर्न सकेका छैनन् । परम्परागत दृष्टिकोणमा विकास भन्नु केवल भौतिक पूर्वाधारमा सकारात्मक परिवर्तन हुनु हो । यस्तो सोचबाट सन्तुलित विकास हुन सक्दैन भन्ने मान्यता आधुनिक दृष्टिकोणको रहेको छ ।

अचेत विकास प्रक्रियालाई पनि लागत लाभको दृष्टिकोणबाट अघि बडाउन सकेमा त्यसको प्रतिफल सकारात्मक हुने कुरामा विश्वास गरिन्छ । यसका लागि सम्वन्धित क्षेत्रको बृहत सूचना विश्लेषण हुन जरुरी हुन्छ । सूचना र तथ्याङ्क विना निर्माण गरिएको योजना र तिनिले न्यायोचित र संन्तुलित विकास गर्न सक्दैन । स्थानीय तह जनतको घर दैलोमा सेवा प्रवाह गर्ने सरकारको तल्लो स्तरको निकाय हो । जग बलियो नबनाइ घर बलियो हुँदैन भनेझैं स्थानीय तहको साधन, श्रोत र क्षमताको व्यवस्थापनलाई सुदृढ नगरेसम्म प्रान्तिय र केन्द्रिय सरकारले पनि क्षमता अनुसार काम गर्न सक्दैन ।

प्रस्तुत पार्श्वचित्र तयार पार्ने क्रममा यथार्थ र वास्तविक सूचना संकलन हुन सकोस भन्ने अभिप्रायले राष्ट्रिय जनगणनाका तथ्याङ्क र स्थलगत अध्ययनका तथ्याङ्कहरुको आधारमा यसमा समावेश गरिएको छ । अब यस पार्श्वचित्र तयारीसंगै यस गाउँपालिकाको सूचनाको आधार स्तम्भ तयार भएको छ । सूचना संकलन विश्लेषणमा एकद्वारा प्रणाली लागू वा विकशित भै नसकेको वर्तमान अवस्थामा कतिपय सूचनाहरु अन्य निकाय वा संस्थाले गरेको विश्लेषणसँग मेल नखान सक्छ । विभिन्न कठिनाइहरुको बावजुद पनि यस वेनीघाट रोराङ गाउँपालिकाले पार्श्व चित्र निर्माण गर्ने महत्वपूर्ण कार्य सम्पन्न भएकोमा यो एकदमै प्रशंसनिय काम हो ।

अन्तमा यो पार्श्वचित्र निर्माणका लागी विश्वास गरी जिम्मा दिने यस वेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी कार्यकारी अधिकृत श्री हर्ष बहादुर थापा, गाउँपालिकाका सूचना अधिकारी श्री परशुराम धिमिरे, वडा अध्यक्षज्यूहरु, वडा सचिवज्यूहरु तथा तथ्याङ्क उपलब्ध गराइदिनु हुने सम्पूर्ण गाउँपालिकावासी दाजुभाई दिदि बहिनीहरु सबैमा हृदय देखि नै धन्यवाद दिन चाहान्छु । साथै यस अध्ययन कार्यमा अहोरात्र खटिएर तथ्याङ्क संकलन गर्ने भाइबहिनीहरु लगायत यस पार्श्वचित्रलाई यस रुपमा ल्याउनका लागि श्रीमती अन्जिता पोखरेल, सुश्री आइष्का बस्नेत र धिरज प्रधान लगायत सम्पूर्णलाई हृदय देखि नै धन्यवाद दिन चाहान्छु ।

**सर्भे आयोजक**

**श्री दिपेश सुवेदी**

सारथी टेक्नोसफट प्रा.लि.

विराटनगर

# वेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ

३ नं. प्रदेश, नेपाल

**पत्र संख्या :- ०७५/०७६**
**चलानी संख्या :-**



## दुई शब्द

कुनै पनि संस्थाको सर्वाङ्गीण विकासका निम्ति विकास नीति तथा योजना निर्माण गर्न सहि सूचना आवश्यक पर्दछ । यसर्थ सूचनामा आधारित नगर विकास योजना निर्माणको लागी गाउँपालिकामा गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile) को अति आवश्यकता भएकोले गाउँपालिका कै आर्थिक तथा सारथी टेक्नो सफ्ट प्रा.लि. विराटनगरको प्राविधिक सहयोगमा निर्माण भएको वेनीघाट रोराङ गाउँपालिका पार्श्वचित्र निर्माण भएकोमा मलाई खुशी लागेको छ ।

यो पार्श्वचित्र (Profile) नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वकृती गरेको कार्यविधि अनुसार निर्माण गरिएको छ । यसमा वेनीघाट रोराङ गाउँपालिकाको संस्थागत तथा व्यक्तिगत घरधुरी सर्वेक्षण गरी प्राथमिक तथा द्वितिय तथ्यांक संकलन गरी सोको समाज वैज्ञानिक विश्लेषण सहित यो पार्श्वचित्र तयार गरीएको छ ।

यसैगरी यस गाउँपालिका भित्रका सम्पूर्ण वस्तुस्थिति तथा सूचनालाई यस पार्श्वचित्र (Profile) मा अभिलेखिकरण गरीएको छ । अर्को अर्थमा भन्नु पर्दा यो गाउँपालिका पार्श्वचित्र (Profile) लाई गाउँपालिका भित्रका सम्पूर्ण क्षेत्रगत तथ्यांक तथा सूचनाको अधिकारीक श्रोतको अभिलेखका रुपमा लिन सकिन्छ । यसबाट गाउँपालिका भित्रका सम्पूर्ण नागरीक तथा गाउँपालिकासँग सरोकार राख्ने सबै महानुभावहरु, संघसंस्था, अध्ययन अनुसन्धान कर्ता, योजनाकार लगायत सम्पूर्ण पक्ष लाभान्वित हुने कुरामा विश्वास गर्न सकिन्छ ।

यस गाउँ पार्श्वचित्र (Profile) तयार गर्दा सूचनाहरु संकलन गरी व्यवस्थित गर्न सहयोग गर्नु हुने विजनेश मेनेजमेन्ट प्रा.लि.का सञ्चालक श्री सागर लम्सालज्यू, श्री नविन कोइराला, श्री अच्युत न्यौपाने, सारथी टेक्नो सफ्ट प्रा.लि. विराटनगर, जन प्रतिनिधि, गणक, सुपरिवेक्षक तथा सूचना उपलब्ध गराइ दिनु हुने सम्पूर्ण यस पालिकाबासीहरुलाई धन्यवाद दिन चाहान्छु । विशेषतः यस गाउँपालिका पार्श्वचित्र (Profile) निर्माण गर्न प्रत्यक्ष र अप्रत्यक्ष ढंगबाट सहयोग गर्नु हुने गाउँपालिकाका कर्मचारी सहकर्मी सहयात्री साथीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

धन्यवाद !

**परशुराम घिमिरे**
सूचना अधिकारी

# वेनीघाट रोराङ गाउँपालिका

## संक्षिप्त परिचय

### १) राजनैतिक तथा प्रशासनिक सिमाना

**पूर्वतर्फ –** गजुरी गाउँपालिका र मकवानपुर जिल्ला

**पश्चिमतर्फ –** चितवन जिल्ला

**उत्तरतर्फ –** गजुरी र सिद्धलेक गाउँपालिका र चितवन जिल्ला

**दक्षिण –** चितवन र मकवानपुर जिल्ला

### २) राजनैतिक तथा प्रशासनिक विभाजन

| वडा नं. | समावेश भएका गा.वि.स. | साविक वडाहरु | वडा कार्यलय |
|---|---|---|---|
| १ | महादेव स्थान | ६–९ | सिमटार |
| २ | महादेव स्थान | १–५ | ताल्ति महादेवस्थान |
| ३ | वेनीघाट | १,२,९ | रिचोकटार |
| ४ | वेनीघाट | ३–५ | इराङ्ग भञ्ज्याङ्ग |
| ५ | वेनीघाट | ६७८ | वेनीघाट |
| ६ | धुषा | ७–९ | वर भञ्ज्याङ्ग |
| ७ | धुषा | १–२ | चरौदी बजार |
| ८ | धुषा | ३–६ | विदाङ्ग |
| ९ | जोगीमारा | ६–९ | मझिमटार |
| १० | जोगीमारा | १–५ | खोरभञ्ज्याङ्ग |

श्रोत :– संघिय मामिला मन्त्रालय वेव साइड

### ३) भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

**भौगोलिक अवस्था** – सवै पहाडी भूभाग

**क्षेत्रफल** – २०६.५२ वर्ग कि.मि.

**कृषि योग्य जमिन**_–८५.७३ वर्ग कि.मि.

**चट्टानी भाग** – ०.७४ वर्ग कि.मि.

**सहकारी संस्थाका सदस्य** – २१८० जना

**गैर सरकारी संस्था सदस्य** – ४०० जना

## ४) जनसंख्या

| | २०६८ साल | २०७५ साल |
|---|---|---|
| घर परिवार संख्या | ६१६९ | ५८५४ |
| कुल जनसंख्या | ३१४७५ | ३३०२९ |
| महिला | १५८२३ | १६२१६ |
| पुरुष | १५६५२ | १६८०२ |
| तेश्रो लिङ्ग पहिचान खुलेको | – | ११ |
| ५ वर्ष भन्दा माथीको जनसंख्या | – | ३२६४ |
| ७० वर्ष भन्दा माथीको उमेरको जनसंख्या | – | १४७६ |

## ५) घरको अवस्था

| | |
|---|---|
| खरको छाना भएको घर | ७४४ |
| टायल झिगटी वा स्लेटको छाना भएको घर | ३५० |
| जस्ता पाताको घर | ३९९८ |
| ढलान | ७६२ |

# विषय सूचि


अध्ययनको परिचय १

उद्देश्य ३

अध्ययनको महत्व ३

अध्ययनको आवश्यकता र औचित्य ४

अध्ययन विधि र प्रक्रिया ४

घरधूरी सर्वेक्षण (प्राथामिक श्रोत) ५

संस्थागत सर्वेक्षण (दोश्रो श्रोत) ५

तथ्यांक विश्लेषण र प्रस्तुतिकरण ५

गाउँपालिका वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी ६

अध्ययनको क्षेत्र र सीमा ६

परिच्छेद दुई

वेनीघाट रोराङ गाउँपालिकाको परिचय

ऐतिहासिक पृष्ठभूमि ७

विकासको सम्भवना बोकेको रोराङ ७

अवस्थितिको सिमाना ८

भू धरातल ९

भू उपयोगको विवरण १०

स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरु १०

पर्यटन स्थलहरुको विवरण ११

परिच्क्षेद तीन

खण्ड – १

आधारभूत तथ्याङ्क विश्लेषण

जनसंख्याको विवरण १३

समूहगत उमेरको जनसंख्या १५

धर्मको आधारमा जनसंख्या १६

जातिगत जनसंख्या ३०

समूहगत उमेरको जनसंख्या २७

परिवार सदस्य संख्या ३२
असक्तता ३४
मुख्य पेशा तथा व्यवसाय ३७
गाउँपालिकामा बसाइसराईको अवस्था ३९
स्वास्थ्य उपचार ४१
दीर्घरोगका कारण मृत्यु हुनेहरुको विवरण ४४
शिक्षा ४५
शैक्षिक अवस्था ४७
गाउँपालिकाका आधारभूत सेवाहरुको अवस्था ५२
दक्ष जनशक्तिको अवस्था ५४

परिच्छेद –४

खण्ड– २

घरायसी विवरण ५७
इन्धनको श्रोत ६२

परिच्छेद– ५

खण्ड– तीन

विविध शिर्षकहरु

कृषि/खेतीपाति ६७
खाद्यन्नमा आत्मनिर्भरताको अवस्था ७१
सुकुम्वासीको अवस्था ७३
बैंक र बिमा ७५
घरधुरी स्तरीय आम्दानी र खर्च विवरण ७८
सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण ८१
प्राकृतिक प्रकोपको अवस्था ८३

परिच्छेद–६

अन्य विविध तथ्याङ्कीय जानकारी विवरण

नागरिकता तथा अन्य सिफारिस ८४
विद्यमान स्वास्थ्य सेवाहरु ८५

खोप सेवाहरुको विवरण ८५
खोपसेवा छाड्ने बालबालिकाको विवरण ८६
विगत ३ वर्षको पोषणको अवस्था ८७
हुलाक सेवा केन्द्र ८८
व्यापार र व्यवसाय ९१

गाउँपालिकाका अवसर, चुनौती र सम्भावनाहरु

अवसर ९६
यस वेनीघाट रोराङ गाउँपालिकाका चुनौतिहरु ९८
गाउँपालिका विकासका सम्भावनाहरु १००
सन्दर्भ सामाग्रीहरु १०३

# तालिका


तालिका १: राजनैतिक तथा प्रशासनिक विभाजन ८

तालिका २: भू धरातल ९

तालिका ३: भू उपयोगको विविधीकरण १०

तालिका ४: स्थानीय चाडपर्व, जात्रा र मेलाहरु १०

तालिका ५: वडा र लिङ्ग अनुसार जनसांख्यिक विवरण १३

तालिका ६: उमेर र लिङ्ग समूह अनुसार जनसंख्याको विवरण १५

तालिका ७: धर्मको आधारमा जनसंख्या २६

तालिका ७.१: वडा नं. १ को धर्मका आधारमा वडागत जनसंख्या २७

तालिका ७.२: वडा नं. २ को धर्मका आधारमा वडागत जनसंख्या २७

तालिका ७.३: वडा नं. ३ को धर्मका आधारमा वडागत जनसंख्या २८

तालिका ७.४: वडा नं. ४ को धर्मका आधारमा वडागत जनसंख्या २८

तालिका ७.५: वडा नं. ५ को धर्मका आधारमा वडागत जनसंख्या २८

तालिका ७.६: वडा नं. ६ को धर्मका आधारमा वडागत जनसंख्या २९

तालिका ७.७: वडा नं. ७ को धर्मका आधारमा वडागत जनसंख्या २९

तालिका ७.८: वडा नं. ८ को धर्मका आधारमा वडागत जनसंख्या २९

तालिका ७.९: वडा नं. ९ को धर्मका आधारमा वडागत जनसंख्या ३०

तालिका ७.१०: वडा नं. १० को धर्मका आधारमा वडागत जनसंख्या ३०

तालिका ८: जात जातियता अनुसारको जनसंख्या विवरण ३१

तालिका ९: घरपरिवारमा सदस्य संख्याको आधारमा विवरण ३२

तालिका १०: वडा अनुसार अपाङ्गको जनसंख्या विवरण ३४

तालिका ११: अपाङ्गको किसिम अनुसार जनसंख्या विवरण ३५

तालिका १२: अपाङ्गताको परिचय पत्रको आधारमा जनसंख्याको विवरण ३७

तालिका १३: वडा अनुसार घरपरिवारको मुख्य पेशाको विवरण ३८

तालिका १४: वडा अनुसार बसाइ सराइको विवरण ३९

तालिका १५: वडा अनुसार बसाइसराई गरिआएको ठाउँको विवरण ४०

तालिका १६: बसाई सर्नुको कारण ४१

तालिका १७: वडा अनुसार उपचारका लागि जाने घरधुरीको विवरण ४२

तालिका १८: वडा अनुसार दीर्घरोगका किसिम र जनसंख्या विवरण ४३

तालिका १९: दीर्घरोग लागि मृत्यु हुनेहरुको विवरण गत वर्षको ४४

तालिका २०: शैक्षिक संस्थाहरु ४५

तालिका २१: विद्यालयमा अध्ययनरत छात्राछात्रहरुको विवरण ४६

तालिका २२: वेनीघाट रोराङ गाउँपालिका शैक्षिक अवस्था ४८
तालिका २३: स्थानीय तहका कार्यलय र निकायमा पहुँचको अवस्था ५३
तालिका २४: वडा अनुसार व्यवसायिक तालिम प्राप्त जनशक्तिको विवरण ५५
तालिका २५: वडा अनुसार व्यवसायिक तालिम प्राप्त जनशक्तिको विवरण ५६
तालिका २६: वडा अनुसार घरको छानोको विवरण ५८
तालिका २७: वडा अनुसार शौचालयको विवरण ५९
तालिका २८: वडा अनुसार खानेपानीको श्रोतको विवरण ६१
तालिका २९: वडा अनुसार खाना पकाउन प्रयोग हुने श्रोतहरुको विवरण ६३
तालिका ३०: वडा अनुसार वन जंगलमा दाउरको लागि आश्रित घरधुरी विवरण ६४
तालिका ३१: वडा अनुसार बत्तिको मुख्य श्रोतहरुको विवरण ७२
तालिका ३२: वर्ष दिनको उत्पादनले खानपुग्ने/नपुग्ने पारिवारिक विवरण ७२
तालिका ३३: वडा अनुसार जग्गा जमिनमा स्वामित्वको विवरण ७३
तालिका ३४: आफ्नो स्वामित्वमा जग्गा जमिन नहुनाको कारण सहित वडागत विवरण ७४
तालिका ३५: वडा अनुसारको बैकमा खाता हुने घरधुरी विवरण ७६
तालिका ३६: वडा अनुसार जीवन बीमा गर्ने घरधुरी विवरण ७७
तालिका ३७: वडा अनुसार प्रतिपरिवार वार्षिक औसतमा आम्दानी र खर्च विवरण ७८
तालिका ३८: गाउँपालिकाको विभिन्न शिर्षकहरुमा भएको वार्षिक आम्दानी ७९
तालिका ३९: गाउँपालिका बासीहरुले निम्न शिर्षकहरुमा गरेको खर्चको वार्षिक विवरण ८०
तालिका ४०: वडा अनुसार सामाजिक सुरक्षा भत्ताको ३ अवस्थाका विवरण ८१
तालिका ४१: वडा अनुसार संघ संस्थामा आवद्ध भएको घरधुरी विवरण ८२
तालिका ४२: विगत ५ वर्षमा प्रकोपबाट पिडितहरुको विवरण र क्षति रकम ८३
तालिका ४३: नागरिकता तथा अन्य प्रकारका सिफारिस ८४
तालिका ४४: गाउँपालिका अर्न्तगत रहेका विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिका ८४
तालिका ४५: विविध स्वास्थ्य संस्थाको विवरण ८५
तालिका ४६: दुई (२) आर्थिक वर्षको बालबालिकाको खोपको विवरण ८६
तालिका ४७: खोप सेवा छाड्ने बालबालिकाको विवरण ८७
तालिका ४८: गाउँपालिकामा गत ३ वर्षको पोषणसँग सम्वन्धित विवरण ८८
तालिका ४९: गाउँपालिकाको हुलाकसँग सम्वन्धित विवरण ८८
तालिका ५०: बैक तथा वित्तिय संस्थानहरु ८९
तालिका ५१: सडक सञ्जालको वर्तमान अवस्था ९०
तालिका ५२: औद्योगिक तथा व्यापार तथा व्यवसाय सम्बन्धि विवरण ९१
तालिका ५३: विगत पाँच वर्षको गाउँपालिकाको एकमुष्ट बजेट ९२
तालिका ५४: गाउँपालिकाका वर्तमान पदाधिकारीहरुको विवरण ९३
तालिका ५५: गाउँपालिकाका हाल कार्यरत कर्मचारीहरुसँग सम्वन्धित विवरण ९४

# रेखाचित्र


रेखाचित्र १: २०६८ र २०७५ को लिङ्ग तथा जनसंख्याको स्तम्भचित्र १४
रेखाचित्र २: धर्मको आधारमा जनसंख्या २६
रेखाचित्र ३: अपाङ्गको किसिम अनुसार जनसंख्या विवरण ३६
रेखाचित्र ४: अन्नबाली उत्पादनको अवस्था क्विन्टलमा ६८
रेखाचित्र ५: दलहनबाली उत्पादनको विवरण ६९
रेखाचित्र ६: तरकारी बालीको गतवर्षको उत्पादनको अवस्था ७०
रेखाचित्र ७: गत वर्षको फलफूल खेतीबाट उत्पादन भएको विवरण ७१

## अध्ययनको परिचय

गाउँपालिकाको वस्तुगत विवरण वा गाउँपालिकाको पार्श्वचित्र भनेको यसको प्रतिविम्ब हो । जसरी मानिसले आफूलाई ऐनाको अगाडी उभिएर आफ्नो मूल्यांकन गर्छ, त्यसरी नै यस गाउँपालिका प्रोफाइल वा गाउँपालिकाका पार्श्वचित्रले सो गाउँपालिकाको तथ्याङ्कीय भाषामा सबै कुरा उल्लेख गर्छ । जस्तोकी के कति जनसंख्या, उमेर समूह, महिला, अपाङ्ग, पेशा, धर्म, जातजाति, लिङ्ग आदि । त्यसैले यस पार्श्वचित्र स्थानीय सरकारको लागि ऐना जत्तिकै हो ।

नेपालको सन्दर्भमा गाउँपालिका ग्रामीण भेगको स्थानीय सरकार हो । यसले स्थानीय स्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । नेपालमा रहेका गाउँपालिकाहरु स्थानीय स्वायत्त शासन ऐन तथा यस (यस अन्तर्गत जारी भएका) नियमावलीद्वारा निर्देशित भएका छन् । यस नियमावलीमा गाउँपालिकाहरुले वस्तुगत विवरण तयार गरी यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नुपर्दछ । संकलन गरिएका सूचाङ्कलाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले गाउँपालिका लगायत अन्य सरोकारवालाहरुलाई विकास क्रियाकलाप संचालन गर्न ठूलो सहयोग पुऱ्याउने आशा राखिएको छ । कुनैपनि व्यक्ति, घटना, प्रक्रिया वा संस्था बारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । सूचनाहरु संकलनका आधार २ प्रकारका हुन्छन् - प्राथमिक र द्वितीय सूचना, प्राथमिक सूचना संकलनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने, अरुले संकलन गरेको सूचनालाई द्वितीय सूचना भनिन्छ । यी सूचनालाई संकलन, प्रशोधन ( तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सर्म्पूण कार्यहरु सूचना व्यवस्थापन अन्तर्गत पर्दछ । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्ने र प्रयोग गर्न सकिने हुनुपर्छ । सूचनाहरु व्यवस्थापन नगरी सबै वा अनावश्यक मात्रामा दिदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन आवश्यक हुने गर्दछ । पालिकाको विकास निर्माण र सार्वजानिक सेवा प्रवाहमा स्थानीय निकायको भूमिका बढिरहेको सन्दर्भमा गाउँ विकास सम्वन्धि सूचना व्यवस्थापन गाउँपालिकाले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । गाउँपालिकाहरुमा वस्तुगत विवरणहरु राज्यको पुर्नसंरचना, स्थानीय निकाय र तहहरुको स्वरुपमा भएको फेरबदलले गर्दा वस्तुगत विवरणहरु अपूर्ण छन् भने तिनीहरुमा एकरुपताको अभावका कारण योजना निर्माणका कार्यमा कठिनाई उत्पन्न भएको देखिन्छ ।

गाउँपालिकाका विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनैपनि योजनाको सहि छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत यसले सहयोग गर्नेछ ।

गाउँको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक इत्यादि सम्पूर्ण पक्षहरु जस्तै, गाउँपालिकाको वडा अनुसार जनसंख्याको स्थिति, महिला, पुरुष तथा बालबालिका, अपाङ्गताको अवस्था बसाइसराइको अवस्था के कस्तो छ एवं विकासका पूर्वाधारहरुको अवस्था के कस्तो रहेको छ भन्ने पक्षलाई प्रस्तुत गाउँपालिका पार्श्वचित्रमा समेट्ने प्रयास गरिएको छ र छरिएर रहेका तथा अव्यवस्थित रुपमा रहेका गाउँपालिकाका सूचनाहरुलाई व्यवस्थित गर्न तथा एकिकृत गर्ने प्रयास गरिएको छ । स्थानीय तहको पूर्नसंरचना भए पश्चात् करिब २० वर्षपछि निर्वाचित भई निर्वाचित जनप्रतिनिधिहरु स्थानीय तहमा वाहाल भएर काम गर्न थालेको अवस्था छ । यस स्थानीय तहलाई व्यवस्थित ढंगले संञ्चालन गर्नका लागी, स्थानीय सरकारको काम, कर्तब्य र अधिकारलाई व्यवस्थित गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ लागू भैसकेको छ । जस अनुसार ऐनको दफा-११ उपदफा २ को च, ड, र थ मा जनसांखिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक पूर्वाधार, प्राकृतिक, रोजगारी अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आम्दानी राजस्व तथा आयव्यय, मानव विकास सूचांक जस्ता सूचनाका INDICATOR द्वारा तथ्याङ्क सङ्कलन गरि त्यसलाई अध्यावधिक रुपमा सूचना प्रणालीमा राख्नुपर्ने स्थानीय सरकारलाई दायित्व छ । स्थानीय तहको योजना तर्जुमा, बजेट, कार्यक्रम छनौट र विनियोजन गर्दा भौगोलिक, सामाजिक, आर्थिक, तथा पूर्वाधार लगायत क्षेत्रको यथार्थ स्थिति आकलन गरि मात्र विनियोजन गर्न निर्देशन प्राप्त छ ।

केन्द्रीकृत शासन प्रणालीबाट प्रादेशिक (संघात्मक) शासन प्रणालीमा रुपान्तरण भएपछि हाम्रो देशको प्रशासनिक, राजनैतिक, संरचनागत स्वरुपमै परिवर्तन भएको छ । सोहि अनुरुप विगतमा रहेका केन्द्र, विकास क्षेत्र, जिल्ला तथा गाउँ विकास समिति र नगरपालिकाको संरचनाहरुमा परिवर्तन भै केन्द्र प्रदेश र स्थानीय तहको रुपमा वर्गीकरण गरिएको हालको हाम्रो देशको संरचना केन्द्र - १, प्रदेश - ७ र स्थानीय तह - ७५३ निर्धारित छ । स्थानीय तह र निकायमा नेपालमा महानगरपालिका - ६, उपमहानगरपालिका - ११, नगरपालिका - २७६ र गाउँपालिका - ४६० रहेका छन् ।

वेनीघाट रोराङ गाउँपालिका धादिङ जिल्लाको सदरमुकामबाट २५ किलोमिटरको दुरीमा पृथ्वीराजमार्गमा पर्दछ । यस गाउँपालिकाको यसको पूर्वमा  धादिङ जिल्लाकै गजुरी गाउँपालिका, पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका, उत्तरमा धादिङकै सिद्धलेक गाउँपालिका र गोरखा जिल्लाको गण्डकी गाउँपालिका तथा दक्षिणमा चितवन जिल्लाको कालिका र राप्ती नगरपालिका तथा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका सम्म यसको भू भाग फैलिएको छ । वेनीघाट रोराङ गाउँपालिकाको हालको कार्यालय पृथ्वी राजमार्गसँग जोडिएर रहेको विशालटारमा अवस्थित छ । जसको कुल क्षेत्रफल २०६.५२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको देखिन्छ । यहाँ कृषि योग्य जमिन ४१ प्रतिशत वनजगंल ३८ प्रतिशत पानी र चट्टानी भाग क्रमशः ०.५२ र ०.३६ प्रतिशत तथा अन्य १९.५९ प्रतिशत भाग रहेको छ ।

## उद्देश्य

यस गाउँपालिकासंग सम्वन्धित सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक तथा स्वास्थ्य र जनसंख्यिक अवस्था झल्कने विवरणहरु तयार गर्दै योजना छनौट, कार्यन्वयन र तर्जुमा तथा अनुगमन र मुल्यांकनलाई सहयोग पुऱ्याउने उद्देश्यले अध्ययन केन्द्रित मुख्य उद्देश्य पनि रहेको छ । जसलाई निम्न वुँदाहरुमा उल्लेख गरिएको छ ।

१. गाउँपालिकाको वडागत जनसांख्यिक विवरणको आंकलन गर्ने ।
२. शैक्षिक अवस्थाको सूचना संकलन गर्ने ।
३. सामाजिक, सांस्कृतिक अवस्थाबारे जानकारी लिने ।
४. आर्थिक अवस्थाको बारेमा जानकारी संकलन गर्ने ।

यिनै उद्देश्यहरुको सेरोफेरोमा रहेर यस अध्ययन विषयगत तथ्याङ्कहरुलाई तथ्याङ्कीय भण्डारणको रुपमा प्रस्तुत गरिने छ

## अध्ययनको महत्व

विकासका प्रतिफलहरु जनता समक्ष पुऱ्याउन र साझेदारहरुलाई अनुभूत गराउन एंव सवै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता रहेको छ । आजको विश्वव्यापिकरण (Globalization) को युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रक्रियाहरुलाई अगाडी बढाउन सम्वन्धित क्षेत्रको

वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्वन्धित क्षेत्रको बास्तविकता, वस्तुस्थिति पहिचान गरि भविष्यका विकास योजना र रणनितिहरु तर्जुमा गर्न विशेष महत्व राख्ने छ । यस अतिरिक्त प्रस्तुत गाउँपालिका Profile मा सम्वन्धित क्षेत्रका संस्था, अनुसंन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञासु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व अति नै व्यापक रहेको छ ।

## अध्ययनको आवश्यकता र औचित्य

नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरुलाई दिदै आएको विकास अनुदानमा बर्षेनि बढोत्तरी भै रहेको छ । केन्द्र सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचांकहरु लागु पनि गरेको हुँदा ति सूचांकहरु मध्ये हरेक गाउँपालिकाहरुले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाएको छ । जसका कारण प्रत्येक आर्थिक वर्षमा यसको मुल्यांकन गरीने हुँदा वस्तुगत विवरण अध्ययनको आवश्यकता भएको हो । गाउँपालिकाले वस्तुगत विवरणका आधारमा श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा कार्यन्वयन एंव अनुगमन र मूल्यांकन का साथै नीति नियम तर्जुमामा सहयोगी हुने हुँदा पनि यस अध्ययन अपरिहार्य हुन गएको छ ।

## अध्ययन विधि र प्रक्रिया

उपलब्ध कानुनी र नीतिगत व्यवस्था विभिन्न गाउँपालिकाहरुले अभ्यास गरेका र संघीय मामिला स्थानीय विकास मन्त्रालयबाट जारी गाउँपालिका वस्तुगत विवरण ढाँचा अनुसार यस गाउँपालिकको वस्तुगत विवरण तयार गरिएको छ । यस गाउँपालिका वस्तुगत विवरण आवधिक गाउँपालिका योजना तर्जुमाका लागि आधार रेखा र गाउँपालिका योजनाको अनुगमन तथा मुल्यांकनका लागी आधारभूत सूचनाको आधार सहित देहायका विधि तथा प्रक्रिया जनगणनाको आधारमा पुरा गरिएको थियो । यस जम्मा ३० जना गणकले कम्तिमा ३० दिन फिल्डमा स्थलगत घरधुरी सर्वेक्षण गरेका थिए । ती गणकहरुलाई यस सर्वेक्षण सम्वन्धि २ दिनको तालिम दिई दक्ष बनाई सर्वेक्षण कार्यका लागि यस वेनीघाट रोराङ गाउँपालिकाको १० वटा वडाहरुमा १० वटा टिम बनाइ खटाइएको थियो ।

**घरधूरी सर्वेक्षण (प्राथामिक श्रोत)**

स्थानीय विकास मन्त्रालयबाट जारी गाउँपालिका बस्तुगत विवरणको ढाँचा, गाउ विकास योजनाको आधार सूचनाको ढाँचा अनुसार घरघूरी सर्वेक्षणबाट सूचना संकलन गरिएको थियो । साथै घरधुरी सर्वेक्षणका लागि तथ्यांक विवरणहरु विभिन्न अध्ययन सर्वेक्षण र प्रतिवेदनबाट सूचाङ्कहरुको आधार तयार गरि अर्थात् प्रश्नावली बनाई अध्ययन सर्वेक्षण कार्य गर्नु भन्दा अगाडी पूर्वपरिक्षण (Pre-Testing) गरि पूर्व परिक्षण गरी सके पश्चात् यसलाई प्रयोगमा ल्याइएको थियो । यसरी घरधुरी सर्वेक्षणका लागी तयार भएका प्रश्नावलीका माध्यमबाट सूचना संकलन गर्न जनगणना विधि अपनाई स्थानीय गणकहरुलाई तालिम प्रदान गरी घरधुरी सर्वेक्षणबाट तथ्यांक संकलन गरिएको थियो ।

**संस्थागत सर्वेक्षण (दोश्रो श्रोत)**

पेशागत विज्ञहरु र प्राविधिक टोलीहरुले संस्थागत श्रोत तथा अध्ययन र प्रतिवेदन जस्ता श्रोतहरुबाट आवश्यक तथ्यांक, सूचना विवरणहरु संकलन गरिएको छ । यस गाउँपालिका वस्तुगत विवरणमा दोश्रो श्रोतमा संस्थागत तथा अध्ययनका लागि आवश्यक विवरणहरु लिनका लागि सूची तयार गरिएको थियो । जसमा गाउँपालिका स्वास्थ्य संस्था विद्यालय सेवाकेन्द्र तथा संघ संस्थामा उपलब्ध तथ्यांक समावेश गरिएको छ । यसैगरी राष्ट्रिय जनगणना, नेपाल जीवनस्तर सर्वेक्षण, आर्थिक सर्वेक्षण, कृषि गणना तथा विभिन्न उपलब्ध विषयगत अध्ययन प्रतिवेदनहरुलाई समावेश गरिएको  छ ।

**तथ्यांक विश्लेषण र प्रस्तुतिकरण**

घरधुरी सर्वेक्षणका तथ्यांकहरुलाई Computer Softwear तयार गरि प्रत्येक घरधुरीको संकलित तथ्यांकलाई Computer प्रणालीबाटै प्रशोधन गरि तथ्यांकशास्त्रीय विधिद्वारा तथ्यांक विश्लेषण गरिएको छ । विश्लेसित तथ्यांकहरुलाई गाउँपालिका वस्तुगत विवरणमा उल्लेख गरिएको छ । दोश्रो श्रोतबाट प्राप्त तथ्यांकलाई प्राविधिक विषयका विज्ञहरुले विश्लेषण गरि उपयोग गरि दोश्रो श्रोतबाट प्राप्त तथ्यांकलाई घरधुरी सर्वेक्षणबाट उपलब्ध या प्राप्त हुन नसक्ने गाउँविकासको वस्तुगत चित्रण गर्ने तथा दुई समयावधिका तुलनात्मक विवरण झल्काउने गरि प्रस्तुत गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागि घरधूरीलाई मुख्य गरेर, वडा, जनसंख्या, उमेर, लिङ्ग र जातियताका आधारमा वर्गिकरण पनि गरिएको छ । तथ्यांकलाई विश्लेषण गर्ने क्रममा प्राप्त सूचनालाई तालिका, चित्र र नक्सामा समेत प्रस्तुत गरिएको छ । यसै क्रममा घरधुरी सर्वेक्षणबाट प्राप्त सूचनालाई बर्णानात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ ।

## गाउँपालिका वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

गाउँपालिका स्तरीय साझेदारी, सरोकारवालाबाट प्राप्त राय सल्लाह सुझाब समावेश गरी यस प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यसका लागी Reflecting workshop stakeholder माझ गराई Data को प्रमाणिकरण गरिएको छ । यस सर्वेक्षणबाट प्राप्त नतिजा/तथ्याङ्कहरुलाई सूचना प्रविधिको प्रयोग हुने भविष्यमा Digitization process को प्रक्रियामा समावेश गराउन सहज र सरल हुने गरी व्यवस्थापन गरिएको छ ।

## अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत प्रोफाइलको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यले दर्शाएका विषय वस्तुलाई नै मुख्य क्षेत्रको रुपमा लिइएको छ । गाउँपालिका वस्तुगत विवरणलाई सङ्घीय मामिला तथा विगतमा गाउँपालिकाले स्थानीय विकास मन्त्रालयबाट जारी गरेका ढाँचा अनुसार यो गाउँपालिका प्रोफाइल तयार भएको हो । यो गाउँपालिका वस्तुगत विवरण स्थानीय तहको पूर्नसंरचना पश्चातको पहिलो लिखित दस्तावेज भएको कारणले केही कमी कमजोरीहरु रहन सक्ने सम्भाव्यतालाई नर्कान नसकिने हुँदा यसलाई आगामी दिनमा परिमार्जन गर्दै लान सकिने रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# वेनीघाट रोराङ गाउँपालिकाको परिचय

## ऐतिहासिक पृष्ठभूमि

धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिकाको नामाकरण ठूला दुई नदिहरुको संगम रहेकोले वेनीघाट भएको र नेपालका पहाडी भेगका आदीवासी बाहुल्यता भएको मकवानपुर, धादिङ र चितवन जिल्लाका चेपाङ्गहरुको भाषामा रोराङ भन्ने शब्दले फुलैफुलको वारी अर्थात् वेनीघाट रोराङ भएको बुढापाकाहरुको भनाई रहेको पाईन्छ । त्रिशुली र बुढी गण्डकी नदीहरु आपसमा मिलेर यस भागमा अति रमणिय र सुन्दरताको आभाष दिलाउने भएकोले पनि चेपाङ्ग जातिले यसलाई रोराङ नामकरण गरेको हुन सक्ने किम्वदन्ति यहाँका बुढापाका चेपाङ्गहरुको रहेकोले गर्दा पनि र हाल यस संगम स्थलमा धार्मिक महत्वका साथ पनि विभिन्न धर्मालम्वीहरुले आफ्नो परम्परा कायम गर्दै आएका छन् । यहि किम्वदन्ति तथा धार्मिक महत्वलाई अंगिकार गरी यस गाउँपालिकाको नाम वेनीघाट रोराङ नामाकरण गरेको पुष्टि हुन्छ ।

## विकासको सम्भावना बोकेको रोराङ

यस गाउँपालिकालाई प्राकृतिक सम्पदाको दृष्टिकोणबाट हेर्दा निकै प्रचुर सम्भावना बोकेको गाउँपालिकामा हेर्ने गरिन्छ । उत्तरमा पवित्र त्रिशुली नदी देखि दक्षिणमा महाभारत श्रृखला सम्म फैलिएको यस गाउँपालिका भित्र विभिन्न भागमा भौगोलिक विकटता तथा अत्यन्तै विविधता पाईन्छ । यहाँका मानिसहरु अनेकतामा एकता र विकटतामा सहजता औंल्याउदै विकासका पूर्वाधारहरुको पर्खाइमा बसेका छन् । यस गाउँपालिकाको महादेवस्थान, धुषा, जोगीमारा भित्रका अति विकट पाखा पखेरामा आदिवासी समूदाय चेपाङ्ग लगायत अन्य जात जातिहरुको बसोवास रहेको छ । यस भिर र चट्टानी भूभागमा यहाँका जनसमूदायले मानो रोपेर मुरी फलाउने कल्पना संगालेको कुराहरु स्थलगत अध्ययनका क्रममा बताएका थिए । यहाँ विकासका पूर्वाधारहरुको निर्माण गर्न सकेको खण्डमा यहाँको जीवनस्तर उठाउन सकिने सम्भावना बोकेको छ ।

प्राकृतिक रुपमा यस गाउँपालिकाको काखबाट बगेर गएको त्रिशुली नदी जसलाई पर्यटनको विकासका आधारहरु कोर्न सक्ने तथा ती नदीका किनारमा अवस्थित जमिनमा विकासका पूर्वाधार निर्माण गर्न सक्ने हो भने यहाँको उब्जाउले नजिकै रहेका बजार नारायणघाट, काठमाण्डौं, पोखरा, वुटवल, गोरखा लगायत हेटौडा सम्मका क्षेत्रमा तरकारी जस्ता नगदे बाली तथा अन्य अवसरहरुको सिर्जना गर्न सक्ने सम्भावना रहेको छ ।

त्रिशुली नदीमा जल पर्यटनको विकास गर्न सके देखि यहाँको मानिसहरुको जीवन स्तरमा निकै ठूलो प्रगतिको फड्को मार्न सक्ने सम्भावना देखिन्छ। प्राकृतिक रुपमा यस क्षेत्रमा पाइने विश्वकै उत्कृष्ट चुनढुङ्गा जडिबुटी तथा अन्य वनजन्य उत्पादनहरुको सहि रुपमा उत्खनन्, संकलन र प्रशोधन गरी हाल खेर गइरहेको उपयोग हुन नसकेको प्राकृतिक श्रोत र साधनको प्रचुर मात्रामा उपयोग गरेमा यहाको विकास तथा ख्याती सवैतिर फैलिने कुरामा कसैको दुईमत हुँदैन।

## अवस्थितिको सिमाना

धादिङ जिल्लाको तल्लो भागमा (अक्षाशं २७.८०८३˙ र देशान्तर ८४.७६९१) मा कूल २०६।५२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस वेनीघाट रोराङ गाउँपालिकाको नक्सा हेर्दा तेर्सो लामो आकारमा रहेको देखिन्छ। यो गाउँपालिकामा हाल महादेवस्थान, वेनीघाट, धुषा र जोगिमारा गाउ विकास समितिहरुलाई मिलाएर वि.स. २०७३ सालमा पूर्नसंरचना गरिएको र त्यसको केन्द्र निर्धारण गरिएको छ।

**तालिका १: राजनैतिक तथा प्रशासनिक विभाजन**

| वडा नं. | समावेश भएका गा.वि.स. | साविक वडाहरु | वडा कार्यलय |
|---|---|---|---|
| १ | महादेव स्थान | ६–९ | सिमटार |
| २ | महादेव स्थान | १–५ | ताल्ति महादेवस्थान |
| ३ | वेनीघाट | १,२,९ | रिचोकटार |
| ४ | वेनीघाट | ३–५ | इराङ्ग भञ्ज्याङ्ग |
| ५ | वेनीघाट | ६-८ | वेनीघाट |
| ६ | धुषा | ७–९ | वर भञ्ज्याङ्ग |
| ७ | धुषा | १–२ | चरौदी बजार |
| ८ | धुषा | ३–६ | विदाङ्ग |
| ९ | जोगीमारा | ६–९ | मझिमटार |
| १० | जोगीमारा | १–५ | खोरभञ्ज्याङ्ग |

**श्रोत :– संघिय मामिला मन्त्रालय वेव साइड**

यस वेनीघाट रोराङ गाउँपालिका धादिङ जिल्लाको विकासको ठूलो सम्भावना बोकेको गाउँपालिका रहेको छ। यसको पूर्वमा धादिङ जिल्लाकै गजुरी गाउँपालिका, पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका, उत्तरमा धादिङकै सिद्धलेक गाउँपालिका र गोरखा जिल्लाको गण्डकी गाउँपालिका तथा दक्षिणमा चितवन जिल्लाको कालिका र राप्ती नगरपालिका तथा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका जोडिएको छ।

वेनीघाट रोराङ गाउँपालिकाको वेनीघाट, धुषा तथा जोगीमाराको केहि भाग नेपालको राजधानी जोड्ने मुख्य राजमार्गसंग जोडिएको छ । यस गाउँपालिकामा मुख्य गरि मलेखु, वेनीघाट, चरौदी, हुग्दी, सलाङघाट, मझिमटार जस्ता मुख्य बजार क्षेत्रहरु रहेका छन् । यस गाउँपालिकाको सबै वडामा बाटो पुगेको भएता पनि बर्खायाममा भने गाडीको आवत जावत असम्भव हुन्छ । यस गाउँपालिकाको वेनीघाट र धुषाका अधिकाशं क्षेत्रहरुमा नगदेवालि तथा कृषीको लागि एकदमै महत्वपूर्ण क्षेत्रको रुपमा परिचित छ ।

यस गाउँपालिकाको मुख्य गरी मलेखु, वेनीघाट, धुषा, चरौदी, हुग्दी, मझीमटार, सलाङ्गघाट जस्ता मुख्य बजार क्षेत्रलाई निर्माण सामाग्रीको तथा तरकारी र अन्नहरुको एकदमै राम्रो बजार मानिन्छ । मलेखु नेपालको माछा बजारको रुपमा पनि परिचित छ । काठमाण्डौंबाट बाहिर जाने र काठमाण्डौ भित्रिने अधिकाशं यात्रीहरु मलेखुमा गाडी रोकेर त्रिशुलीका माछा खानका लागि लहर नै चल्ने गरेको पाइन्छ । यसले यहाँको बजार बिस्तार गरी केहि हदसम्म व्यपारलाई प्रर्वद्धन पनि गरेको छ ।

## भू धरातल

भू सूचना प्रणाली (Geographical Information System GIS) अनुसार यस वेनीघाट रोराङ गाउँपालिकाको भू अवस्थिति/धरातललाई भिरालो पनका आधारमा ५ खण्डमा विभाजन गरी हेर्दा ५ ˚ डिग्री भन्दा माथि गाउँपालिकाको सम्पूर्ण भू भागको २.८८ प्रतिशत भू अवस्थिति रहेको र ५० ˚ डिग्री भन्दा माथि ९.६४ प्रतिशत जमिन एकदमै भिरालो जमिनमा रहेको पाईन्छ । यस सम्बन्धी थप विवरण निम्न ग्राफमा देखाइएको छ ।

**तालिका २: भू धरातल**

| क.स | भिरालोपना (slope) | क्षेत्रफल वर्ग.कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | ५ ˚ डिग्री सम्म | ५.९५ | २.८८ |
| २ | ५ ˚ डिग्री देखि १५ ˚ डिग्री सम्म | १४.०८ | ६.८२ |
| ३ | १५ ˚ डिग्री देखि ३० ˚ डिग्री सम्म | ६७.६८ | ३२.७७ |
| ४ | ३० ˚ डिग्री देखि ५० ˚ डिग्री सम्म | ९८.९१ | ४७.८९ |
| ५ | ५० ˚ डिग्री भन्दा माथि | १९.९ | ९.६४ |
| **जम्मा** | | **२०६.५२** | **१००** |

श्रोत :– गाउँपालिका कार्यलय २०७५

## भू उपयोगको विवरण

यसरी नै भू–सूचना प्रणालीको आधारमै यस गाउँपालिकाको भू उपयोगको अवस्थितिलाई वर्गिकरण गरेर हेर्दा यस क्षेत्रको ३८.०२ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ । ४१.५१ प्रतिशत भूभाग भने कृषि योग्य जमिनको रुपमा रहेका देखिन्छ । यस अवस्थितिलाई अझ विस्तृत रुपमा निम्न रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ३: भू उपयोगको विविधीकरण**

| क.स | भू उपयोग | क्षेत्रफल १ ं कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | वन जङ्गलले ढाकेको जमिन | ७८.५२ | ३८.०२ |
| २ | कृषियोग्य जमिन | ८५.७३ | ४१.५१ |
| ३ | पानीको भाग | ०१.०८ | ०.५२ |
| ४ | चट्टान | ००.७४ | ०.३६ |
| ५ | अन्य | ४०.४६ | १९.५९ |
| | **जम्मा** | **२०६.५२** | **१००** |

श्रोत : भू सूचना प्रणाली

## स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरु

यस गाउँपालिकामा रहेका विभिन्न ऐतिहासिक र धार्मिक स्थलहरु तथा सांस्कृतिक स्थलहरुको पनि विशेष महत्व रहेको देखिन्छ । यी स्थलहरुमा विशेषता महत्वपूर्ण दिनहरुमा विशेष समारोह, उत्सव, जात्रा र मेलाहरुको आयोजना गर्ने गरिएको पाइन्छ । चरौदिको पशुपति मन्दिर, शंखादेवी मन्दीर, महादेव स्थान मन्दिर, तीन कन्या मन्दीर, गौमति मन्दिर, महाकाली मन्दिरहरुमा विशेष उत्सवहरुको आयोजना गर्ने गरिएको पाइन्छ । यस गाउँपालिकामा रहेका मुख्य सामाजिक र सांस्कृतिक उत्सवहरुलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४: स्थानीय चाडपर्व, जात्रा र मेलाहरु**

| क.स. | चाडपर्व | जात्रा | मेलाहरुका नाम | मनाउने महिना | तिथी | मनाउने जातजाती |
|---|---|---|---|---|---|---|
| १ | दशैंतिहार | | | अशोज कार्तिक | दशमी | सबै जातजाति |
| २ | चैते दशै | | | चैत्र महिना | दशमी | हिन्दु |
| ३ | तीज | | | भाद्र | पञ्चमी | हिन्दु महिलाहरु |
| ४ | शिवरात्री | | शिवमन्दीरहरु | फाल्गुण | | हिन्दु |
| ५ | कृष्ण अष्टमी | | | | | |
| ६ | ल्होसार | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | न्वागी | | | भाद्र | | चेपाङ |
| | | | | | | |

श्रोतः– गाउँपालिका २०७५

## पर्यटन स्थलहरुको विवरण

पर्यटन यात्रा र मनोरञ्जनसँग सम्बन्धित विषय हो । पहिले मानिसहरु व्यापार र तिर्थयात्राका क्रममा एक ठाउँबाट अर्को ठाउँको यात्रा गर्दथे । पछि यात्रालाई पनि व्यवसायीकरण गरियो र यसैलाई पर्यटनका रुपमा लिन थालियो । यस व्यवसायलाई एक महत्वपूर्ण आर्थिक गतिविधिको माध्यम पनि मान्न थालिएको पाईन्छ । यसले गर्दा पर्यटन शब्दको अर्थ पनि व्यापक र बृहत्तर हुँदै गयो । पर्यटनलाई महत्वपूर्ण आर्थिक गतिविधिको माध्यम तथा व्यवसायका रुपमा लिन थाले पछि यसलाई मनोरञ्जनका लागि र धर्मकर्म गर्न घुम्ने अर्थमा लिन थालियो । यसलाई व्यवसायीकरण गरेमा यसले उद्योगको रुप अवश्य नै लिनेछ । यसर्थ हाल आएर पर्यटन लाई पनि एक प्रकारको उद्योग मानिन्छ ।

पर्यटन के हो भन्ने प्रश्नमा, कुनै विदेशीका क्रियाकलापहरु जस्तै कुनै निश्चित देश भित्र पस्ने, रहने, हिडडुल गर्ने कार्यका साथै आर्थिक गतिविधिसँग सम्बन्धित विषय बस्तुलाई पर्यटन भन्ने गरिएको छ । यहाँ यात्रा गर्ने व्यक्तिलाई विदेशी भनिएको छ । तर कुनै व्यक्ति आफ्नै देशभित्र यात्रा गर्दछ भने पनि ऊ पर्यटक मानिन्छ । यसको मतलव कुनैपनि यात्रीको अर्को देशको यात्रा मात्र पर्यटन हो भन्न मिल्दैन । आफ्नै देश भित्रका विभिन्न स्थानहरुको यात्रा गर्ने व्यक्तिलाई पर्यटक मानिन्छ तर उसबाट आर्थिक गतिविधि भएको र यााात्राका शिलशिलामा केही रकम खर्च गरेको हुनु पर्दछ । यता पर्यटन आर्थिक पक्षसँग गाँसिएको विषय वस्तु रहेकोले व्यक्तिले वा यात्रीले आफ्नो यात्राको क्रममा पैसा खर्च गरेन भने त्यसलाई पर्यटन मान्न सकिन्न । यसरी पर्यटन र पर्यटक आन्तरिक र बाहृय दुवै प्रकारका हुन्छन् । आफ्नै देशमा घुमफिर गर्ने आन्तरिक र अर्को देशको भ्रमण गर्ने लाई बाह्य पर्यटक भन्ने गरिन्छ ।

पर्यटकको चाहना र उसको घुमफिर गर्ने उद्देश्य अनुसार पर्यटन विभिन्न प्रकारका हुन्छन् । पर्यटकहरु विविध गतिविधिहरु जस्तो मनोरञ्जन गर्न, आराम गर्न, खेलकुद खेल्न, औषधी उपचार गर्न एक ठाउँबाट अर्को ठाउँको भ्रमणमा निस्कन्छन् । पर्यटन र पर्यटकलाई नयाँ ठाउँको खोजी गर्ने (Explore), स्थानीय मानिसको घरमा गएर बस्दे (Elite), छुट्टीको समयमा कतै अलग्गै स्थानमा बस्ने (Offbeat), अनौठो उद्देश्य लिएर भ्रमणमा निस्किने (unusual), समुहमा हिड्न रुचाउने (Incipient Mass), प्याकेजटुरका रुपमा निस्कने

(Mass), आराम र मनोरञ्जनका लागि सामूहिक यात्रा गर्ने (Charter) गरी विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ ।

माथि वर्गित पर्यटनका विभिन्न प्रकारहरु पर्यटनको यात्रा गर्ने उद्देश्यसँग सम्बन्धित छन् । पर्यटकहरुका इच्छा अनगिन्ती हुने हुँदा, अनगिन्ती प्रकारका विषय वस्तु हेर्न, बुझ्न र त्यसबाट आनन्द लिनका लागि पर्यटकहरु भ्रमणमा निस्कने गर्दछन् । त्यसकारणले पर्यटन प्रवर्धन गर्नका लागि सरकार र अन्य निकायहरुले पर्यटकको रुचि अनुसारको पर्यटन व्यवस्थापन गर्न र त्यसैबाट स्वदेशी र विदेशी मुद्रा आर्जन गर्न सक्ने वातावरण श्रृजना गर्नुपर्छ । अति नराम्रा मरुभूमीमा देखि लिएर सुन्दर स्थलहरुमा पर्यटक पुग्न सक्छन् । तसर्थ यस्ता वि स्थलहरु पर्यटनका हिसावबाट महत्वपूर्ण मानिन्छन् । कुनै पनि स्थानमा गरिने यात्रा उद्देश्य अनुरुप विभिन्न प्रकारको पर्यटन हुन सक्दछ । जस्तो तीर्थयात्रा गर्ने व्यक्ति सांस्कृतिक पर्यटक वा विदा मनाउने पनि हुन सक्छ भने साहसिक पर्यटक कुनै अवस्थामा सांस्कृतिक पर्यटक पनि बन्न सक्छ ।

यस रोराङ गाउँपालिका ठूलो पर्यटकीय क्षेत्रको सम्भावना बोकेको गाउँपालिकामा हो । यहाँ साहसिक जलयात्रा, जैविक र भौगोलिक विविधता, तथा नेपालका अति पिछडिएका चेपाङ्ग जातीहरुको सामाजिक, सांस्कृतिक तथा भाषिक विविधता जस्ता पक्षहरुको उजागर गर्न सकेमा पर्यटनका माध्यमबाट यस गाउँपालिकाको कायापलट हुने प्रचुर सम्भावना छ ।

# परिच्छेद तीन

# खण्ड –१

# आधारभूत तथ्याङ्क विश्लेषण

## जनसंख्याको विवरण

नेपालको प्रदेश नं. ३ मा पर्ने धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिकाको जनसंख्या ३३०२९ रहेको छ । जसमा महिलाहरुको संख्या १६२१३, पुरुषहरुको संख्या १६८०२ र तेश्रो लिङ्गीको संख्या ११ रहेको छ । वि.स. २०६८ सालको जनगणना अनुसार जम्मा ३१४७५ जनसंख्या मध्ये महिला जनसंख्या १५८२३ र पुरुष जनसंख्या १५६५२ रहेको देखिन्छ । संख्यागत रुपमा विगत ७ वर्षको अन्तरालमा यस गाउँपालिकाको जनसंख्या १५५४ जनाले बढोत्तरी भएको देखिन्छ । यसरी हेर्दा ७ वर्षको अवधिमा यस गाउँपालिकाको जनसंख्यामा खासै बृद्धि देखिदैन । २०७२ सालमा नेपालमा गएको महाभूकम्पको प्रभाव यस जिल्ला र गाउँपालिकामा पनि परेकाले र  शिक्षा, स्वास्थ्य र रोजगारको खोजिमा आफ्नो ठाउँ छोडी  अन्यत्र अवसरको लागि थुप्रै मानिसहरु पलायन भएको कारणले गर्दा पनि यस गाउँपालिकाको जनसंख्यामा खासै वृद्धि भएको पाइदैन । यसको थप तुलनात्मक विवरण देहायको तालिकामा देखाइएको छ ।

**तालिका ५: वडा र लिङ्ग अनुसार जनसांख्यिक विवरण**

| वडा नं. | लिङ्ग २०७५ | | | | घर परिवार संख्या | लिङ्ग २०६८ | | | | घर परिवार संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | | पुरुष | महिला | तेश्रो लिङ्गी | जम्मा | |
| १ | १३११ | १२६३ | २ | २५७६ | ३७५ | १०९६ | १११७ | – | २२१३ | ३९४ |
| २ | २६६२ | २५५१ | १ | ५२१४ | ८४८ | २३१२ | २२९९ | – | ४६११ | ८४९ |
| ३ | १८०७ | १७५७ | १ | ३५६५ | ७१४ | २००२ | १८९३ | – | ३८९५ | ८८४ |
| ४ | १३७६ | १३३१ | १ | २७०८ | ४९१ | १२०५ | १२४७ | – | २४५२ | ४७४ |
| ५ | १७६० | १६९७ | ३ | ३४६० | ६७९ | १६४७ | १७२३ | – | ३३७० | ७६५ |
| ६ | १२७९ | १२११ | – | २४९० | ४२६ | ११३१ | ११६८ | – | २२९९ | ४१८ |
| ७ | १२८८ | १२२९ | १ | २५१८ | ४५७ | १२१७ | १२६२ | – | २४७९ | ५१८ |
| ८ | १२१० | ११८९ | – | २३९९ | ४१५ | १२०० | १२१२ | – | २४१२ | ४२५ |
| ९ | १७०३ | १६५२ | २ | ३३५७ | ६२९ | १५९९ | १६२४ | – | ३२२३ | ६३१ |
मानिसमा भएको शैक्षिक स्तरले ति व्यक्तिहरुको जिवन स्तरमा प्रभाव पार्दछ । जुन व्यक्ति शिक्षित छ उसको जिवनस्तर उच्च हुन्छ। विविध कारणले गर्दा शिक्षाको उज्यालो नपाएका वा शिक्षाको अवसरबाट बञ्चित भएकाहरुको जीवनस्तर पनि निम्न स्तरको हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । यदाकदा अपवादको रुप देखि बाहेक शिक्षाले मानिसको सम्पूर्ण पक्षहरु जस्तै स्वास्थ्य, रहनसहन, बानी व्यहोरा सबै पक्षमा सहज वातावरण थपेको हुन्छ । शिक्षा नलिएकाहरुको जीवन अन्धकारमय हुन्छ ।

यस अध्ययनको क्रममा यस वेनीघाट रोराङ गाउँपालिकामा घरधुरी सर्वेक्षणका क्रममा ५ वर्ष भन्दा माथिका उमेर समूहमा शिक्षाको अवस्था अर्थात उर्तिण गरेको सबैभन्दा माथिल्लो तहका बारेमा प्रत्येक व्यक्तिका बारेमा प्रश्न सोधिएको थियो । त्यस अनुसार यस गाउँपालिकामा निम्नानुसारको शैक्षिक अवस्थाको विवरण देखिएको छ ।

### तालिका २२: वेनीघाट रोराङ गाउँपालिका शैक्षिक अवस्था

| क्र.स. | शैक्षिक स्तर | जम्मा |
|---|---|---|
| १ | पुर्वप्राथमिक | ६५१९ |
| २ | आधारभूत तह | ७०८१ |
| ३ | माध्यमिक तह | ४१९० |
| ४ | स्नातक तह | ११२७ |
| ५ | स्नातकोत्तर तह वा सोभन्दा माथि | ३२२ |
| ६ | प्राविधिक तह ( एस. एल. सि) | ३४६ |
| ७ | साक्षर | ४९६६ |
| ८ | निरक्षर | ४४९३ |

श्रोत : स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार यस वेनीघाट रोराङ गाउँपालिकामा विद्यालय जाने उमेर समूह अन्तर्गत हेर्दा ८७.९३% जनता साक्षर रहेको आंकडाले देखाउँछ । यस माथिको तालिकामा पूर्व प्राथमिक र आधारभूत शिक्षा मा मात्र १३६०० जनसंख्याले सो तह पूर्ण रुपमा पास गरेको भन्ने तथ्यांकमा देखिन्छ । घरधुरी सर्वेक्षणका क्रममा आफूले अध्ययन गरेको सबैभन्दा माथिल्लो तह जुन पास गरेको थियो । छ भन्नेलाई आधार बनाएर लिइएको तथ्यांक हो ।

यसैगरी वडागत रुपमा हेर्दा यस वेनीघाट रोराङ गाउँपालिकाको शिक्षाको अवस्था निम्नानुसारको देखिन्छ ।

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| १ | पुर्वप्राथमिक | ५४२ |
| | आधारभूत तह | ५३९ |
| | माध्यमिक तह | १५३ |
| | स्नातक तह | १४ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ४ |
| | प्राविधिक तह ( एस. एल. सि) | १ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ४३२ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ५६१ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| २ | पूर्वप्राथमिक | २४४६ |
| | आधारभूत तह | ६५५ |
| | माध्यमिक तह | ४०४ |
| | स्नातक तह | १४० |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ४३ |
| | प्राविधिक तह ( एस. एल. सि) | ६ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ५४३ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ३०३ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ३ | पूर्वप्राथमिक | ८०७ |
| | आधारभूत तह | ८९३ |
| | माध्यमिक तह | ६०३ |
| | स्नातक तह | २४५ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ४८ |
| | प्राविधिक तह ( एस. एल. सि) | ८ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ३११ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ३०१ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ४ | पूर्वप्राथमिक | ३७९ |
| | आधारभूत तह | ८९८ |
| | माध्यमिक तह | ४७१ |
| | स्नातक तह | ६३ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | १३ |
| | प्राविधिक तह ( एस. एल. सि) | ३ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ३९७ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | २०४ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ५ | पूर्वप्राथमिक | ५२० |
| | आधारभूत तह | ७२० |
| | माध्यमिक तह | ७९३ |
| | स्नातक तह | ९१ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ६७ |
| | प्राविधिक तह ( एस. एल. सि) | २० |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | १९६ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ५११ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ६ | पूर्वप्राथमिक | ६७५ |
| | आधारभूत तह | ३८० |
| | माध्यमिक तह | २२८ |
| | स्नातक तह | १५३ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ३९ |
| | प्राविधिक तह ( एस. एल. सि) | २ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | २६७ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ४०२ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ७ | पूर्वप्राथमिक | २३६ |
| | आधारभूत तह | ५६१ |
| | माध्यमिक तह | ३५० |
| | स्नातक तह | २५९ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ४१ |
| | प्राविधिक तह ( एस. एल. सि) | ८० |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ५२५ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | २८० |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ८ | पूर्वप्राथमिक | १३५ |
| | आधारभूत तह | ८६७ |
| | माध्यमिक तह | २५१ |
| | स्नातक तह | २० |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ४ |
| | प्राविधिक तह ( एस. एल. सि) | २० |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ३४१ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ४३३ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| ९ | पूर्वप्राथमिक | ५५६ |
| | आधारभूत तह | ६३९ |
| | माध्यमिक तह | ६६१ |
| | स्नातक तह | १०३ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | २५ |
| | प्राविधिक तह ( एस. एल. सि) | १५ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | ४२३ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ५०४ |

| वडा नं. | शैक्षिकस्तर | जम्मा |
|---|---|---|
| १० | पूर्वप्राथमिक | २२३ |
| | आधारभूत तह | ९२९ |
| | माध्यमिक तह | २७६ |
| | स्नातक तह | ३९ |
| | स्नातकोत्तर तह वा सोभन्दा माथि | ३८ |
| | प्राविधिक तह ( एस. एल. सि) | १९१ |
| | साधारण लेखपढ् गर्न सक्ने/साक्षर | १५३१ |
| | लेखपढ् गर्न नसक्ने/साक्षरनिरक्षर | ९९४ |

श्रोत : स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा हेर्दा यस गाउँपालिकामा शिक्षाको अवस्था राम्रो देखिए पनि प्राविधिक शिक्षा तर्फ त्यति चासो रहेको देखिदैन । वडा नं. १० मा मात्र १९१ जनाले प्राविधिक ज्ञानका विषयहरु जस्तै : CMA, JTA, JT, पशु चिकित्सक जस्ता प्रावधिक ज्ञानका विषयहरु पढेको देखिन्छ । यस गाउँपालिकामा ८७.९३% मानिसहरु साक्षर रहेको यस अध्ययनका क्रममा देखिन्छ ।

## गाउँपालिकाका आधारभूत सेवाहरुको अवस्था

नेपाल सरकार स्थानीय स्वायत्ता शासन ऐन अनुसार गाउँपालिका, नगरपालिका वा अन्य सरकारी संयन्त्र भित्रका सेवा प्रदायक निकायहरुले स्थानीय सेवाग्राही जनताहरुलाई सेवा सुविधा स्थानीय स्तरमै छिटो छरितो ढंगबाट प्राप्त गराउने  उद्देश्य राखेर विकेन्द्रीकरण लागू गरेको छ । स्थानीय स्तरमा सरकारी कार्यालयहरुमा छिटो छरितो ढंगबाट सेवा प्रवाह होस् भन्ने उद्देश्यका साथ सो सेवाका लागि लाग्ने समय पनि पहिला नै निर्धारित भएको वडापत्रहरु प्रत्येक निकायमा सबैले देख्न र पढ्न सक्ने अवस्थामा राखिनु पर्छ । सो कार्यालयको सूचना पाटी तथा अन्य जनसरोकारका विषयहरु पनि सार्वजनिक रुपमा स्प्रष्ट र दुरुस्त हुनुपर्छ भन्ने नियमावलीमा उल्लेख छ । हामीलाई थाहै छ नेपालमा बाटोघाटो, पुलपुलेसाहरु भौगोलिक विकटताको कारणले निर्माण हुन सकेका छैनन् । नेपाली जनताहरु सरकारका स्थानीय निकायहरुबाट लिनु पर्ने सेवा सुविधाहरुबाट अझ पनि बन्चित भै रहेका छन् । तथापि बाटोघाटो र भौगोलिक विकटताका हिसावले हेर्दा नेपाल सरकारको स्वास्थ्य नीति अनुसार प्रत्येक नेपालीले नेपाल सरकारको स्वास्थ्य सेवा ३० मिनेट भित्रकै सेवा प्रवाह तथा पहुचको अवस्थालाई मध्यनजरमा राखेर बनाउँछ

। गाउँपालिका भित्र पनि यस्ता विभिन्न जनसरोकारसँग सम्वन्धित कार्यालय स्थानीय स्तरमा सबैलाई समानरुपमा पहुँच हुने स्थानमा रहनुपर्छ भन्ने मान्यता छ । नेपाल सरकारका यस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरुमा स्थानीय स्तरमा पहुँचको अवस्था कस्तो छ ? यसले कस्तो खालको प्रभाव पर्छ ? भनेर विभिन्न समयमा स्थानीय स्तरमा चासो, संवाद र सरोकार राखिन्छ । यिनै कुराहरुलाई मध्यनजर राख्दै यस गाउँपालिकामा जनताहरुको स्थानीय निकाय वा दैनिक आवत जावत गर्नुपर्ने स्थानहरुमा पहुँचको अवस्था कस्तो छ भनेर अध्ययन गरिएको थियो । यस क्रममा स्थानीय स्तरमा बढी चलन चल्तिमा भएको वा सबै जनाले प्रयोग गर्ने साधन वा हिडेर लाग्ने समयलाई लिइएको थियो । जसलाई निम्न तालिकामा विस्तृत रुपमा देखाइएको छ ।

**तालिका २३: स्थानीय तहका कार्यालय र निकायमा पहुँचको अवस्था**

| क्र.स. | विवरण | १५ मिनेट भन्दा कम | १५ देखि ३० मि. सम्म | ३० मि.देखि १ घण्टा सम्म | १ घण्टा भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय | ९१२ | १०२३ | १२७६ | २६४३ | **५८५४** |
| २ | गाउँपालिका कार्यालय | १३५ | ९२३ | ८६७ | ३९२९ | **५८५४** |
| ३ | स्वास्थ्य चौकी | ८०३ | ९९१ | ९५१ | ३१०९ | **५८५४** |
| ४ | प्रहरी चौकी | ५७८ | ८५० | ७५५ | ३६७१ | **५८५४** |
| ५ | बैंक | ७४३ | ७११ | ६२६ | ३७७४ | **५८५४** |
| ६ | आधारभूत विद्यालय कक्षा १ देखि ८ सम्म | ९७२ | १३४४ | १३९८ | २१४० | **५८५४** |
| ७ | माध्यामिक विद्यालय | ७३३ | ११५५ | ११३८ | २८२८ | **५८५४** |
| ८ | क्याम्पस (१२ कक्षा देखि माथि) | ३०७ | १२३३ | ७३२ | ३५८२ | **५८५४** |
| ९ | सहकारी संस्था | ८५५ | ८६० | ६६७ | ३५०२ | **५८५४** |
| १० | स्थानीय बजार | ११५९ | ९८० | ८८८ | २८२७ | **५८५४** |

श्रोत: पार्श्वचित्र–२०७५

माथिको तालिकाका अनुसार स्थानीय स्तरका सरकारी निकायहरुमा सेवाग्राहीहरुको पहुँचको स्तर हेर्दा त्यस गाउँपालिकामा प्रायजसो सबैले पैदल हिडेर पुग्ने समयलाई आधार बनाएर हेर्दा स्वास्थ्य संस्थामा त्यस गाउँपालिकाका २९०४ घर परिवारहरु १ घण्टा भन्दाबढी दुरीमा रहेका देखिन्छन भने ८०३ परिवारले १५ मिनेट दुरीमा स्वास्थ्य संस्था पुग्ने गर्दा रहेछन् भन्ने कुरा देखिन्छ । यसैगरी आधारभूत विद्यालयमा १५ मिनेट भित्रमा ९७२ घर धुरीका केटा केटी विद्यालय पुग्ने गर्दछन् भने १३९८ घरधुरी ३० मिनेट देखि ६० मिनेट अर्थात १ घण्टामा पुग्दा रहेछन् भने १ घण्टा भन्दा बढी समय लाग्ने घरपरिवारहरु १८६९ संख्यामा देखिन्छन् ।

## दक्ष जनशक्तिको अवस्था

सीप विकास र सीपमूलक तालिम प्राप्त जनशक्तिले कुनैपनि कार्य गर्दा पुर्णतया सहि र दीर्घकालिन सोचको भावानाले कार्य सम्पन्न गर्न सक्छन् । अर्धदक्ष र अदक्ष कामदारबाट भएका कार्यहरु निपूर्ण व्यक्ति वा दक्ष तालिम प्राप्त गरेका व्यक्तिबाट भएको काम भन्दा निम्न गुणस्तरको र दीर्घकालिन सोचको अभावले गर्दा त्यसले लामो समयसम्म काम नगर्ने वा टिक्ने नहुन सक्छ । त्यसैले व्यवसायिक कार्यहरु, व्यवसायिक सीप सिकेका तालिम प्राप्त व्यक्तिले गर्नुपर्छ र गराउनु पर्छ भन्ने मान्यता सर्वत्र कायम छ । त्यसैले यस गाउँपालिकामा विभिन्न विधामा व्यवसायिक सीप दक्ष श्रम शक्ति कति छन् भन्ने कुरा गाउँपालिकाको लागि महत्वपूर्ण हुन जान्छ । गाउँपालिकाले आफूसँग भएको त्यस्ता दक्ष व्यवसायिक सिप युक्त मानव संसाधनलाई व्यवस्थित तरिकाबाट उपयोगमा ल्याउनु पर्छ भन्ने आजको आवश्यकता पनि हो । व्यवसायिक सीप युक्त मानव श्रम शक्तिले आफू दक्ष रुपमा आफ्नो मात्र क्षेत्रमा काम गर्ने होइन कि यसले उसको श्रम बजार व्यापक बन्न जान्छ । उसको सीप र दक्षताले गर्दा तथा तालिम प्राप्त जनशक्ति भएको कारणले गर्दा श्रम बजार उसका लागि सहज हुन्छ, प्रतिस्पर्धात्मक हुँदैन ।

यस वेनीघाट रोराङ गाउँपालिकामा यस आर्थिक वर्ष भित्र कति जना व्यवसायिक तालिम प्राप्त व्यक्ति रहेछन् भनेर तथ्याङ्क संकलन गरिएको थियो । विभिन्न व्यवसायिक शिर्षकहरुमा कति जना महिला र कति जना पुरुषहरुले तालिम लिएका रहेछन् भन्ने आंकडा वडा अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका २४: वडा अनुसार व्यवसायिक तालिम प्राप्त जनशक्तिको विवरण

| वडा नं. | डकर्मी | | सिकर्मी | | सिलाइ बुनाई | | मेकानीक | | कम्प्युटर | | विद्युत जडात | | कृषि तथा जेटीए | | पशु पालन | | ड्राइभिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | प | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | ० | ८ | ० | २ | ६ | ० | १ | ० | १ | ० | ० | २ | ४ | ४ | १ | ५ | ० | २ | ३६ |
| २ | ३ | १२१ | ८ | ६३ | २५ | ६ | ० | १ | १० | २ | १ | १५ | ३ | ७ | ३ | ४ | २ | १८ | २९२ |
| ३ | ० | ४४ | ० | २ | १२ | ३ | १ | ४ | ४ | २ | ० | ४ | ६ | ४ | ३ | ३ | १ | ५३ | १४६ |
| ४ | ४ | ३७ | ० | ६ | २४ | १ | १ | १ | १० | ५ | ० | १२ | ४ | ६ | ४ | ८ | ० | ३२ | १५५ |
| ५ | १ | २८ | ३ | १४ | २८ | ७ | १ | ३ | २६ | ३६ | १ | ३२ | १० | १८ | ५ | १४ | १ | ८८ | ३१६ |
| ६ | ३ | ४५ | ० | ८ | ३ | ० | ० | २ | १ | २ | ० | ३ | ५ | २४ | ० | १३ | १ | ७ | ११७ |
| ७ | ० | ५५ | ० | ४३ | ७ | १ | ० | ० | १ | २ | ० | ० | ३ | ७ | १ | २ | २ | ३८ | १६२ |
| ८ | २५ | ४२ | ० | १६ | ७ | ० | ० | ० | ० | २ | ० | ५ | २ | ५ | ५ | २ | ० | १८ | १२९ |
| ९ | १ | ४९ | २ | २७ | २८ | ७ | ० | ३ | १२ | २२ | ० | ६ | १ | ५ | १ | ३ | ० | ४५ | २१२ |
| १० | ० | ५४ | ३ | २६ | १९ | ४ | १ | ३ | ३ | १० | १ | १७ | १४ | १७ | १ | १ | ० | ६० | २३४ |

श्रोतः स्थलगत अध्ययन–२०७५

यसरी हेर्दा माथिको तालिकामा भए अनुसार यस वेनीघाट रोराङ गाउँपालिकामा सबै भन्दा बढी विभिन्न व्यवसायिक सीपयुक्त जनशक्ति वडा नं. ५ मा ३१६ रहेको देखिन्छ भने, सवैभन्दा कम जनशक्ति वडा नं. १ मा मात्र ३६ जना रहेको देखिन्छ ।

वेनीघाट रोराङ गाउँपालिकामा विभिन्न संघसंस्था तथा गाउँस्तरमा कार्यरत रहेका सामूदायिक कार्यालयहरुले गाउँपालिका अन्तर्गत विभिन्न किसिमका सूचनामूलक तालिम गोष्ठी संञ्चालन गर्ने गर्दछन् । यस्ता खालका तालिम र गोष्ठीहरुले दीर्घकालिन रुपमा विकास निर्माण, नेतृत्व क्षमता, शिक्षा, स्वास्थ्य तथा अन्य सामूदायिक कृयाकलाप प्रति गहकिलो छाप छोड्न सक्छ । जसका कारणले गाउँपालिका अन्तर्गत भएका स्वास्थ्य, शिक्षा जस्ता कुराहरुमा आम जनसमूदायलाई सकरात्मक सोच तथा पिछडीएको वर्गको उत्थान गर्न महत्वपूर्ण भूमिका हुन्छ । यस वेनीघाट रोराङ गाउँपालिका अन्तगर्त यसका १० वटै वडाहरुमा सूचना मूलक तालिम प्राप्त जनशक्तिको विवरण कस्तो छ भन्ने बारेको तथ्याङ्ग महत्वपूर्ण हुन जान्छ । सूचना मूलक विभिन्न खालका तालिम मध्ये हाल दीर्घकालिन रुपमा प्रभाव छोड्न सफल तालिमका शिर्षकहरुमा आधारित भएर लिइएको तथ्याङ्कलाई निम्न तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

## तालिका २५ : वडा अनुसार व्यवसायिक तालिम प्राप्त जनशक्तिको विवरण

| वडा नं. | स्वास्थ्य सम्वन्धि तालिम | | लैङ्गिक विकास | | खानेपानी तथा सरसफाई | | नेतृत्व विकास | | बचत तथ ऋण | | सीप विकास सम्वन्धि | | वन व्यवस्था पन सम्वन्धि | | विभिन्न उपभोक्ता तालिम | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ३ | १ | ५ | ४ | १२६ | १०४ | ३ | ३ | ७ | ४ | ५२ | ३३ | १२ | १५ | २४ | २१ | ३ | २ |
| ३ | १ | १ | ११ | ३ | १२ | ६ | ८ | १२ | १४ | १८ | ० | ४ | ५ | १२ | ० | ७ | ० | ० |
| ४ | ० | ० | १ | ० | ३ | ४ | ० | ० | २ | ० | ३ | १ | ५ | ३ | २ | ६ | ० | ० |
| ५ | ० | १ | १ | १ | ३ | ९ | १ | ० | ० | १ | ० | १ | ४ | १५ | ० | ५ | ० | ० |
| ६ | १ | १ | ० | ० | ४ | ३ | ० | ० | २ | २ | ० | ९ | ० | १ | २ | ८ | २ | १६ |
| ७ | ० | १ | ० | ० | १ | १ | ० | ० | ३ | ० | ० | ० | ० | ४ | ८ | ६ | ० | ० |
| ८ | ४ | २ | ० | ० | ९ | १४ | ४ | ४ | ० | ० | ० | २ | ० | ६ | ११ | ३० | ० | २ |
| ९ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ६ | ० | ० | ० | ० |
| १० | १ | ० | ० | ० | १० | १० | ० | ० | २ | १ | २ | ४ | ० | ० | ० | ० | ० | ० |

श्रोत: पार्श्वचित्र–२०७५

माथिको तालिकामा हेर्दा वडा अनुसार सूचनामूलक तालिम प्राप्त जनशक्ति यस वेनीघाट रोराङ गाउँपालिकामा वडा नं. २ मा सबैभन्दा बढी महिला तथा पुरुषहरुले तालिम लिएको देखिन्छ भने वडा नं . १ मा हालसम्म कुनै पनि महिला तथा पुरुषहरुले कुनै पनि प्रकारको तालिम नपाएको कुरा यस अध्ययनका क्रममा पाइएको छ । सूचना मूलक तालिम प्राप्त जनसंख्या नभएको वडाहरुमा वडा नं. १ र ९ मा एकदमै कम मात्र जनसंख्याले यस्तो खालको ट्रेनिङ्ग लिइएको देखिन्छ ।

## परिच्छेद –४

## खण्ड– २

### घरायसी विवरण

घरायसी विवरण घर परिवारसँग सम्वन्धित हुने गर्दछ । घरायसी सरसामान, घरको बनावट, प्रकार तथा अन्य घरमा प्रयोग योग्य वस्तु तथा सरसामानहरुले त्यस घर परिवारमा बस्ने व्यक्तिहरुको अवस्था तथा स्तर पनि निर्धारण गर्छ । नेपाल जीवनस्तर सर्भेक्षरणका अनुसार तथा मानव विकास प्रतिवेदनका सूचांकहरुमा नेपालका कति प्रतिशत व्यक्तिसँग मोवाइल फोन छ । कति प्रतिशत व्यक्तिहरु फुसको छानो भएको घरमा बस्छन् भन्ने बारेको तथ्याङ्कले नेपालीहरुको जीवनस्तर विश्वको जनसांख्यिक अवस्थासँग तुलनात्मक रुपमा व्याख्या र विश्लेषण गर्छ । त्यहि आधारमा हामी विकासमा तथा मानव सूचांकमा कुन स्तरमा छौं भन्ने कुराको मापन पनि गरिन्छ । सुविधा सम्पन्न घरमा बस्ने व्यक्तिहरु धनी हुने र स्वास्थ्यका दृष्ट्रिकोणबाट स्वास्थ्य हुन्छन् भन्ने विभिन्न अध्ययनहरुले देखाएको छ । जस्तो नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ मा नेपालमा घरको बनावटका हिसावले हेर्दा माटोले लिपेको घरमा बसोवास गर्ने व्यक्तिहरुमा विभिन्न खालका स्वास्थ्य समस्याहरु देखिने, रोगव्याधिका विभिन्न प्रकारहरु सामना गर्ने गर्दछन् भन्ने प्रतिवेदनमा उल्लेख छ । अव्यवस्थित घरमा रहने घरपरिवारका व्यक्तिहरुमा सरसफाइ गर्नुपर्छ भन्ने चेतनाको विकास पनि भएको पाइदैन । त्यसको तुलनामा व्यवस्थित बसाइको तथा घरको निर्माणले सरसफाई लगायत अन्य घरायसी सुविधा, बाटोघाटो, शिक्षा स्वास्थ्य, खानेपानी लगायतका विकासका पूर्वाधारहरुको पनि निर्माण तथा सेवा विस्तार गर्न सहज र सरल हुने गर्दछ । अव्यवस्थित बसोबासले, स्वास्थ्य, सरसफाइ जस्ता कुराहरुमा सरल र सहज ढंगबाट व्यवस्थित तथा स्वास्थ्य बनाउन कठीनाइ उत्पन्न गराउँछ । जस्तो कुनै घरमा एकैठाउँमा पशुपंक्षि पाल्ने, व्यवस्थित शौचालयको निर्माण नहुने हुँदा खुल्ला दिशा पिसाब गर्ने परिपाटी पाईन्छ जसले गर्दा रोगव्याधिका विभिन्न प्रकोपहरु आउने गर्दछन् । आफू सुत्ने वा घरायसी बसोबास भन्दा छुट्टै पशुपंक्षि बाध्ने र शौचालयको छुट्टै तथा व्यवस्थित निर्माण हुने हो भने मानव स्वास्थ्यमा एकदमै राम्रो सकारात्मक प्रभाव पर्छ । त्यसैगरी व्यवस्थित रुपमा दैनिक उपभोग्य खानेपानीको श्रोत तथा त्यसको सम्मूचित सरसफाइ सहितको व्यवस्था भए र गर्न सकेको खण्डमा मानव शरिरमा हुने विभिन्न प्रकारका रोग व्याधिको आधा भन्दा बढी प्रकोपबाट मुक्ति पाइन्छ । यसरी आफू र परिवारलाई सुरक्षित राख्न सकिन्छ । त्यसैले समग्रमा भन्दा मानव बसोबासले तथा घरायसी प्रयोगमा आउने, प्रयोजनमा हुने सरसामग्री तथा

अचल बनावटहरुले मानवको स्वास्थ्यमा तथा उसको जीवन स्तरमा प्रभाव पार्ने गरेको विभिन्न अध्ययन अनुसन्धानको प्रतिवेदनले देखाएको छ ।

धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिकामा मानिसहरुका घरको बनावटहरु विभिन्न प्रकारका पाइएका छन् । यस स्थलगत अध्ययनका क्रममा यस गाउँपालिकामा वडा अनुसार घरको छानोको बनावटका आधारमा देहाय बमोजिमको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६: वडा अनुसार घरको छानोको विवरण**

| वडा नं. | फुसको छानो भएको | टायल, झिंगटी वा स्लेट छानो भएको | जस्ता पाताको छानो | ढलान भएको |
|---|---|---|---|---|
| १ | ७३ | ७ | २८६ | ९ |
| २ | १९४ | ९३ | ५४४ | १७ |
| ३ | ११९ | ६९ | ४१० | ११६ |
| ४ | १५ | १६ | ४२१ | ३९ |
| ५ | ७७ | ८९ | ४७५ | ३८ |
| ६ | ९० | ३१ | २९८ | ७ |
| ७ | ९ | ७ | ३४० | १०१ |
| ८ | ८७ | ९ | ३०५ | १४ |
| ९ | २० | १६ | ४२७ | १६६ |
| १० | ६० | १३ | ६९२ | ५५ |
| **जम्मा** | **७४४** | **३५०** | **४१९८** | **५६२** |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार वेनीघाट रोराङ गाउँपालिका अर्न्तगतका वडाहरुमा बसोबास गर्ने मानिसहरुका घरका छानोको प्रकार हेर्दा जस्तापाताले छाएका घरहरुको संख्या उल्लेखनीय रहेको देखिन्छ भने ढलान भएका अर्थात पक्की कंक्रिटले (सिमेन्टीले) बनेका घरको संख्या ५६२ देखिन्छ । स्लेट अर्थात ढुङ्गा वा माटोको पातलो आकार बनाई ईटा बनाए जस्तो गरेर बनाइएका घरहरु ३५० वटा तथ्याङ्कमा देखिन्छ ।

यसै गरी अव्यवस्थित भएमा मानव स्वास्थ्यमा प्रत्यक्ष असर पुऱ्याउने मानवबाट नै निस्किने दिशा पिसाबले विभिन्न किसिमका महामारी रोगहरु निम्त्याउने गर्दछ । त्यसैले विगतका वर्षहरुबाट नेपाल सरकारले खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान नै विभिन्न दाताहरुको सहयोगमा संञ्चालनमा पनि ल्याएको छ । यस गाउँपालिकाले पनि २०७२ सालको भूकम्प जानुभन्दा अगाडी नै आफ्नो क्षेत्रलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरे पनि भूकम्प पश्चात केही स्थानहरुमा शौचालयहरु भत्कीएको कारणले गर्दा पूर्न निर्माण नभएको देखिन्छ । शौचालयको व्यवस्थापनले जनस्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रभाव पार्छ । दिशाबाट मानिसहरुमा हैजा, आउँ तथा अन्य विभिन्न प्रकारका रोगहरु फैलिने गर्दछन् भने यसको उचित व्यवस्थापन नगरीएको खण्डमा, जलवायू र जमिन प्रदुषण हुनेगर्दछ । तसर्थ शौचालयको व्यवस्थालाई पनि गाउँपालिकाहरुले महत्वपूर्ण सूचांकको रुपमा लिने गरेका छन् । वेनीघाट रोराङ गाउँपालिका पनि बिकासको खुड्किलोमा उक्लदै गर्दा र केही वडाहरु शहरीकृत वडामा उन्मुख भै रहेको अवस्थामा पनि यस गाउँपालिकाका केही वडाका र केही परिवारहरु अझ पनि खुल्ला दिशामुक्त हुन नसकि रहेको अवस्था यस स्थलगत अध्ययनका क्रममा देखिन्छ । यस अध्ययनमा यस गाउँपालिकामा शौचालयको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २७: वडा अनुसार शौचालयको विवरण**

| वडा नं. | पक्का शौचालय | बायो ग्यासमा जडान शौचालय | ढल प्रणालिमा जडान शौचालय | सेफ्टी टंकिमा जडान शौचालय | कच्चि नसुधारिएको शौचालय | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| १ | ३ | ३ | ० | २६७ | ४० | ६२ |
| २ | ५५ | ४ | ० | ३८८ | २२३ | १७८ |
| ३ | ६०० | ३ | ० | ८ | ६१ | ४२ |
| ४ | ३१६ | १ | ० | ८८ | ३९ | ४७ |
| ५ | ४२६ | २ | ० | १३१ | ८० | ४० |
| ६ | २९१ | ० | ० | ११ | ८५ | ३९ |
| ७ | ३२९ | १ | ० | ९ | ९८ | २० |
| ८ | १२९ | ० | ० | १०७ | १२० | ५९ |
| ९ | २६२ | १० | ० | २१३ | ९३ | ५१ |
| १० | २५६ | ५ | ० | २७२ | १७५ | ११२ |
| **जम्मा** | **२६६७** | **२९** | **०** | **१४९४** | **१०१४** | **६५०** |

श्रोत: स्थलगत पार्श्वचित्र –२०७५

माथिको तालिकामा हेर्दा यस गाउँपालिकामा स्वास्थ्यका दृष्ट्रिकोणबाट हेर्ने हो भने अझ पनि शौचालयको अवस्थामा सुधार हुन सकिरहेको देखिदैन । यसले दुरगामी रुपमा मानव स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने कुरालाई नर्कान सकिदैन । यस गाउँपालिकामा अझ पनि विभिन्न १० वटै वडाको अवस्था समग्रमा हेर्दा ६५० परिवारहरु शौचालय विहिन घर परिवारका सदस्यहरु नै रहेका छन् । यसरी नै कच्चि अर्थात नसुधारिएको शौचालय अर्थात मानव स्वास्थ्यमा असर गर्ने खालको शौचालय जसमा दिशा पिसाब खाल्डोमा जाने भए पनि खुल्ला भएको कारणले यसले मानव स्वास्थ्यमा असर पुऱ्याउने गर्दछ । यसबाट दुर्गन्ध वातावरणमा जाने हुँदा यो स्वास्थ्यको दृष्ट्रिकोणबाट उपयुक्त मानिँदैन । पक्कि, बायोग्याँस तथा सेफ्टी टंकी जडान भएको शौचालयमा Water seal हुने र त्यसको दुर्गन्ध तथा झिंगा र अन्य संक्रमण सार्ने भुसुनाहरु त्यहाँ जान नपाउने हुँदा यो स्वास्थ्यको दृष्ट्रिकोणबाट उपयुक्त हुने गर्दछ । यस गाउँपालिकामा यस्ता प्रकारका शौचालय पनि उल्लेख्य रहेका छन् ।

नेपालको एक अध्ययनको रिपोर्टमा देखाइए बमोजिम ९५% घर परिवारले सुरक्षित खानेपानीको श्रोतमा पहुँच पुगेको बताएको छ । (NDHS-2016) यसरी हेर्दा केही हदसम्म नेपालीहरुको स्वच्छ खानेपानी खान पाउने नैसर्गिक अधिकार प्राप्त गरेको देखिन्छ । तर नेपालको सबै भागमा यस्तो खानेपानीको सुरक्षित पहुँच र व्यवस्था हुन सकेको छैन । तराईमा ट्युवेलको पानी, पहाडमा र हिमाली जिल्लामा अस्थायी पाइप जोडेको पानी स्वस्थ्यकर भए नभएको कुरा परिक्षण गरेर मात्र पत्ता लगाउन सकिन्छ तर सबै ठाउँमा माथिका माध्यमको पानी परिक्षण गरिएको पाइदैन । अन्य विकल्प नभए सम्म मानिसहरुले यस्तो पानी खान बाध्य हुने गर्दछन । यस वेनीघाट रोराङ गाउँपालिकामा रहेको मुख्य खानेपानीको श्रोत तथा योजना रिचोकटार र स्यादुङ आयोजना रहेका छन् । जसबाट करिब २०० भन्दा केहि बढी घरधुरी मात्र लाभान्वित भएको पाईन्छ भने अन्य यहाँको खानेपानीको श्रोतमा अस्थायी धारा, मूलको पानी, खोला, इनार र जरुवाको पानी नै महत्वपूर्ण श्रोतको रुपमा देखिएको रिपोर्ट गाउँपालिका स्तरिय छलफल २०७३ मा उल्लेख छ । यस रिपोर्टमा उल्लेख भए अनुसार धाराको पानी अस्थायी, स्थायी र सार्वजनिक धारो जुन सुरक्षित मानिन्छ त्यसको पानीको श्रोत सम्मको जनसंख्याको पहुँचको प्रतिशत ९०% को हाराहारीमा रहेको देखिन्छ । यस स्थलगत अध्ययनका क्रममा खानेपानीका विभिन्न श्रोतहरु खुलाएर कति घर परिवारको ती विविध खालका श्रोतमा पहुँच छ र उनीहरुले दैनिक घर व्यवहारमा वा घरायसी प्रयोजनमा प्रयोग गर्ने पानीको अवस्था वा गुणस्तर कुन हदको हुन सक्छ भनी तथ्याङ्क लिइएको थियो । यसलाई अझ विस्तृत रुपमा पानीको श्रोत र वडा अनुसार कति घर परिवारले दैनिक उपभोगमा ल्याउने गरेको रहेछन् भन्ने बारे निम्न तालिकामा देखाइएको छ ।

**तालिका २८: वडा अनुसार खानेपानीको श्रोतको विवरण**

| वडा नं. | व्यवस्थित धाराको पानी | अस्थायी पाइप जोडेको पानी | सार्वजनिक धाराको पानी | नदी, कुलो, नहर, पोखरीको पानी | इनार, कुवा, जरुवाको पानी |
|---|---|---|---|---|---|
| १ | ३५ | २७४ | ६ | ५० | १० |
| २ | २०८ | ५५१ | ५ | ४२ | ४२ |
| ३ | ३७३ | २७२ | ४७ | १२ | १० |
| ४ | ७५ | २५४ | १७ | ९ | १३६ |
| ५ | २१७ | २६ | २५० | ६ | १८० |
| ६ | १९४ | ७५ | १० | २३ | १२४ |
| ७ | ३४४ | ९९ | ६ | ७ | १ |
| ८ | १८८ | ९६ | १२६ | १ | ४ |
| ९ | १२८ | २९९ | १४९ | १३ | ४० |
| १० | १५५ | २४१ | ३९१ | ० | ३३ |
| **जम्मा** | **१९१७** | **२१८७** | **१००७** | **१६३** | **५८०** |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार यस गाउँपालिकामा व्यवस्थित धाराको पानी र सार्वजनिक स्टेन्ड पाइपको पानीलाई शुद्ध खानेपानीको श्रोत मानेर हेर्नुपर्ने हुन्छ । यसरी अस्थायी पाइप जोडेको पानी पनि मेन लाइनबाट आफ्नो घरमा ल्याउन सहज र समयको बचत होस् भनी गर्ने गरेको यस स्थलगत अध्ययको क्रममा पाइएको हुँदा यी श्रोतलाई शुद्ध मानेर हेर्दा उल्लेख संख्यामा यस क्षेत्रका बासिन्दाहरुले शुद्ध खानेपानीको श्रोतमा पहुँच पुगेको देखिन्छ । नदी, कुलो, नहर, पोखरीको पानी, इनार, जरुवा कुवाको पानी श्रोत राम्रोसँग व्यवस्थापन नभएको र खुल्ला आकाश मुनी भएको कारणले मुहान फोहर हुन सक्ने भएकोले ती श्रोतलाई शुद्ध नमानिने हुँदा अझ पनि केहि संख्याका घरपरिवाहरु शुद्ध खानेपानीको श्रोतबाट बञ्चित रहेको देखिन्छ ।

## इन्धनको श्रोत

मानव उद्‌विकासको इतिहाँस हेर्दा मानवहरुले पहिले शिकार गरेका वस्तु काँचै खान्थे, पछि उनीहरुले आगो पत्ता लगाए । त्यसपछि शिकार गरेका कुरालाई आगोमा पोलेर खान थाले । स्वाद फरक पर्दै गएपछि मानवमा बुद्धिको विकास हुँदै गयो । उनीहरु पकाएर खान थाले । त्यहि क्रममा हामी आज भोलि स्वादका लागि विभिन्न परिकारहरु पकाउँदै त्यसमा विभिन्न किसिमका स्वाद रहेका मरमसला प्रयोग गर्दछौं र सन्तुष्टि लिने प्रयासमा आजको मानव समुदाय अगाडी बढेको छ । परम्परागत रुपमा आगो बालेर पकाउनका लागि काठ दाउरा तथा हाँगाविगाँहरुका साथै तराइतिर गुइठाको चलन थियो । बिस्तारै पथ्थर कोइलाबाट पनि मानिसहरुले आफ्नो इन्धनका आवश्यकता पुरा गर्दै गए तर हाल अत्याधुनिक युगमा मानिसहरुले शहर बजारमा इन्धनको रुपमा ग्यास, विद्युतिय इन्धनलाई अपनाउन थालेका छन् । हाम्रो ग्रामीण भेग तिर आज भोलि पनि त्यहि दाउरा, काठ, कृषि जन्य उत्पादनका वस्तुहरु गोबर, गुँइठामा नै समाज निर्भर छ । सोलार प्यानल, सोलर हिटर, ग्यास प्रविधिहरु पनि हाम्रो गाउँघर तिर भित्रि सकेका छन् तर सबै ग्रामीण समाजमा यो सहज ढंगबाट उपलब्ध नभैसकेको अवस्था पनि छ ।

यस वेनीघाट रोराङ गाउँपालिकाका मानिसहरुले विभिन्न प्रकारका इन्धनका श्रोतहरुलाई खाना पकाउने इन्धनको रुपमा प्रयोग गर्ने गरेको यस अध्ययन क्रममा देखिएको छ । यस क्षेत्रमा खाना पकाउने इन्धनका रुपमा दाउरा, गोबर, ग्यास, एलपि ग्यास जस्ता इन्धनका श्रोतहरुमा मानिसहरु निर्भर रहेको देखिन्छ । अहिले पनि यहाँका अधिकांश मानिसहरुका घर धूरीमा दाउराकै चलन बढी रहेको तलको तथ्याङ्कले देखाउछ । यस सम्बन्धि थप विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका २९: वडा अनुसार खाना पकाउन प्रयोग हुने श्रोतहरुको विवरण**

| वडा नं. | दाउरा | एल.पि.ग्यास | गोबर ग्यास | दाउरा र एल.पि ग्यास | मट्टितेल | विद्युत | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३५६ | ४ | ३ | १४ | ० | ० | ० | ३७७ |
| २ | ७६१ | २४ | ४ | ५९ | ० | २ | ० | ८५० |
| ३ | २९७ | ३२५ | ७ | ६९ | ३ | ११ | २ | ७१४ |
| ४ | ४२६ | ३१ | १ | २५ | ० | ४ | ४ | ४९१ |
| ५ | २४७ | ३१० | ११ | १०० | १ | १० | ० | ६७९ |
| ६ | ३९५ | १८ | ० | ४ | १ | ३ | ५ | ४२६ |
| ७ | २३८ | २८८ | ३ | २६ | ० | ० | २ | ५५७ |
| ८ | ३५४ | ११ | ० | ४३ | ० | ० | ७ | ४१५ |
| ९ | ४२८ | १६० | १२ | २२ | ० | ० | ७ | ६२९ |
| १० | ६७१ | ९० | ६ | ४४ | ० | ० | ९ | ८२० |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा देखाइए अनुसार सबैभन्दा बढी घर परिवार प्राकृतिक श्रोत वन जङ्गल माथि निर्भर रहेको तथ्यांकले इन्ङ्कित गर्दछ । दुई वटा श्रोतहरु बराबरी जसो प्रयोग गर्नेको संख्या पनि काठ दाउरालाई इन्धनको श्रोत मान्ने हो भने अझ पनि वन जंगलमा गाउँपालिकाका ९०% भन्दा बढी घर परिवार आश्रित देखिन्छ । यस तालिकामा देखाइए अनुसार अन्य श्रोतहरुका रुपमा घरधुरी सर्वेक्षणका क्रममा प्रश्नावलीमा खुलाइएको तथ्याङ्क हेर्ने हो भने कृषिजन्य उत्पादनहरु जस्तै मकैको ढोड, धान, कोदोको नल पराल तथा हांगाविंगा र कोइला तथा भुसको चुल्हो प्रयोग गरेको पनि देखिन्छ ।

यसैगरी इन्धनमा यस वेनीघाट रोराङ गाउँपालिका घरधुरीहरु वन जङ्गल पैदावारमा बढी निर्भर देखिएको छ । नेपाल सरकारले वनलाई पनि विभिन्न प्रकारमा विभाजन गरेर वनको रेखदेख र वन पैदावारहरु प्रति मानव समुदायको परनिर्भरता घटाउन वन समूदायलाई हस्तान्तरण गर्ने नीति अँगालेको छ । यस अध्ययनका क्रममा वनजङ्गलका प्रकारहरुमा निजि वन, सामुदायिक वन, कबुलियत वन, सरकारी वन, धार्मिक वन जस्ता

वनका प्रकार समावेश गरेर कति घरधुरी कुन प्रकारका वनमा निर्भर रहेछन् भनी प्रश्न सोधिएको थियो । अर्थात इन्धनको श्रोतका लागि कुन वडाका घरधुरीहरु कस्तो प्रकारको वनमा आश्रित छन् भन्ने कुरा देखाउन तलको तालिकामा दिइएको छ ।

**तालिका ३०: वडा अनुसार वन जंगलमा दाउरको लागि आश्रित घरधुरी विवरण**

| वडा नं. | निजी वन | समुदायिक वन | कबुलियत वन | सरकारी वन | अन्य वन |
|---|---|---|---|---|---|
| १ | ६१ | २९० | ० | १९ | ५ |
| २ | २३८ | ५७७ | ० | ० | ३३ |
| ३ | २९८ | ३४८ | ० | ० | ६८ |
| ४ | ९ | ४५९ | ० | ० | २३ |
| ५ | १४५ | ४०० | ० | ४४ | ९० |
| ६ | १४४ | २६६ | ० | ० | १६ |
| ७ | १८९ | २१५ | ० | ० | ५३ |
| ८ | ४ | २३८ | ० | ११२ | ६१ |
| ९ | २६६ | ३५३ | ० | ० | १० |
| १० | ४६७ | १८१ | ० | १३९ | ३३ |
| **जम्मा** | **१८२१** | **३३२७** | **०** | **३१४** | **३९२** |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा हेर्ने हो भने वेनीघाट रोराङ गाउँपालिकाका निजि र सामुदायिक वनमा त्यस क्षेत्रको बढी जसो घरधुरीहरु इन्धनका लागि निर्भर रहेको देखिन्छ । वडा अनुसार हेर्ने हो भने २,९ र १० नं. वडाका घरधुरीहरु वनमा बढी निर्भर रहेको देखिन्छ । माथिको तालिकामा अन्य वन शिर्षक अन्तर्गत पर्ने धार्मिक वन अन्तर्गत देवी देवताको भाकल गरि राखिएका वन क्षेत्र तथा श्रोत नखुलेको वन क्षेत्र पनि गाभिएको कारणले गर्दा ३९२ घरधुरीका घरपरिवारहरु अन्य वनमा आश्रित देखिएका छन् । अन्य वनमा कुनै व्यक्ति विशेषको वन जुन व्यक्तिको नामबाट आएको कारणले गर्दा तथ्यांक प्रशोधनमा असहजता आएको थियो ।

यसैगरी यस वेनीघाट रोराङ गाउँपालिकाका दशवटै वडाहरुमा मुख्य रुपमा उज्यालोका लागि मानिसहरुले कुन श्रोतमा माध्यमको प्रयोग गर्ने गर्दा रहेछन् भन्ने बारेमा पनि तथ्याङ्क संकलन गरिएको थियो । नेपालको सन्दर्भमा हेर्ने हो भने शहरी क्षेत्रका ९४% घर धुरीहरुमा विजुली बत्तिको सेवा वा पहुँच विस्तार भएको छ भन्ने कुरा नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षणको प्रतिवेदनमा जनाइएको छ । शहर बजारमा त अहिले सम्म १००% बत्तिको सेवा विस्तार भएको देखिदैन भने अति भौगोलिक विकटताका कारणले नेपालको ग्रामीण क्षेत्रको अवस्था अझै सुविधा विहिन अवस्थामा छ । त्यही सर्वेक्षण अनुसार Solar pannel तथा गोबर ग्यास जस्ता आधुनिक वत्तिका श्रोतलाई पनि गणना गर्ने हो भने ग्रामीण भेगमा झण्डै ८५% घरधुरीहरु बत्तिको उज्यालो प्रकाशबाट सेवा लिइएको देखिन्छ । धेरै वटा दातृसंघ संस्था मार्फत सञ्चालनमा आएको नेपाल सरकारको उज्यालो नेपाल कार्यक्रम अर्न्तगत हाल नेपालका जुनसुकै क्षेत्रमा Solar pannel कार्यक्रम बैकल्पिक उर्जा कार्यक्रम सञ्चालनमा ल्याइएको छ । धादिङ जिल्लामा पनि अधिकांश क्षेत्रमा वन माथिको निर्भरता घटाउन, राष्ट्रिय विद्युत प्रसारण लाइनले नभ्याएका क्षेत्रमा ती कार्यक्रम लागू भएको पनि पाइन्छ । वेनीघाट रोराङ गाउँपालिकामा वडा अनुसार कति घर परिवारको बत्तिको श्रोत के हो भन्ने तथ्याङ्क महत्वपूर्ण हुने हुँदा तलको तालिकामा अझ विस्तृत रुपमा देखाइएको छ ।

### तालिका ३१: वडा अनुसार बत्तिको मुख्य श्रोतको विवरण

| वडा नं. | मट्टितेल | जेनेरेटर, डिजेल,पेट्रोल | गोबर ग्यास | सोलर | पानी घट्ट लधु जल विद्युत | केन्द्रीय प्रसारण विद्युत | इन्भर्टर | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | ० | ३ | १६७ | २०० | ० | ० | ० |
| २ | ४८ | ० | ४ | १८७ | ६०२ | ७ | ० | ० |
| ३ | १५ | १० | ७ | १३० | ४ | ५४८ | ० | ० |
| ४ | १० | ० | १ | १७ | ३५ | ४२८ | ० | ० |
| ५ | ५ | ० | ० | ४२ | ४ | ६२८ | ० | ० |
| ६ | २१ | ० | २ | २४२ | २ | १५९ | ० | ० |
| ७ | ० | ० | ० | १०३ | ३ | ३५१ | ० | ० |
| ८ | ० | ० | ० | २३५ | १ | १७९ | ० | ० |
| ९ | ५ | ० | ३ | १६५ | ७ | ४४९ | ० | ० |
| १० | २४ | ० | २ | २०८ | १३४ | ४५२ | ० | ० |
| **जम्मा** | **१३३** | **१०** | **२२** | **१४९६** | **९९२** | **३२०१** | **०** | **०** |

श्रोत: स्थलगत अध्ययन–२०७५

उपरोक्त तालिका अनुसार यस गाउँपालिकाका अधिकांश घरपरिवारले केन्द्रीय प्रसारण लाइनबाट प्रसारित विद्युतलाई बत्तिको श्रोतको रुपमा उपयोग गर्ने गरेको पाइन्छ । बैकल्पिक उर्जा अन्तर्गत हेर्दा यस गाउँपालिका झण्डै १ तिहाई घर धुरीहरु सोलर पेनलबाट उज्यालो पाउने गरेको तथ्याङ्क देखिन्छ । माथिको तालिकामा हेर्दा पंम्पिङ्ग सेट अर्थात जेनेरेटरबाट कुनै मिलमा डिजेलद्वारा सञ्चालित गरी पनि उज्यालो बनाउने गरेको तथ्याङ्क स्थलगत अध्ययनका क्रममा पाइएको थियो ।

# परिच्छेद– ५

# खण्ड– तीन

# विविध शिर्षकहरु

## कृषि/खेतीपाति

नेपाल कृषि प्रधान देश हो । यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि नै रहेको छ । नेपालमा भएका अध्ययन अनुसन्धानहरुका तथ्याङ्कले पनि नेपालमा एकतिहाई मात्रले कृषि बाहेकका पेशा अँगालेको तथ्याङ्क प्रस्तुत गर्ने गरेका छन् । कृषि प्रधान देश भएता पनि यहाँका अधिकांश कृषकहरुको आफ्नो नाममा सीमित मात्रामा जग्गा जमिन छ । कृषिमा उन्नत तरिकाहरु नअपनाउनाले वा हाम्रो परम्परागत कृषि प्रणाली नै अँगालेर खेतीपाति गर्ने गरिएको कारणले गर्दा कृषि उत्पादनमा आशा लाग्दो ढंगबाट देशले प्रगति गर्न सकेको छैन । गाउँले परिबेशमा हुर्केको पढेको व्यक्ति गाउँमै बसेर कृषि पेशा अँगाल्न चाहादैन । यो नेपालीहरुको संस्कार नै भैसकेको छ । हाम्रा पुर्खाहरुले भन्ने गरेको उखान “उत्तम खेती, मध्यम व्यापार र तुच्छ जागिर” हाल  उल्टो अर्थात विपरित साबित भएको छ । हामीले कृषिमा आधुनिकिकरण गर्न नसकेर र उन्नत बीउ बिजन कृषकहरु माझ पुऱ्याउन नसकेर देशमा कृषि क्षेत्रमा आमूल परिवर्तन हुन नसेकेको देखिन्छ । नेपालको अधिकांश कृषि योग्य जमिनहरुको चक्लाबन्दी भएको छ । घर घडेरीका कारणले प्लटीङ्ग भै रहेको छ । दुर दराजका असिञ्चित भूभागमा परम्परागत खेती प्रणाली हालसम्म पनि कायम रहेकोले गर्दा पनि देशको कुल ग्राहस्त उत्पादनमा कृषिको ठूलो भाग रहे पनि वार्षिक रुपले जुन दरमा बढ्नु पर्ने ग्राहस्त उत्पादन बढ्न सकिरहेको छैन ।

यस वेनीघाट रोराङ गाउँपालिकामा कृषि उत्पादनको अवस्था कस्तो छ भन्ने बारेमा यस पार्श्वचित्र अध्ययनका क्रममा तथ्यांक संकलन गरिएको थियो । यस क्षेत्रमा मुख्य रुपमा उत्पादन हुने अन्न बाली वर्गमा पर्ने धान, गहुँ, मकै, जौ र फापर तथा दलहनबाली, तेलहन बाली, तरकारी तथा फलफुलहरुको उत्पादकत्वको अवस्थाको बारेमा निम्नानुसारको तथ्यांक तलको वृत्त चित्रमा देखाइएको छ ।




श्रोतः स्थलगत अध्ययन–२०७५

**रेखाचित्र ४: अन्नबाली उत्पादनको अवस्था क्विन्टलमा**

माथिको वृत्तचित्रमा हेर्दा यस वेनीघाट रोराङ गाउँपालिकामा अन्नबाली अन्तर्गत धान, गहुँ, मकै, कादो, फापर, जौ जस्ता बालीहरु उत्पादन भएको पाइन्छ । गाउँपालिकाको अन्न बाली वर्ग भित्र मकैको उत्पादन सवैभन्दा बढी त्यसपछि गँहु, धानको उत्पादन हुने गरेको माथिको बृत्त चित्र देखाएको छ । यसमा मकै अन्नबालीको ७०% भन्दा माथि उत्पादन हुने कुरा देखिन्छ । यसैगरी दलहन बाली अन्तर्गत यस गाउँपालिकामा निम्नानुसारको उत्पादन रहेको वृत्तचित्रमा देखिन्छ ।




श्रोत: स्थलगत अध्ययन–२०७५

**रेखाचित्र ५: दलहनबाली उत्पादनको विवरण**

यस वृतचित्रमा दलहन बाली अर्न्तगत यस क्षेत्रमा मुख्य रुपमा उत्पादन हुने दाल वा मास देखिन्छ जुन ११०० क्विन्टल उत्पादन भएको पाइन्छ। यस बालीले त्यस ठाउँको लगभग १०५ रोपनी टुक्रा टुक्री गरी जग्गाको क्षेत्रफल ओगटेको तथ्याङ्कमा देखिन्छ । यहाँ दलहनबालीमा मास, मस्याङ्ग जस्ता उत्पादनले सवैभन्दा बढी प्रतिशत हिस्सा ओगटेको देखिन्छ।

वेनीघाट रोराङ गाउँपालिकालाई यहाँको मुख्य उत्पादन तथा व्यापार व्यवसायको हिसाबले हेर्दा पनि धादिङ जिल्ला काठमाण्डौमा तरकारी निर्यात गर्ने जिल्लाको रुपमा रहेको छ। यसले नारायणघाट, पोखरा सम्म पनि तरकारी, बालीनालीहरु निर्यात गरेर मनग्य आम्दानी गरेको उदाहरणहरु पनि पाइन्छ। धादिङ जिल्लाको यो क्षेत्र तरकारी बालीको पाकेट क्षेत्रको रुपमा विकास हुँदै गएको छ। मौसमी र बेमौसमी तरकारी उत्पादनले गर्दा यस क्षेत्रका मानिसहरुको आम्दानीको श्रोत राम्रो हुने कुरामा हाल देखिएको उत्पादनले पुष्टी पनि गर्दछ । यस पार्श्व चित्र अध्ययनका क्रममा यस गाउँपालिकामा तरकारी उत्पादन गतवर्षको आंकडा हेर्दा निम्नानुसार विभिन्न मौसमी र बेमौसमी उत्पादनहरु भएको तथ्य देखिन्छ।




श्रोतः स्थलगत अध्ययन–२०७५

**रेखाचित्र ६: तरकारी बालीको गतवर्षको उत्पादनको अवस्था**

उपरोक्त वृत्त चित्रमा देखाए अनुसार मुख्य रुपमा तरकारी बालीमा आलु, गोलभेडा जस्ता शिर्षक खुलेका उत्पादनहरु मनग्ये उत्पादन भएको पाईन्छ भने शिर्षक नखुलेका तरकारी बालीहरुमा बोडी, भिंगनी, खोर्सानी, काक्रा, लसुन, फर्सी, रामतोरीया, रायो, मुला, तोरी, भण्टा जस्ता अन्य तरकारीहरुको उत्पादन पनि राम्रो रहेको पाइएको छ । माथिको तालिकामा हेर्दा यस क्षेत्र गोलभेडाको उत्पादन तरकारी बाली वर्गभित्र सवैभन्दा राम्रो उत्पादन भएको बालीमा देखिन्छ। सम्पूर्ण उत्पादनको ६५% हिस्सा गोलभेडाबालीले ओगटेको छ ।

यसैगरी यस गाउँपालिकामा कृषि सम्बन्धी तथ्याङ्क हेर्दा अन्नवर्ग, दाल गेडागुडी वर्ग, तरकारी लगायत यो क्षेत्रमा फलफूलको खेतीको पनि उर्वर भूमि रहेको पुष्टी हुन्छ । तर यस ठाउँमा फलफूलका लागि वातावरण भए पनि व्यवसायिकता अँगालेर छिटपुट बालीनालीदेखि बाहेक अन्यमा बजार उन्मुख उत्पादन गरेको देखिदैन। यस क्षेत्रमा आँप, सुन्तला, केरा, अम्बा जस्ता फलफूलहरुको सम्भावना रहेको देखिन्छ। यस अध्ययनको क्रममा यस गाउँपालिकामा गतवर्षको फलफूल खेतिलाई हेर्ने हो भने निम्नानुसार उत्पादन भएको देखिन्छ।




श्रोतः स्थलगत अध्ययन–२०७५

**रेखाचित्र ७: गत वर्षको फलफूल खेतीबाट उत्पादन भएको विवरण**

माथिको वृतचित्र हेर्दा सुन्तला यस गाउँपालिकामा व्यवसायिक ढंगबाट गरिने हो भने गाउँपालिकाको पकेट क्षेत्रकै रुपमा यसले वार्षिक रुपमा यथेष्ट आम्दानी गर्ने गरेको देखिन्छ । हाल भै रहेको परम्परागत फलफूल खेतीलाई व्यवसायिकता तर्फ उन्मुख गराउनु पर्ने पनि देखिन्छ ।

## खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

यस गाउँपालिकाको मानिसहरुको मुख्य पेशा कृषि नै हो । नेपाल सरकारले कृषिका विकासका लागि पनि तल्लो तहसम्म पुग्ने विकासका निति नियम र रणनीतिहरु पनि बनाएको छ । यता हाम्रो परम्परागत कृषि प्रणालीलाई विस्थापित गर्न सकिरहेको छैन । गाउँघरमा कृषकहरु परापूर्व काल देखि चलि आएको कृषि प्रणाली मै रमाई रहेका छन् । उनीहरु व्यवसायिक बन्न सकिरहेका छैनन् । नेपालका धेरै भन्दा धेरै ग्रामीण भेगका घरपरिवारहरुले कृषिलाई नै जिविको पार्जनको श्रोत मान्ने गरेका छन् । तसर्थ वर्ष दिन भर कृषि कार्य गरेर पनि खान नपुग्ने कृषकहरुको संख्या नेपालको सन्दर्भमा धेरै नै छ । यस गाउँपालिकामा यस अध्ययनका क्रममा आफ्नो उत्पादनले कति महिना खान पुग्छ भन्ने प्रश्नका आधारमा तथ्याङ्क विश्लेषण गर्दा देहाय बमोजिम वडा अनुसार तस्वीर देखिन्छ ।

**तालिका ३२: वर्ष दिनको उत्पादनले खानपुग्ने/नपुग्ने पारिवारिक विवरण**

| वडा नं. | ३ महिना भन्दा कम | ३ देखि ६ महिना | ६ देखि ९ महिना | ९ देखि १२ महिना | आफ्नो उत्पादन खाएर बिक्री गर्ने परिवार |
|---|---|---|---|---|---|
| १ | १८ | २११ | ६० | ८० | ६ |
| २ | १९ | ३१३ | ११८ | ३७९ | १९ |
| ३ | ५० | १४९ | ७९ | ४३२ | ४ |
| ४ | ६८ | २५८ | ६० | ९९ | ६ |
| ५ | १४६ | २९२ | १२४ | ११४ | ३ |
| ६ | ५६ | ११९ | ६१ | १९० | ० |
| ७ | २९ | ८६ | ५ | ३३२ | ५ |
| ८ | ५५ | ४४ | १०५ | १७२ | ३९ |
| ९ | २१२ | २७४ | ९६ | ४२ | ५ |
| १० | २३१ | ४८९ | ६३ | ३३ | ४ |
| **जम्मा** | **८८४** | **२२३५** | **७७१** | **१८७३** | **९१** |

श्रोत: स्थलगत अध्ययन–२०७५

यस गाउँपालिकामा खाद्यन्नमा आत्मनिभरताको अवस्था हेर्दा ८८४ घर परिवार ३ महिना भन्दा कम समयका लागि मात्र आफ्नो उत्पादन खाने गर्दछन् । त्यसपछि उनीहरुको अवस्था दिनभरि कमाउने र बिहान र बेलुकाको खाना खाने या छाक टार्ने अवस्था देखिन्छ। वडा नं. ९ र १० मा ३ महिना मात्र खान पुग्ने घर परिवारको संख्या अन्य वडाको भन्दा उच्च रहेको तथ्याङ्कले देखाउछ भने वडा नं. २ र ८ मा आफ्नो उत्पादन खाएर संञ्चित भएको बिक्री वितरण गर्ने घर परिवार पनि अन्य वडाको दाँजोमा क्रमश: १९ र ३९ घरपरिवार रहेको देखिन्छ।

## सुकुम्वासीको अवस्था

यस वेनीघाट रोराङ गाउँपालिका धादिङको १० वडाहरुमा बसोबास गर्ने घर धुरी मध्ये कति घर परिवार यस्ता पनि छन् जुन घरपरिवारको आफ्नो नाममा जग्गा जमिन तथा घडेरी पनि नभएको अवस्था छ । जसलाई नेपाल सरकारले सुकुम्वासी भन्ने गरेको छ । यस्ता परिवारको आफ्नो स्वामित्वमा कहि कतै जग्गा जमिन र घडेरी हुँदैन । यस गाउँपालिकामा आफ्नो नाममा जग्गा जमिन नभए पनि उनीहरुको आम्दानीको बाटो ज्यालादारी, मजदुरी तथा अर्काको घरमा काम गर्ने कामदारको रुपमा गरेको आम्दानीले आफ्नो गर्जो टार्ने गरेको बताएका थिए । कोही ढुङ्गा, गिट्टी, तथा बालुवाको काम गर्ने र त्यस मजदुरी बापत कमाएको पैसाले आफ्नो दैनिक गुजारा गर्ने गरेको पनि पाइएको थियो । यस गाउँपालिकामा सुकुम्वासीहरुको वडागत विवरण निम्न तालिकामा दिइएको छ ।

**तालिका ३३: वडा अनुसार जग्गा जमिनमा स्वामित्वको विवरण**

| वडा नं. | जग्गा जमिन हुने | जग्गा जमिन नहुने |
|---|---|---|
| १ | ३४३ | ३२ |
| २ | ७४३ | १०५ |
| ३ | ५७४ | १४० |
| ४ | ४३२ | ५९ |
| ५ | ५९१ | ८८ |
| ६ | ४१२ | १४ |
| ७ | ४१४ | ४३ |
| ८ | ३५८ | ५७ |
| ९ | ५१८ | ११० |
| १० | ७८८ | ३२ |
| **जम्मा** | **५१७३** | **६८१** |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिका हेर्दा वडा नं. २, ३, र ९ मा १०० घरधुरी भन्दा माथि सुकुम्वासी अर्थात आफ्नो नाममा नेपाल अधिराज्य भरि कहि कतै जग्गा जमिन वा लालपुर्जा नभएको घरधुरी संख्या देखिन्छ भने सवै भन्दा कम वडा नं. ६ मा १४ घरधुरी मात्र जग्गा जमिन बिहीन देखिन्छन् । यस तथ्यांकमा अंश भएको तर लालपूर्जा नपाएको व्यक्तिहरुको वा घरधुरीहरुको पनि विवरण समावेश भएको हुँदा आफ्नो स्वामित्वमा हाल नरहेको भनि बुझ्न पर्ने हुन्छ ।

मानिसहरु विभिन्न कारणले सुकुम्वासी भएको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने आफ्नो पुर्ख्योली सम्पत्तिमा विविध कारणले सकिएको वा कसै कसैको प्राकृतिक प्रकोपको कारणले गर्दा वा कसैको बैंकले लिलाम गरेर सकिएको पनि उदाहरणहरु भटिने गरेको पाइन्छ ।यस अध्ययनको शिलशिलामा पनि यस वेनीघाटमा सुकुम्बासी वा आफ्नो स्वामित्वमा जग्गा जमिन नहुनाको कारण के हो भनेर खोजिएको थियो । यस तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ३४: आफ्नो स्वामित्वमा जग्गा जमिन नहुनाको कारण सहित वडागत विवण**

| वडा नं. | सुकुम्वासी भएकोले | ऐलानी जमिनमा बसेकोले | प्राकृतिक प्रकोप भएकोले | सबै बेचविखन गरेकोले | अंश नपाएकोले | बैंकबाट लिलामी भएको |
|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | ० | ३१ | ० |
| २ | ३१ | १६ | १७ | ० | ३९ | २ |
| ३ | २१ | २ | १ | १ | ११४ | ० |
| ४ | २ | २ | ० | १ | ५३ | १ |
| ५ | ७ | ५ | ० | ० | ७५ | १ |
| ६ | ९ | ० | ० | ० | २ | ३ |
| ७ | २२ | ३ | ० | १ | १८ | ० |
| ८ | १ | ३ | ० | ० | ५२ | १ |
| ९ | १२ | ४५ | ० | ० | ५३ | १ |
| १० | २ | १८ | १ | १ | १० | ० |
| **जम्मा** | **१०८** | **९४** | **१९** | **४** | **४४७** | **९** |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा देखाइए अनुसार यी कारणहरु मध्ये पनि पहिला देखिनै सुकुम्वासी भएकोले भन्ने घरधुरी १०८ रहेको देखिन्छ । यसै गरी ऐलानी जग्गा, पर्ति वा सरकारी स्वामित्वका जग्गा तथा खोला, नदीनाला, बाटोघाटो र खुल्ला चरण क्षेत्र लगायत वनजङ्गको आसपास घर वनाई बसोवास गर्ने घरधुरी पनि

गाउँपालिकामा उल्लेख्य संख्यामा रहेको तथ्याङ्कले देखाउँछ । यहाँ तथ्याङ्क लिने क्रममा अंश नपाएर भन्ने कारणबाट पनि ४४७ घरधुरी देखिन्छ । यी सुकुम्वासी नहुने हुँदा उनीहरुले १ दिन अवश्य आफ्नो बाउबाजे बराजुको अंश ढिलोचाडो प्राप्त गर्ने देखिन्छ । यस माथिको तालिकामा हेर्दा प्राकृतिक प्रकोप, बाढी, पहिरो तथा अन्य कारणबाट आफ्नो सम्पूर्ण सम्पत्ति गुमाउनेहरुको संख्या पनि १९ वटा घरधुरी देखिन्छ ।

## बैंक र बिमा

मानव समूदायको एउटा इच्छा आकांक्षा सुरक्षित भविष्यको कामना पनि हो । मानिसले आज जे जति गर्छ भोलिका लागि सुरक्षित रहन गर्ने हो । कुनै घरपरिवार वा समाज यस्तो पनि हुन्छ जुन परिवार र समाजले भोलिको लागि सोच्दैन आज नै उसका लागि महत्व राख्दछ यस्तो यदाकदा र अपवादमा मात्र हो । अधिकांश घरपरिवार समाज, गाउँ, टोल सबैले भोलिको सुख दुःखमा केहि गरौं आज जो भयो भोलिका लागि राम्रो होस् भन्ने इच्छा आकांक्षा अवश्य हुन्छ । त्यही भएर मानिसले, घर समाज र परिवारले केही बचत वा संचित गर्ने गरेको पाइन्छ । विभिन्न खालका बचत गर्ने परिपाटीको विकास पहिला शहर बजारमा मात्र अभ्यास हुन्थ्यो भने हिजो आज बचतको अभ्यास गाउँ, टोल, समाज र आफन्त तथा परिवार कै बीचमा पनि सम्भव भएको छ । गाउँ गाउँमा विभिन्न किसिमका बैंक वित्तीय संस्था, टोल टोलमा सहकारी संस्थाहरु नेपालमा हाल खुलेका छन् । यिनैमा बचत गरौं भविष्य सोचौ भन्ने कुराले आम जनमानसमा बचत गर्ने परिपाटीको विकास भएको पनि पाईन्छ ।

यस गाउँपालिकामा पनि बचत गर्ने घर परिवार उलेख्य संख्या रहेको पाइन्छ । बैंक तथा वित्तीय संस्थामा कति घर परिवारको खाता छ भन्ने कुरा यस अध्ययनको क्रममा तथ्याङ्क लिइएको थियो । जस अनुसार निम्न लिखित तालिकामा त्यसलाई वडा अनुसार देखाइएको छ ।

## तालिका ३५: वडा अनुसारको बैंकमा खाता हुने घरधुरी विवरण

| वडा नं. | बैंक खाता हुने घरधुरी | प्रतिशत |
|---|---|---|
| १ | २४ | ६.४ |
| २ | ११७ | १३.७९ |
| ३ | ४१५ | ५८.१२ |
| ४ | १६१ | ३२.७९ |
| ५ | ५०४ | ७४.२२ |
| ६ | ४७ | ११.०३ |
| ७ | २८१ | ६१.४८ |
| ८ | २२ | ५.३० |
| ९ | ३२३ | ५१.३५ |
| १० | २२ | २.६८ |
| **जम्मा** | **२१५२ (१९१६)** | |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार यस गाउँपालिकामा जम्मा २१५२ घरधुरीले बैंकमा बचत गर्ने गरेको पाइन्छ । सबैभन्दा कम बचत गर्ने अभ्यास वडा नं. १० मा मात्र २२ घरधुरीले गर्ने गरेका छन् भने सवैभन्दा बढी वडा नं ५ मा ५०४ घरधुरीले बचत गर्ने गरेको यस स्थलगत अध्ययनको क्रममा पाइएको छ । यसरी प्रतिशतमा हेर्दा वडा नं. १० मा मात्र वडाको जनसंख्याको २ प्रतिशत घरधुरीको मात्र बैंकमा खाता रहेको कुरा स्थलगत अध्ययनका क्रममा पाइएको छ भने सवैभन्दा बढी वडा नं. ५ मा ७४ प्रतिशत घरधुरीको बैंकमा खाता रहेको कुरा स्थलगत अध्ययनका क्रममा पाइएको छ ।

यसरी नै बचत जस्तै गरी भविष्यमा पर्ने अकल्पनीय घटना तथा दुर्घटनालाई मध्यनजर राखेर विभिन्न रुप र स्वरुपमा व्यक्तिको घरको तथा घरपालुवा जनावरहरुको बीमा गर्ने गरिन्छ । यस कारण कि भविष्यमा पर्न सक्ने घटनालाई हेरेर त्यसबाट सुरक्षित रहनका लागि बीमा गरिने हो । यस गाउँपालिकामा पनि जीवन वीमा अर्थात मानवलाई लक्षित गरेर कति घरपरिवारले जीवन बीमा गरेको रहेछन् भनेर तथ्यांक संकलन गरिएको थियो । यसबाट के देखिन्छ भने अहिलेको २१ औं शताब्दीमा आएर पनि मानिसहरुले आफूमा पर्ने

विभिन्न किसिमका दुर्घटनाहरुबाट आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न खोजे पनि भवितव्य के र कस्तो  हुन्छ भन्ने बारेमा सोच्न सक्दैन त्यही भएर पनि यहाँका १० वटा वडाहरुमा बीमा गर्ने अवस्था कस्तो रहेछ भन्ने बारेमा तलदिइएको तालिकाले देखाउँछ ।

**तालिका ३६: वडा अनुसार जीवन बीमा गर्ने घरधुरी विवरण**

| वडा नं. | बीमा गराएको | बीमा नगराएको | जीवन बीमा बारे थाहा नभएको |
|---|---|---|---|
| १ | ० | ३७० | ५ |
| २ | ११ | ७७१ | ६६ |
| ३ | ३५ | ६५४ | २५ |
| ४ | २२ | ४५७ | १२ |
| ५ | ८८ | ५४९ | ४२ |
| ६ | ६ | २०२ | २१८ |
| ७ | २८ | ४०४ | २५ |
| ८ | ६ | ३३६ | ७३ |
| ९ | १८ | ५११ | १०० |
| १० | ७ | ७८६ | २७ |
| **जम्मा** | **२२१** | **५०४०** | **५९३** |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकामा जीवन बीमा गराउने घरधुरी २२१ वटा, जीवन बीमा गराएको तथा थाहा नपाएको घरधुरी ४४२ घर तथा बीमा नै नगराएको घरधुरी ५०४० रहेको देखिन्छ ।

## घरधुरी स्तरीय आम्दानी र खर्च विवरण

मानिसहरुले जिविको पार्जनका लागि विभिन्न पेशा र व्यवसाय गरेर आम्दानी गर्ने र त्यही रुपमा गरिएको आम्दानीबाट घर व्यवहार, खानपान, शिक्षा, स्वास्थ्य, मर्मत सम्भार, चाडपर्व, रीतिरिवाज आदिमा खर्च गर्ने गर्दछन् । घरधुरी अनुसार कसैले पेशा व्यवसाय त कसैले उद्योगधन्दाबाट आफ्नो आम्दानीको श्रोत जुटाउछन् । विशेषत नेपालीहरुको आम्दानीको मुख्य श्रोत कृषि कार्य नै हो यदाकदा आजभोली बैदेशिक रोजगारीबाट आउने रिमिटेन्स पनि घर व्यवहार चलाउने माध्यम बन्ने थालेको छ । आम्दानी भएपछि खर्च हुन्छ र गरिन्छ पनि आम्दानी नै नभएमा दुःखमा गर्जो टार्न ऋणपान, सरसापट लिने, ऐचोपैचो चलाउने प्रचलन पनि यदाकदा आजभोली हाम्रो गाउँ समाजमा भेटिन्छ । गाउँघरमा यसरी आम्दानीको तथा खर्चको चुस्त दुरुस्त हरहिसाब गरेर राख्ने प्रचलन हाम्रो गाउँ, समाज र घरपरिवारमा हुँदैन र भेटिदैन पनि तर शहर बजार तिर व्यापार व्यवसाय गर्ने जागीर खाने घर परिवारहरुले आफ्नो खर्चको हिसाव किताव राख्ने गर्दछन् । गाउँघर तिर भने वार्षिक खर्च तथा हिसाव किताव नहुने हुँदा सम्झेर भन्ने गरेको अनुमानात्मक हुने गर्दछ । यस अध्ययनको क्रममा वेनीघाट रोराङ गाउँपालिकामा परिवारको वार्षिक आम्दानी र खर्च सम्बन्धी विवरणहरु संकलन गरिएको थियो । जस अनुसार वडागत घरधुरी प्रति परिवार औसतमा निम्नानुसारको वार्षिक आम्दानी र खर्च विवरण देखाइएको छ ।

**तालिका ३७: वडा अनुसार प्रतिपरिवार वार्षिक औसतमा आम्दानी र खर्च विवरण**

| वडा नं. | वार्षिक आम्दानी औसत परिवार | वार्षिक खर्च औसत परिवार |
|---|---|---|
| १ | १५९१८२ | १५२४३८ |
| २ | २३५०५२ | २०९८०१ |
| ३ | ३५२६७१ | २९४११९ |
| ४ | २३८४१८ | २२९१४५ |
| ५ | ३७१०६० | ३६७१९७ |
| ६ | २३६४२२ | १८५४०७ |
| ७ | ४२१६१३ | २२१७२७ |
| ८ | ८९६०६ | ७२८५८ |
| ९ | ३२५३५० | २१५७४८ |
| १० | १२१७२७ | ११७६१० |
| जम्मा | २५५११०१ | २०६६०५० |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा हेर्दा यस वेनीघाट रोराङ गाउँपालिका अन्तर्गत १० वटा वडाहरुमा यस क्षेत्रका घरपरिवारले औषतमा वार्षिक रुपले कतिसम्म आम्दानी र खर्च गर्ने गर्दा रहेछन् भन्ने तथ्याङ्कले देखाएको छ । सबैभन्दा बढी आम्दानीको औषत परिवारमा माथि देखिएको यस गाउँपालिकाको वडा नं. ७ हो भने त्यही वडाको औसत मासिक खर्च २२१७१७ देखिन्छ । त्यस वडाको औसत घरधुरीको आम्दानी र खर्चको विवरण हेर्दा १९९८८६ झण्डै २ लाख वार्षिक बचत देखिन्छ । यसैगरी यस वेनीघाट रोराङ गाउँपालिकाको वडा नं. ८ का घरधुरीहरुको औषत आम्दानी र खर्च समग्र अन्य वडाको भन्दा एकदमै कम अर्थात १ लाख भन्दा कम देखिएको छ । यस वडाको वार्षिक बचत पनि लगभग १० हजारको हाराहारीमा मात्र देखिन्छ ।

यसैगरी समग्रमा यस गाउँपालिकाको १० वटा वडाहरुमा विभिन्न शिर्षक अन्तर्गत आम्दानी र खर्चको विवरणबारे मुख्य रुपमा कृषि बाली उत्पादनमा आम्दानी, पशुपालनबाट भएको आम्दानी तथा अन्य विभिन्न निम्न लिखित शिर्षकहरुमा भएको समग्र गाउँपालिकाको आम्दानी हेर्दा निम्न अनुसार देखिएको छ ।

**तालिका ३८: गाउँपालिकाको विभिन्न शिर्षकहरुमा भएको वार्षिक आम्दानी**

| आम्दानी शिर्षक विवरण | आम्दानी जम्मा रु. | प्रतिशत |
|---|---|---|
| कृषि (सवै कृषि बालीको उत्पादन तथा विक्री) | ३६०९८७८३१ | २३.८२ |
| पशुपालन (सबै पशुपालनको उत्पादन तथा विक्री) | १६५७०९२२३ | १०.९३ |
| व्यापार तथा उद्योग | २८५३८३९७९ | १८.८३ |
| नोकरी तथा पेन्सन | २६७३०५४२२ | १७.६४ |
| बैदेशिक रोजगार | २३२४२७६५३ | १५.४४ |
| कृषि ज्याला मजदुरी | १००९१६८११ | ६.६६ |
| गैर कृषि ज्याला मजदुरी | ६२७५६००० | ४.१४ |
| अन्य | ३९५०९२०० | २.६० |
| **जम्मा** | **१५१४९९६११९** | **१००.००** |

श्रोतः स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा हेर्दा यस गाउँपालिकामा कृषि तथा कृषि उत्पादनसँग सम्बन्धित आम्दानीले सबैभन्दा बढी आम्दानीको हिस्सा ओगटेको छ । यसैगरी गैरकृषि ज्याला मजदुरीबाट सबैभन्दा कम आम्दानी गर्ने गरेको तथ्यांकबाट देखिन्छ ।

यसैगरी यस गाउँपालिकाका क्षेत्रहरुमा विभिन्न शिर्षकहरुको खर्चको विवरण निम्नानुसार देखिएको छ ।

**तालिका ३९: गाउँपालिकाबासीहरुले निम्न शिर्षकहरुमा गरेको खर्चको वार्षिक विवरण**

| खर्च विवरणका शिर्षक | खर्च रकम जम्मा रु. | प्रतिशत |
|---|---|---|
| खानामा | ४२३२८२२९३ | ३३.२१ |
| लत्ताकपडामा | १३८५४३५१६ | १०.८३ |
| शिक्षा | १७३२४७८१५ | १३.५५ |
| स्वास्थ्य उपचार | १७७६८८३४१ | १३.९० |
| चाडपर्व तथा मनोरञ्जन | २०२५२२१७२ | १५.८४ |
| कृषि तथा अन्य | ९२३३१८४५ | ७.२२ |
| यातायात | ७०४८६२२० | ५.५१ |
| **जम्मा** | **१२७८१०२२०२** | **१००.००** |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार यस गाउँपालिकामा वार्षिक रुपमा औसतमा भएको खर्च विवरणहरुमा यातायात क्षेत्रमा सबैभन्दा कम खर्च हुने गरेको देखिन्छ । यसैगरी कृषि तथा अन्य खर्चमा पनि कम नै खर्च भएको छ भने सवैभन्दा बढी यस गाउँपालिकामा वार्षिक रुपमा औसतमा ४२ करोडभन्दा माथि खानामा खर्च अर्थात् जम्मा खर्चको ३३.२० प्रतिशत भएको देखिन्छ ।

## सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण

नेपाल सरकारले नागरिकहरुको हक, हित, सुरक्षा र रक्षाका लागि अनेकौ प्रकारले सहयोग गरिरहेको छ । अशक्त भएका महिला, पुरुष, बालबालिकाहरुलाई मासिक रुपमा जिवीकोपार्जनका लागि भत्ताको व्यवस्था गरेको छ । यसैगरी अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, एकल महिला, अतिपिछडीएका जनजाति, संकटोपन्न जनजाति लगायतका शिर्षकहरुबाट सम्मान स्वरुप यस्तो भत्ताको व्यवस्था भएको पाइन्छ । यता एकल महिला/विधवाहरुका लागि पनि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको देखिन्छ । यस वेनीघाट रोराङ गाउँपालिकामा जनगणना विधिद्वारा तथ्यांक लिदाको अवस्थामा निम्न लिखित विवरण अनुसार सामाजिक सुरक्षा भत्ताको अवस्था देखिन्छ ।

**तालिका ४०: वडा अनुसार सामाजिक सुरक्षा भत्ताको ३ अवस्थाका विवरण**

| वडा नं. | जेष्ठ नागरिक | विधवा | एकल महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४८ | ५ | ६ | ५९ |
| २ | १६० | ३६ | २१ | २१७ |
| ३ | ६३ | २२ | २८ | ११३ |
| ४ | ११५ | ७ | १९ | १४१ |
| ५ | १४६ | ३० | ३४ | २०० |
| ६ | ६३ | १७ | २८ | १०८ |
| ७ | ८० | २ | १३७ | २३९ |
| ८ | ८६ | १६ | १७ | ११९ |
| ९ | ८२ | २५ | २० | १२७ |
| १० | ९७ | १४ | ३८ | १४९ |
| **जम्मा** | **९४०** | **१७४** | **३४८** | **१४६२** |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिका अनुसार यस गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता अन्तर्गत जेष्ठ नागरिक महिला र पुरुष, विधवा र एकल महिला गरि जम्मा १४६२ जना नागरिकहरुले राज्यको सम्मान स्वरुप भत्ता लिइएको देखिन्छ । यस तथ्यांक संकलनका क्रममा सबैभन्दा कम वडा नं. १ र सबैभन्दा बढी वडा नं. ७ मा नागरिकहरुले भत्ता लिइएको देखिन्छ ।

वेनीघाट रोराङ गाउँपालिकामा विभिन्न संघ संस्थाहरुले आफ्नो कार्यक्षेत्र बनाएर काम गरिरहेको अवस्था देखिन्छ । महिला हकहित तथा बच्चा र आमाको स्वास्थ्य स्थिति राम्रो होस्, सबैलाई एकजुट भै बचत तथा स्वास्थ्यका दृष्टिकोणबाट स्वास्थ्य सम्वन्धि चेतनाको राम्रो वातावरण रहोस् भन्ने उद्देश्यबाट संञ्चालन भएको आमा समूह, त्यसैगरी कृषि समूह, वन तथा वातावरणसंग सम्वन्धित वन उपभोक्ता समूह, जस्ता विविध समूह, संघ संस्था स्थापना गरी यस क्षेत्रमा कार्यरत रहेको पाइन्छ । यस गाउँपालिकामा यस अध्ययनका क्रममा कुन कुन संघ संस्थामा कति जनसंख्या सदस्य वा आवद्ध हुन भनि निम्न लिखित तालिकामा देखाइएको छ ।

**तालिका ४१: वडा अनुसार संघ संस्थामा आवद्ध भएको घरधुरी विवरण**

| वडा नं. | आमा समूह | कृषक समूह | सामूदायिक वन उपभोक्ता समूह | सहकारी संस्था | गैरसरकारी संस्था | परम्परागत समूह | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १७८ | १ | ७ | ५३ | ० | ० | ११ | २५० |
| २ | ४४४ | ३३ | १२४ | ४६० | ५९ | २ | ० | ११२२ |
| ३ | १७९ | १३ | १४ | १३१ | ८ | ३ | २ | ३५० |
| ४ | १७५ | १२७ | १७५ | २७८ | १९ | ३२ | ३४ | ८४० |
| ५ | २९० | १५६ | २५७ | ३९७ | ४२ | १०४ | ११ | १२५७ |
| ६ | १७० | २९ | ७ | १८० | १६ | १ | १०८ | ५११ |
| ७ | २४० | ९७ | १९१ | १८२ | ३८ | १ | ५ | ७५४ |
| ८ | १५१ | २६ | २२ | ४६ | ७ | १२ | २९ | २९३ |
| ९ | २३८ | ८२ | १२३ | ३३२ | १९२ | १ | १ | ९६९ |
| १० | २९९ | ९८ | ३२ | १२१ | १९ | ० | ० | ५६९ |

श्रोत: स्थलगत अध्ययन–२०७५

माथिको तालिकामा देखाए अनुसार यस गाउँपालिकामा आमा समूह र सहकारी संस्थामा दुइ हजार भन्दा बढी संख्यामा सदस्यहरु रहेका छन् भने विभिन्न श्रोत नखुलेको जातीय संगठन तथा गुठी जस्ता मा आवद्ध भएको संख्या २०१ जना देखिन्छ ।

## प्राकृतिक प्रकोपको अवस्था

प्रकोप जुनसुकै ठाउँमा जुनसुकै बेला पनि जो कोहीलाई पर्न सक्छ । दुर्घटना भनेको कसैलाई कहिले हुन्छ भन्ने कुराको अड्कल गर्न एकदमै गाह्रो हुन्छ । २०७५ साल माघ महिनामा एउटा राष्ट्रिय अखवारले दिइएको समाचार अनुसार विगत ९ महिनामा नेपालमा करिव ३५० जनाले ज्यान गुमाएका थिए भने झण्डै ३ अरब भन्दा बढी रकमको क्षति भएको जनाएको थियो । यसरी हेर्दा नेपालमा विभिन्न प्रकारका प्रकोपहरु हुन्छन् । आगलागी, बाढी, पहिरो चट्याङ्ग, भूकम्प आदि जस्ता प्राकृतिक प्रकोपका कारणले मानिसहरुले वर्षेनि सयौं, हजारौको संख्यामा अकालमा ज्यान गुमाउने गरेका छन् । २०७२ साल बैशाख १२ गतेको भूकम्पबाट नेपालमा यति धेरै धनजनको क्षति भयो कि त्यो हाम्रो कल्पनामा कहिल्यै पुन क्षण नदोहोरियोस् भन्ने हुन्छ । तर प्रकोप जुन सुकै होस हामीलाई चेतावनी दिएर खबर गरेर कहिल्यै आउँदैन । यस्तै विविध खालका प्रकोपहरुलाई मध्यनजर गर्दै यस अध्ययन सर्वेक्षणका क्रममा यस गाउँपालिकाको विगत ५ वर्षको क्षतिको विवरण संकलन गरिएको थियो । त्यसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४२: विगत ५ वर्षमा प्रकोपबाट पिडितहरुको विवरण र क्षति रकम**

| प्रकोपको विवरण | आर्थिक क्षति रु.मा | घाइते/विरामी | मानविय क्षति |
|---|---|---|---|
| भूकम्प | २१२३९१००० | १ | ० |
| पहिरो | १४९३००० | १ | ० |
| बाढी | १५९५००० | ० | ० |
| आगलागी | १३६०००० | १ | ० |
| महामारी | १७०००० | १ | ० |
| खडेरी | १४५०२००० | ० | ० |
| सडक दुर्घटना | १२५०००० | १ | ० |
| अन्य | १३०००० | २ | ० |

श्रोतः स्थलगत अध्ययन–२०७५

उपरोक्त तथ्यांक हेर्दा यस गाउँपालिकामा माथिका प्रकोपहरुमा विगत ५ वर्षमा हेर्ने हो भने २०७२ सालको महाबिनाशकारी भूकम्प र त्यसपछि आएका विभिन्न पराकम्पहरुले झण्डै २१ करोड भन्दा माथिको क्षति गराएको देखिन्छ । यसरी नै माहामारीबाट विगत ५ वर्षमा १७ लाख रुपैयाको क्षति गराएको देखिन्छ । यसै गरी अन्य क्षतिमा चट्याङ्ग तथा अन्य सानातिना प्रकोपबाट झण्डै १३ लाख रुपैयाँ तथा २ जना घाइते बिरामी भएको देखिन्छ ।

# परिच्छेद–६

# अन्य विविध तथ्याङ्कीय जानकारी विवरण

## नागरिकता तथा अन्य सिफारिस

गाउँपालिकामा दर्तामात्र हुने होइन विभिन्न प्रकारका सिफारिस लिने कार्य गरिन्छ। आफूलाई आवश्यक पर्ने अनेकौ प्रकारका सिफारिस प्रमाण पत्र जस्ता कुराहरु गाउँपालिकाबाट लिन सकिन्छ। यस गाउँपालिकाबाट आर्थिक वर्ष २०७४/०७५ मा नागरिकता, नाता तथा अन्य विविध किसिमका सिफारिसहरु वितरण भएको तथ्यांक देखिन्छ।

**तालिका ४३: नागरिकता तथा अन्य प्रकारका सिफारिस**

| क.स. | विवरण | सिफारिस संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १०३ |
| २ | नाता प्रमाणित | ९८ |
| ३ | नक्सा पास | ६५ |
| ४ | अन्य सिफारिस | ५०९ |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

**तालिका ४४: गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा कार्यरत शिक्षक/शिक्षिकाको विवरण**

| तह | स्विकृत दरबन्दी कार्यरत | | | | | | | | | निजि श्रोत | शिक्षक अनुदान कोटा | कुल जम्मा | तालिम प्राप्त शिक्षक संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | | अस्थायी | | राहत | | जम्मा | | | | | | |
| | म. | पु. | म. | पु. | म. | पु. | म | पु | जम्मा | | | | |
| प्रा.वि. | १४ | ५० | ४२ | ४० | ३३ | ९ | ८९ | ९९ | १८८ | २२ | ४ | २१४ | १७० |
| नि.मा.वि. | १ | १३ | ० | ६ | २ | ८ | ३ | २७ | ३० | १६ | ४ | ५० | ३४ |
| मा.वि. | ० | ११ | ० | २ | ० | ५ | ० | १८ | १८ | ८ | ५ | ३१ | २३ |
| उ.मा.वि. | ० | ० | १ | ६ | ० | ० | १ | ६ | ७ | ० | ० | ७ | २ |
| जम्मा | १५ | ७४ | ४३ | ५४ | ३५ | २२ | ९३ | १५० | २४३ | ४६ | १३ | ३०२ | २२९ |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## विद्यमान स्वास्थ्य सेवाहरु

यस गाउँपालिका विभिन्न गा.वि.स.हरुलाई बनाएको हुँदा यि गा.वि.स. भित्र पर्ने स्वास्थ्य संस्था हाल यस गाउँपालिका भित्र परेका छन् तसर्थ यस गाउँपालिका भित्रको स्वास्थ्य सेवा पनि यिनीहरुले नै प्रवाह गरेका छन् । यस गाउँपालिकामा हाल कुन कुन स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरु छन् । यिनीहरुको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ४५: विविध स्वास्थ्य संस्थाको विवरण**

| क.स. | स्वास्थ्य सेवा संस्था | संख्या | बेड |
|---|---|---|---|
| १ | सरकारी अस्पताल | ० | ० |
| २ | प्रसुति गृह/बथिङ्ग सेन्टर | ४ | ० |
| ३ | आर्युवेद अस्पताल | ० | ० |
| ४ | प्राकृतिक चिकित्सालय | ० | ० |
| ५ | स्वास्थ्य चौकी | ४ | ० |
| ६ | प्राथमिक स्वास्थ्य केन्द्र | ० | ० |
| ७ | निजि अस्पताल | १ | १५ |
| ८ | फार्मेसि | १२ | ० |
| ९ | पशु चिकित्सालय | ० | ० |
| १० | भेटनेरी केन्द्र | १ | ० |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## खोप सेवाहरुको विवरण

नेपाल सरकारले बाल स्वास्थ्यको अवस्थालाई मध्य नजर राखेर बालबालिकाहरुमा हुने विभिन्न रोग, संक्रमण तथा बाल मृत्युदर घटाउने, उनीहरुको स्वास्थ अवस्था राम्रो बनाउने, अकालमा हुने मृत्युबाट बालबालिकाको रक्षा गर्ने उद्देश्यले विभिन्न प्रकारका खोप सेवाहरु विभिन्न स्वास्थ्य प्रदायक गर्ने स्थलहरुबाट निःशुल्क वितरण गर्ने तथा सञ्चालन गर्ने गरेको छ । बच्चा जन्मने वित्तिकै दिइने BCG खोप देखि लिएर

विभिन्न समयमा लगाइने खोपहरुको अवस्था यस गाउँपालिकामा कस्तो छ र कति प्रतिशत यस खोपको Coverage रहेछ भन्ने बारेमा तल दिइएको तालिकामा देखाइएको छ ।

**तालिका ४६: २ आर्थिक वर्षको बालबालिकाको खोपको विवरण**

| क्र.स. | विवरण | अ.व. २०७३/०७४ | अ.व. २०७४/०७५ |
|---|---|---|---|
| १ | बि.सि.जि. | ६५५ | ६१४ |
| २ | डि.पि.टी. | ७७२ | ७३७ |
| ३ | पोलीयो | ७७२ | ७३७ |
| ४ | न्यूमोकोकल्स | ७६७ | ७३७ |
| ५ | दादुरा | ७११ | ६५१ |
| ६ | हेपाटाइटिस | ७७२ | ७३७ |
| ७ | टि.टि. | ९५२ | ८८९ |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## खोपसेवा छाड्ने बालबालिकाको विवरण

यस नेपालमा भएका विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदनहरुमा केही बालबालिकाहरुले बिचैमा खोप सेवा छाड्ने गरेको पाइएको छ । ति बालबालिकाका अभिभावकहरुमा शिक्षाका कमि भएका कारणबाट एकपटक खोप लगाए पछि बच्चलाई ज्वरो आउनु सामान्य कुरा भए पनि अभिभावकहरुमा परामर्श कम भएको कारणले गर्दा यी यस्ता नियमित खोप सेवाहरु लिन छुटाउने गरेको उदाहरणहरु हाम्रो नेपालमा धेरै छन् । जसले गर्दा अझ पनि बालबालिकाहरुको मृत्युदरको प्रतिशत घटाउन सकिएको छैन । त्यसैले यस गाउँपालिकामा कति प्रतिशत बालबालिकाहरुले खोप लिएका छन् भन्ने कुरा निम्न लिखित तालिकामा देखाइएको छ ।

**तालिका ४७: खोप सेवा छाड्ने बालबालिकाको विवरण**

| क्र.स. | विवरण | अ.व. २०७३/०७४ | अ.व. २०७४/०७५ |
|---|---|---|---|
| १ | बि.सि.जि. | ० | ० |
| २ | डि.पि.टी. | ८६ | ४३ |
| ३ | पोलीयो | ८६ | ४३ |
| ४ | न्यूमोकोकल्स | १२० | ८९ |
| ५ | दादुरा | ६१ | ४३ |
| ६ | खोप नलगाएकाको संख्या | ० | ० |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## विगत ३ वर्षको पोषणको अवस्था

प्रत्येक गाउँ, टोल, समाज र राष्ट्र स्वास्थ्य होस् भन्ने चहाना राखेर नेपाल सरकारले विभिन्न किसिमका निति निर्माण गरेर स्वास्थ्य कार्यक्रमहरु आम जनमानसमा ल्याउछ । ती स्वास्थ्य सम्बन्धि कार्यक्रमको पोषणको अवस्थामा सुधार गर्नु पनि मुख्य उद्देश्य हुन्छ । बच्चा, आमा, सुत्केरी महिला कुपोषणको अवस्थामा नपरुन, सबैले स्वस्थ सँग बाच्न पाउने अधिकारबाट कुण्ठीत हुन नपरोस भनेर विभिन्न दातृ संस्थाहरुको सहयोगमा नेपालमा कुपोषणको अवस्थामा सुधार ल्याउने कोशिस भइरहेको छ । नेपालमा कुपोषणको अवस्थामा पहिलेको तुलनामा केही सुधारका लक्षणहरु देखिए पनि ती आशा गरिए अनुसार भएका छैनन् । हाम्रो देशमा पुड्का, लाटा, लठेप्रा तथा उमेर अनुसार तौल कम भएका, उमेर अनुसार उचाइ कम भएका जस्ता समस्याहरु धेरै छन् । यी यस्ता समस्याबाट देशलाई बचाउने खालका कार्यक्रमहरु नेपाल सरकारले गरिरहेको पनि छ । यस गाउँपालिकामा पोषणको अवस्था कस्तो छ भन्ने बारेमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४८: गाउँपालिकामा गत ३ वर्षको पोषणसँग सम्वन्धित विवरण**

| क्र.स. | विवरण | अ.व. २०७२/०७३ | अ.व. २०७३/०७४ | अ.व. २०७४/०७५ |
|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिको बृद्धि अनुगमन पटक | २ | २ | २ |
| २ | गर्भवती महिलाका लागि Iron चक्कि वितरण | ५६७ | ६२९ | ६०८ |
| ३ | गर्भवती महिलाले प्राप्त गरेको जुकाको औषधी | ५५७ | ६१९ | ६०८ |
| ४ | सुत्केरी महिलाका लागि भिटामिन 'A' | ३२९ | ३८२ | ३०० |
| ५ | छ महिना देखि ५ वर्ष सम्मका बालबालिका खुवाएकोभिटामिन 'A' | ६०१९ | ५४६५ | ६१५७ |
| ६ | १ देखि ५ वर्षसम्म वच्चालाई खुवाएको जुकाको औषधी | ५३४५ | ४१२१ | ५४३६ |
| ७ | बाल भिटा/भिटा भिश्रण दिएको संख्या | ६६४९ | ९४०४ | ४८१५ |

श्रोत: गाउँपालिका कार्यलय–२०७५

## हुलाक सेवा केन्द्र

यस गाउँपालिका अन्तर्गत हुलाक कार्यलयहरुको अवस्था कस्तो छ भन्ने बारेमा तलको तालिकामा देखाइएको छ ।

**तालिका ४९: गाउँपालिकाको हुलाकसँग सम्वन्धित विवरण**

| क्र.स. | हुलाकको नाम | भवनको प्रकृति | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ईलाका हुलाक मलेखु | भाडा | ३ | |

श्रोत: गाउँपालिका कार्यलय–२०७५

## तालिका ५०: बैक तथा वित्तिय संस्थानहरु

| क्र.स. | सहकारी संस्था | विकास बैंक | बैंक |
|---|---|---|---|
| १ | श्री जनहित दुग्ध उत्पादक स.सं.लि. | देव विकास बैक | राष्ट्रिय वाणिज्य बैंक |
| २ | श्री जन सेवा दुग्ध उत्पादक स.सं.लि | मुक्तिनाथ विकास बैक | प्रभु बैक |
| ३ | श्री साना किसान कृषि स.सं.लि | | मेगा बैक |
| ४ | श्री तिनकन्या साना किसान कृषि स.सं.लि | | |
| ५ | श्री दियालो साना किसान कृषि स.सं.लि | | |
| ६ | श्री अको साना किसान कृषि स.सं.लि | | |
| ७ | श्री जनभावना कृषि व.उ.स.सं.लि. | | |
| ८ | श्री ग्रामिण विकास कृषि व.उ.स.सं.लि. | | |
| ९ | श्री रोराङ कृषि स.सं.लि. | | |
| १० | श्री बासर्खक कृषि स.सं.लि. | | |
| ११ | श्री एकता कृषि तथा पशुपालन स.सं.लि. | | |
| १२ | श्री उपकार कृषि तथा पशुपालन स.सं.लि. | | |
| १३ | श्री गाउवेशी कृषि तथा पशुपालन स.सं.लि. | | |
| १४ | श्री जिवनजल कृषि स.सं.लि. | | |
| १५ | श्री मातृभुमि कृषि स.सं.लि. | | |
| १६ | श्री जंगला मंगला महिला कृषि स.सं.लि. | | |
| १७ | श्री सकृय साना किसान कृषि स.सं.लि. | | |
| १८ | श्री हाम्रो आस्था कृषि तथा पशुपालन स.सं.लि. | | |
| १९ | श्री जनज्योती व.उ.स.सं.लि. | | |
| २० | श्री जनजागृती व.उ.स.सं.लि. | | |
| २१ | श्री पौरखी महिला विकास व.उ.स.सं.लि. | | |
| २२ | श्री सुन्दरदिप महिला वचत तथा ऋण .स.सं.लि. | | |
| २३ | श्री गौरीशंकर कृषि व.उ.स.सं.लि. | | |
| २४ | श्री जोगिमारा सामाजिक स्वावलम्वन वचत तथा ऋण .स.सं.लि. | | |
| २५ | श्री दिपशिखा सामाजिक स्वावलम्वि वचत तथा ऋण .स.सं.लि. | | |

| | | | |
|---|---|---|---|
| २६ | श्री वेनि संगम वचत तथा ऋण .स.सं.लि. | | |
| २७ | श्री गणपति वचत तथा ऋण .स.सं.लि. | | |
| २८ | श्री कृषक सुधार फलफुल तथा तरकारी स.सं.लि. | | |
| २९ | श्री मलेखु खोला लघु जल विद्यूत स.सं.लि. | | |
| ३० | श्री वेनीघाट सामाजिक उद्यमी स.सं.लि. | | |
| ३१ | श्री वलदेवी धातुउद्यमी स.सं.लि. | | |
| ३२ | श्री देविस्थान महिला दुग्ध उत्पादक स.सं.लि. | | |
| ३३ | श्री वागेश्वरी व.उ.स.सं.लि. | | |
| ३४ | श्री जनकल्याण वचत तथा तथा ऋण स.सं.लि. | | |
| ३५ | श्री कलश वचत तथा तथा ऋण स.सं.लि. | | |
| ३६ | श्री मलेखु फलफुल तथा तरकारी उत्पादकस.सं.लि. | | |
| ३७ | श्री सलाङघाट फलफुल तथा तरकारी उत्पादक स.सं.लि. | | |
| ३८ | श्री भैरवी फलफुल तथा तरकारी स.सं.लि. | | |
| ३९ | श्री जनहित कफि तथा चिया स.सं.लि. | | |
| ४० | श्री ब्रईट फ्युचर इंगलिस वोर्डिङ स्कुल स.सं.लि. | | |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## तालिका ५१: सडक सञ्जालको वर्तमान अवस्था

| क्र.स. | सडकको वर्गिकरण | लम्बाइ कि.मि. | सडकको औषत चौडाई | सडकले सेवा पुगेको वडा |
|---|---|---|---|---|
| १ | पृथ्वी राजमार्ग | २२ | ८ | ३,५,७,९र १० |
| २ | सहायक राजमार्ग | ० | ० | ० |
| ३ | पक्कि तथा कालो पत्रे | ०.५ | ४ | ३ |
| ४ | ग्राभेल सडक | ३० | ५ | २,३,४,७,९,१० |
| ५ | कच्चि/मोसमी सडक | ६०० | ५ | १ देखी १० |
| ६ | धोरेटो/गोरेटो | ० | ० | |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## व्यापार र व्यवसाय

यस गाउँपालिकाका केही मानिसहरु उद्योगधन्दा त केही व्यापार व्यवसायमा पनि सक्रिय भएर लागेका छन् । तिनीहरुले विभिन्न प्रकारका पेशा र व्यवसायहरु गर्ने गरेको पाइन्छ । विशेष गरी शहरी केन्द्रहरुमा उद्योगधन्दा र व्यापार व्यसायहरु तथा ग्रामिण भागमा भने ज्यादा खेतीपाति गर्ने चलन छ तर हाल आएर सडकको अवस्थामा भएको सुधारले गाउँघरमा पनि ससाना व्यापार व्यवसायहरु गर्ने गरिएको पाइन्छ । यस गाउँपालिकामा व्यापार व्यवसायको स्थिति कस्तो छ भनी तलको तालिकामा दिइएको छ ।

**तालिका ५२: औद्योगिक तथा व्यापार तथा व्यवसाय सम्बन्धि विवरण**

| सि.नं | व्यापार व्यवसाया विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | दुग्ध व्यवसायी | ३ |
| २ | टेलर्स | २१ |
| ३ | सुनचाँदी व्यवसायी पृथ्वी | २७ |
| ४ | भाडा व्यवसायी | १७ |
| ५ | फेन्सी व्यवसायी | ३५ |
| ६ | होटल व्यवसायी | ११० |
| ७ | इलेट्रोनिक्स व्यवसायी | १९ |
| ८ | क्लिनिक तथा औषधी व्यवसायी | १० |
| ९ | तरकारी तथा फलफूल व्यवसायी | ५५ |
| १० | माछामासु व्यवसायी | ७ |
| ११ | हेयर सैलुन तथा सौन्दर्य व्यवसायी | ११ |
| १२ | ठूला उद्योग | ६ |
| १३ | बेकरी तथा मिष्ठान्न व्यवसायी | ४ |
| १४ | बोडिङ्ग स्कूल | ४ |
| १५ | जुत्ता पसल | ७ |

| | | |
|---|---|---|
| १६ | फोटो स्टुडियो | ९ |
| १७ | फर्निचर | ६ |
| १८ | किराना पसल तथा व्यवसायी | ९८ |
| १९ | अटो वर्कसप | ४ |
| २० | राइसमील | १४ |
| २१ | घडी रेडियो टि.भि. मर्मत व्यवसायी | ८ |
| २२ | पेट्रोल पम्प | ४ |
| २३ | खाजाघर चियापसल | ५५ |
| २४ | ग्यास डिलर | ७ |
| २५ | मल /बिउ पसल | ९ |
| २६ | भेटनरी पसल | ३ |
| २७ | पुस्तक पसल | ६ |
| २८ | मनि ट्रान्सफर सेवा | ३ |
| २९ | सहकारी | ४० |
| ३० | बैंक | ५ |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## तालिका ५३: विगत वर्षको गाउँपालिकाको एकमुष्ट बजेट

| आ.व. | रकम रु. | कैफियत |
|---|---|---|
| २०७४/०७५ | ३६५७४२००० | |
| २०७५/०७६ | ५१९६४१००० | |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

## तालिका ५४: गाउँपालिकाका वर्तमान पदाधिकारीहरुको विवरण

| क्र.स. | नाम | पद | सम्पर्क |
|---|---|---|---|
| १ | श्री पित्त बहादुर डल्लाकोटी | अध्यक्ष | ९८५१२२९२२० |
| २ | श्री देवी प्रसाद सिलवाल | उपाध्यक्ष | ९८१०२५४७९३ |
| ३ | श्री नन्द प्रसाद तामाङ्ग | वडा अध्यक्ष–१ | ९८१३०२०५०१ |
| ४ | श्री टंक बहादुर थापा | वडा अध्यक्ष–२ | ९७४४०९०८१५ |
| ५ | श्री भुवन त्रिपाठी | वडा अध्यक्ष–३ | ९८५१०११६२८ |
| ६ | श्री गुणराज उप्रती | वडा अध्यक्ष–४ | ९८०८६७०४३ |
| ७ | श्री रोशन कुमार सिलवाल | वडा अध्यक्ष–५ | ९८०८६६६९१७ |
| ८ | श्री देव कृष्ण आले मगर | वडा अध्यक्ष–६ | ९८४९४३१५५१ |
| ९ | श्री हिरालाल थपलिया | वडा अध्यक्ष–७ | ९८०८४१६८९४ |
| १० | श्री बीर बहादुर श्रेष्ठ | वडा अध्यक्ष–८ | ९८८१०४३५६५९ |
| ११ | श्री सुरेश मल्ल | वडा अध्यक्ष–९ | ९८०८१३४०३६ |
| १२ | श्री अम्बर गुरुङ्ग | वडा अध्यक्ष–१० | ९८१८५२७०८९ |
| १३ | श्री कमला राना मगर | कार्यपालिका सदस्य | ९८१३८३६३९४ |
| १४ | श्रीमती कान्छीमाया मगर | कार्यपालिका सदस्य | ९८१३९१५८९३ |
| १५ | श्रीमती बिन्दा मगराती | कार्यपालिका सदस्य | ९८१८११७३६६ |
| १६ | श्रीमती राधा कुमारी डल्लकोटी | कार्यपालिका सदस्य | ९८१९१८३०७७ |
| १७ | श्री राम बहादुर बराम | कार्यपालिका सदस्य | ९८४१८३३६०८ |

श्रोतः गाउँपालिका कार्यलय–२०७५

**तालिका ५५: गाउँपालिकाका हाल कार्यरत कर्मचारीहरुसँग सम्वन्धित विवरण**

## गाउँपालिकाका हाल कार्यरत कर्मचारीहरुसँग सम्वन्धित विवरण

| क्र.सं. | पद | नाम, थर | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | श्री हर्ष बहादुर थापा | कार्यपालिका | ९८५१२४२१४९ |
| २ | लेखा अधिकृत | श्री महेश राज शर्मा | कार्यपालिका | ९८४१०४६४२३ |
| ३ | प्रशासन शाखा प्रमुख | श्री रमेश पौडेल | कार्यपालिका | ९८५१२३७६०३ |
| ४ | योजना शाखा प्रमुख | श्री परशुराम घिमिरे | कार्यपालिका | ९८५१२११३४६ |
| ५ | लेखापाल | श्री प्रमोद पौडेल | कार्यपालिका | ९८५१२१६८८२ |
| ६ | इञ्जिनियर | श्री योगिता राजचल | कार्यपालिका | ९८४१११६२५ |
| ७ | इञ्जिनियर | श्री प्रकाश सिलवाल | कार्यपालिका | ९८५१०३९१९६ |
| ८ | सह लेखापाल | श्री विकास ढकाल | कार्यपालिका | ९८६०१५५६५० |
| ९ | अ.स. इ | श्री इश्वर घिमिरे | कार्यपालिका | ९८४१९५७५३८ |
| १० | सा.प. | श्री संगिता थपलिया | कार्यपालिका | ९८१८७९०५३५ |
| ११ | क.अपरेटर | श्री शुशिला गिरी | कार्यपालिका | ९८०९१६५७९३ |
| १२ | सवारी चालक | श्री रमेश कडेल | कार्यपालिका | ९८६०३०३१५८ |
| १३ | का.स. | श्री कल्पना परियार | कार्यपालिका | |
| १४ | का.स. | श्री पार्वती कडेल | कार्यपालिका | ९८१०१९१७५८ |
| १५ | का.स. | श्री सुर्य नेपाली | कार्यपालिका | |
| | | **विषयगत शाखा** | | |
| १ | वि.नि. | श्री संगिता के.सी. | शिक्षा | ९८४१५८३७२८ |
| २ | स्वस्थ्य संयोजक | श्री मधुसुदन खड्का | स्वास्थ्य | ९८५७८३५१८१ |
| ३ | स्वस्थ्य सह-संयोजक | श्री रमेश अर्याल | स्वास्थ्य | ९८५११४८२२६ |
| ४ | प्रा.स. | श्री निलकण्ठ पौडेल | कृषि | ९८५५०६९२८८ |
| ५ | पशु स्वा.प्रा. | श्री रिजन गैरे | पशु | ९८४०१२९४५० |
| ६ | ना.प्रा.स. | श्री वल बहादुर सिकर्मी | कृषि | |
| ७ | ना.प प्रा स | श्री झम्क सिम्खडा | पशु | |
| ८ | स.म.वि.नि. | श्री शिला अधिकारी | महिला विकास | ९८४५६७८६७५ |
| ९ | सुचना प्रविधि अधिकृत | श्री विवश अधिकारी | सूचना प्रविधि | ९८४१०३८८३८ |
| १० | कानुनी सहजकर्ता | श्री मनकला पन्थ | न्याय | ९८४९९४५८१६ |
| | | | | |

| वडा कार्यालय तर्फ | | | | |
|---|---|---|---|---|
| १ | वडा सचिव (ना.सु) | श्री तुलसी गौतम | वडा नं. ५ | ९८४१६०३३७७ |
| २ | वडा सचिव (खरिदार) | श्री विष्णु प्रसाद थपलिया | वडा नं. ७ | ९८१८३३२५५५ |
| ३ | वडा सचिव (खरिदार) | श्री रविन्द्र प्रसाद कडेल | वडा नं. ६ | ९८४१६४४८४६ |
| ४ | कार्यालय सहायक | श्री जुना खाँण ठकुरी | वडा नं. ९ | ९८१८४०९५९५ |
| ५ | कार्यालय सहायक | श्री सरस्वती वि.क. | वडा नं. २ | ९७४११०१४४३ |
| ६ | क.अपरेटर | श्री केशर बहादुर भुजेल | वडा नं. ३ | ९८४९७७८५४ |
| ७ | सा.प. | श्री रमेश कुमार कडेल | वडा नं. ३ | ९८४१७०५७७३ |
| ८ | सा.प. | श्री निर्मला भुजेल | वडा नं. १ | ९८४९७७८५१५ |
| ९ | सा.प. | श्री राधिका रिजाल | वडा नं. ९ | ९८१३४४०१०८ |
| १० | सा.प. | श्री शुभ आलेमगर | वडा नं. २ | ९७४५१६१५८० |
| ११ | का.स. | श्री तिलक बहादुर मल्ल | वडा नं. ९ | |
| १२ | का.स. | श्री यम बहादुर तामाङ | वडा नं. २ | ९८६०२२२८४० |
| १३ | का.स. | श्री लक्ष्मण सिग्देल | वडा नं. ५ | ९८११५२३९४६ |
| १४ | का.स. | श्री यमकुमारी श्रेष्ठ | वडा नं. ५ | |
| १५ | का.स. | श्री विनोद परियार | वडा नं. ६ | |
| १६ | का.स. | श्री लिला बहादुर वस्नेत | वडा नं. ७ | ९८१३२७८०५० |
| १७ | का.स. | श्री मान कुमार श्रेष्ठ | वडा नं. ८ | ९८४१७१७९६८ |
| १८ | का.स. | श्री रेखा सिं ठकुरी | वडा नं. १० | ९८०६६३०८९१ |
| १९ | का.स. | श्री विजय श्रेष्ठ | वडा नं. ३ | |

श्रोत: गाउँपालिका कार्यलय–२०७५

# गाउँपालिकाका अवसर, चुनौती र सम्भावनाहरु

## अवसर

धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिका अत्यन्तै धेरै विषय वस्तुहरुले समेटिएको गाउँपालिका रहेको हुँदा यहाँ धेरै सम्भावनाहरु छन् । विशाल नदि, खोलाहरु, सडक सञ्जाल जस्ता विकासका पूर्वाधार मानिने यी कुरामा यस गाउँपालिकालाई यस जिल्लाको अग्रणी स्थानमा मान्नु नै उचित हुन्छ । जल र यातायात, यी दुई पूर्वाधारको विकास गर्न सके यहाँको जनताको कायापलट हुने कुरामा दुइमत छैन ।

यो गाउँपालिका भौगोलिक हिसाबले डाडाकाडा भिर तथा पाखाहरुले समेटिएर बने पनि यहाँको तल्लो भाग अर्थात् नदीको किनारका भागहरु अत्यन्त उर्वर र मलिलो माटो भएको कृषि उत्पादनका लागि राम्रो सम्भावना बोकेका भागहरु हुन् । यहाँ अन्न, फलफूल र सागसब्जीको उत्पादनका साथै बेमौसमी खेतीलाई प्राथमिकतामा राखी अगाडी बढ्ने हो भने यहाँको उत्पादनले नजिकै रहेको ३ वटा शहरहरु नारायणघाट, पोखरा र काठमाण्डौ सम्म पुऱ्याउन कठिनाइ नहुने देखिन्छ । अझ स्थानीय स्तरमा पनि ससाना शहर र बजारहरु रहेका कारणले गर्दा यहाँको उत्पादन भएका बस्तुहरुलाई बजारको अभाव खड्किने देखिदैन ।

वेनीघाट रोराङ गाउँपालिका सिञ्चाइको एकदमै राम्रो सम्भावना रहेको क्षेत्र हो । यस गाउँपालिका भएर बग्ने ठूला नदी नालाहरुबाट आसपासको भूभाग सिञ्चाइ गर्ने तथा अझ आधुनिक प्रविधि अपनाएर लिफ्ट सिञ्चाइ अन्तगर्त सिञ्चाइलाई विकास गर्ने हो भने यहाँ बाह्रै महिना अनवरत रुपमा कृषिको क्षेत्रमा काम गर्न सकिन्छ ।

यस गाउँपालिकामा सडक मार्गका लागि पनि धेरै नै कामहरु भएको देखिन्छ । राजधानी प्रवेश गर्ने सडक मार्ग यसै गाउँपालिका भएर भित्रने र बाहिरने गर्दछ । यस राजमार्गलाई आधार बनाई अन्य गाउँ टोल प्रवेश गर्ने थुप्रै बाटाघाटाहरु हाल मौसमी सडकका रुपमा रहेको भएता पनि तिनीहरुको अवस्था बाह्रै महिना सञ्चालन हुन सके गाउँघर तिर उत्पादन भएका वस्तुहरु सहज रुपमा शहरी क्षेत्रमा पुऱ्याउन सकिन्छ । जसबाट गाउँघरतिर नया नया आम्दानीका स्रोतहरु भित्रिन्छन् । आर्थिक रुपले पिछडीएको क्षेत्रहरुको स्रोत र साधनमा पहुँचको स्तर बढ्न सक्ने र अन्य अवसरका ढोकाहरु खुल्न सक्ने देखिन्छ ।

वेनीघाट रोराङ गाउँपालिका अन्तर्गत शिक्षा क्षेत्रमा हाल प्राथमिक, निमावि, मावि तथा उमावि गरी ७५ वटा शैक्षिक केन्द्रहरु रहेका छन् । यसलाई गुणस्तरीय शिक्षाका हिसाबले तथा व्यवसायिक विद्यालयहरु जस्तै

कृषि, वन जस्ता कुराहरुमा जोड दिएर सहज स्थलहरुको पहिचान गरी शैक्षिक केन्द्रको रुपमा विकास गर्ने हो भने यहाँबाट प्रयोगात्मक अध्ययनका लागि अन्यत्र जानु नपर्ने पनि हुन सक्छ किनकी यो गाउँपालिका आफैंमा एक विविधता युक्त गाउँपालिका पनि हो । यहाँ दुर्गममा अति दुर्गम गाउँहरु तथा अत्याधिक सुगम गाउँहरु पनि छन् । शिक्षामा आज लगानी गर्न सके भोलिको भविष्य उज्जल हुने कुरामा कसैको दुइमत हुदैन । विद्यालय जाने उमेरका केटाकेटी अन्यत्र आर्थिक आयआर्जनका काममा लाग्ने भएका कारणले गर्दा पढाईमा त्यति ध्यान दिदैनन् । भविष्यमा अदक्ष जनशक्ति मात्र गाउँपालिका रहने सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा जलस्रोत तथा प्राकृतिक स्रोत र साधनहरु प्रचुर मात्रामा रहेको छ । यसैगरी धार्मिक तथा सांस्कृतिक क्षेत्रहरुले पनि यो गाउँपालिकालाई शोभायमान बनाइरहेका छन् । यहाँको धार्मिक तथा सांस्कृतिक रुपले महत्वपूर्ण स्थलहरुमा तिनकन्या मेला, चरौदीको पशुपति मन्दिर, महादेव स्थान मन्दिर, गौमति भैरवी मन्दिर, महारुद्र मन्दिर तथा महाकाली मन्दिर रहेका छन् । यिनीहरुले पर्यटकीय, सामाजिक, सांस्कृतिक र धार्मिक महत्व बोकेका छन् । यसैलाई अझ व्यवस्थित गर्दै लान सकेको खण्डमा यसले अन्य विकासका अवसर लगायत रोजगारीका सम्भावनाहरु प्रचुर मात्रामा दिलाउन सक्छ । जसका कारणबाट होटल व्यवसायको अवस्था बढेर जान्छ, स्थानीय उद्योग, हस्तकला तथा अन्य पर्यटनसँग सम्वन्धित कुराहरुको विकास भएर जान्छ । बैंक र वित्तीय संस्थानहरुका लागि यो क्षेत्र महत्वपूर्ण बन्न सक्छ । अर्कोतर्फ यस गाउँपालिका हराभरा रहेको छ । यहाँको वन जंगललाई व्यवस्थित गरेमा, जैविक विविधताका क्षेत्रमा खोज अनुसन्धान गरेमा तथा जडीबुटी जन्य उद्योगहरुका सम्भावनाका क्षेत्रमा काम गर्न सकेको खण्डमा यस क्षेत्रको वातावरणीय, भौगोलिक अवस्थामा अझ विकास हुन सक्ने देखिन्छ । यस क्षेत्रमा जडिबुटी जन्य खेतिपाती गर्न अति सुहाउदिलो भौगोलिक वातावरण रहेको देखिन्छ । यहाँ झाडी खोल्सी, ठूला नदी किनारमा अवस्थित वन जंगलमा जडिवुटी जन्य वन सम्पदाको विकास गर्न सके जैविक विविधता कायम रहनुका साथै आम्दानीका श्रोतका ढोकाहरु पनि खुल्ने सम्भावनालाई नकार्न सकिन्दैन । जसले गर्दा भविष्यमा पर्यटन उद्योगको विकास सम्भव छ । पर्यटन उद्योग यस्तो आम्दानीको श्रोत वा उद्योग हो जसलाई Smokeless Industry भन्न सकिन्छ । अन्य उद्योगबाट शारिरिक रुपमा असर पुग्ने वातावरणीय असर पर्छ भने पर्यटन उद्योगलाई व्यवस्थित गर्न सकेको खण्डमा यहाँ नकारात्मक भन्दा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## यस वेनीघाट रोराङ गाउँपालिकाका चुनौतिहरु

यस वेनीघाट रोराङ गाउँपालिकामा विकास निर्माणका लागि अवसर मात्र नभएर यसका थुप्रै चुनौतीहरु पनि रहेका छन् । यहाँको विकास निर्माणको कार्य गर्दाका चुनौतीहरु निम्नानुसार देखिन सक्छन् ।

### अव्यवस्थित बसोबास

अव्यवस्थित बसोबास यस गाउँपालिकाको मात्र नभएर यो सर्वव्यापी चुनौतिको रुपमा रहेको देखिन्छ । केही शहरी उन्मुख वडा र टोलमा मात्र नभए्र दुरदराजका डाँडा, पाखा, भीर र पहरामा पनि बसोबास रहेको छ जसले गर्दा लक्षित गरी विकास निर्माणका काम गर्न कठीनाई हुन सक्छ र भएको पनि छ । यसका लागि एकिकृत बस्ति विकास अवधारणाबाट अघिबढ्न सकेको खण्डमा यो समस्याको हल भएर जान्छ र बसोबासको व्यवस्थापन हुन सक्छ । यता भूमिमा द्वैध स्वामित्व रहेको हुनाले यसलाई पनि मुख्य चुनौतीका रुपमा लिन सकिन्छ । जननिर्वाचित प्रतिनिधिले यस समस्याको समाधानको बाटो अवलम्वन गर्ने खालका कार्यक्रम ल्याएर अगाडी बढेमा यस गाउँपालिकाको विकास द्रुत गतिमा हुने देखिन्छ ।

### श्रम पलायन

यस गाउँपालिकाको अर्को सवैभन्दा ठूलो चुनौती दक्ष, अर्धदक्ष र अदक्ष यी तिनै प्रकारका श्रमको पलायनको अवस्था एकदमै ठूलो देखिन्छ । बेरोजगारीका कारण यस गाउँपालिकाको ठूलो जमात युवा मात्र नभएर श्रम गरेर खाने उमेरका समूहहरु विदेश तथा स्वदेशकै विभिन्न शहरहरुमा पलायनको अवस्था छ । यसले गाउँको विकास र निर्माणमा नकारात्मक प्रभाव पार्न लागेको छ । आज आएर गाउँविकास निर्माण काममा युवा शक्ति नपाइने हुनाले दक्ष काम गर्ने श्रमको अभाव खड्किएको अवस्था छ । रोजगारीका लागि स्वदेश तथा विदेश पलायनलाई यही स्थापित गर्नु वा रोजगारीको श्रृजना गरी प्रदान गर्नु यहाँको ठूलो चुनौती नै रहेको छ । यसैगरी खेतीपाती कार्यमा पनि यसको नकारात्मक असर परेको छ । खेतीयोग्य जमिन र उर्वर जमिनहरुमा गाउँका बुढापाकाबाट परम्परागत खेती प्रणाली नै चित्त बुझाउने अवस्था रहेको देखिन्छ । यसले गर्दा उत्पादनशील श्रमशक्ति पलायन भएको कारणले गर्दा कृषि उत्पादनमा कमी आउन लागेको छ । यसलाई व्यवस्थापन गर्ने कुरा पनि मुख्य चुनौतीका रुपमा रहेको देखिन्छ ।

### भौतिक पूर्वाधारको कमी

हालसालै ४ वटा गाउँ विकास समितिहरु मिलाएर यो गाउँपालिको निमार्ण गरिएको हुनाले यहाँ सबै ठाउँमा विकासका पूर्वाधारहरु निर्माण हुन सकिरहेका छैनन् । कतिपय टोल, गाउँ र वडाहरु विकासको पहिलो

खुड्किलो बाटोघाटोको, विजुली, स्वास्थ्य केन्द्रहरुबाट अझ टाढा छन् । यस्तो अवस्थामा समान रुपमा विकास निर्माणका कार्यहरु गर्ने कुरा चुनौतीका रुपमा रहेको छ ।

**उचित नीति नियमको कमी**

हालसालै गाउँपालिकाहरु नवगठन भएका भए पनि तिनीहरुका लागि आवश्यक सबै प्रकारका कानुन तथा नियमावलीहरु बनिसकेका छैनन् । तसर्थ नियम कानुन नै नबनी गाउँपालिकाको विकास र सेवा प्रवाहको कार्य गर्नु चुनौतीका रुपमा रहेको छ । यसैगरी गाउँपालिकाका विभिन्न पदाधिकारीका काम कर्तव्य र अधिकार समेत कानुनबाट व्यवस्थित भइ नसकेको हुँदा काम गर्ने विकास निर्माण बनाउने तथा विभिन्न नीतिनियम बनाएर अगाडी बढ्ने कुरामा चुनौती खडा रहेको देखिन्छ ।

**बढ्दो जनआकांक्षा**

हाल आएर स्थानीय मानिसहरुको जनआकांक्षा अति धेरै बढेको छ भने स्रोत साधनको भनिकै कमी रहेको देखिन्छ । यस्तो अवस्थामा सिमित स्रोतलाई  व्यवस्थापन गरी जनआकांक्षा पुरा गर्ने कुरा पनि चुनौतीपूर्ण रहेको देखिन्छ ।

**श्रोत र साधनको पहिचान हुन नसक्नु**

गाउँपालिकाहरु भरखरै पूर्नसंरचित भएकाले अहिले सम्म स्थानीय स्रोत र साधनलाई पहिचान गर्ने तथा तिनीहरुको विकास गर्ने कार्य हुन सकेको छैन । हाल गाउँपालिकाको दीर्घकालिन योजना सम्म बन्न सकेको छैन । स्रोत र साधनको पहिचान गरी तिनीहरुको विकासको योजना छोटो समयमा बनाउनु अहिलेको मुख्य चुनौती रहेको छ ।

**गरीबी**

यस गाउँपालिकाका मानिसहरु अहिले पनि गरीबीको रेखामुनी रहेका छन् । तिनीहरुको आयआर्जनमा अभिबृद्धि गर्नु तथा गरीबी निवारण गर्नु आजको मुख्य चुनौती बनेको छ । सीप, स्रोत र साधनको विकास गरी यस्ता गरीव वर्गहरुमा लक्षित कार्यक्रम लाग्न सक्नु नै अहिलेको सबैभन्दा ठूलो चुनौती रहेको छ ।

**जनचेतनाको कमी**

यस गाउँपालिकाको एउटा मुख्य चुनौती जन चेतनाको कमी हुनु पनि हो । यहाँ अहिले पनि थुप्रै मानिसहरु निरक्षर छन्  । त्यस्तै धेरैमा शिक्षा, स्वास्थ्य तथा परम्परागत सोच र विचारले गर्दा हालको समसामयिक

परिस्थिति र परिवेश अनुसार अगाडी बढ्न सकिरहेका छैनन् । जसले गाउँपालिकाको विकास निर्माणको कार्यमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ ।

### बेरोजगार

वेरोजगारी यहाँको मात्र समस्या होइन । यो व्यवस्थापन मात्र तथा सीपयुक्त वेरोजगारको संख्या कम भए पनि अन्य वेरोजगारीको अवस्था धेरै छ । यस गाउँपालिकामा पनि धेरै युवा युवती वेरोजगार छन् । अदक्ष श्रम, शक्ति बेरोजगार छ हालको परिवेशमा जहाँ पनि र जुन सुकै क्षेत्रमा पनि दक्ष जनशक्तिको माग हुने हुनाले यहि गाउँपालिकामा पनि कुनै काम गर्नु पर्‍यो भने बाहिरबाट दक्ष श्रम शक्ति ल्याएर काम गर्नु पर्ने देखिन्छ । बैदेशिक रोजगारीले गर्दा मानिसहरुले आफ्नो ससानो टुक्रामा रहेको जग्गामा खेतीपाती गर्न छाड्छन् । खेती गर्न छाडेर शहरतिर पलायन हुन्छन् जसले  गर्दा श्रम पलायन र वेरोजगारी यि पक्षहरुमा एकैचोटी विकासको फड्को मार्नमा या समाधान खोज्न चुनौती देखिन्छ ।

### भूमी व्यवस्थापन नहुनु

यस गाउँपालिकामा भूमीको समुचित ढंगमा व्यवस्थापन हुन सकेको छैन । खेतीपाती गर्ने मानिससंग अति कम जग्गा जमिन छ भने केही ज्यादा जग्गा जमिन हुने मानिसहरुले खेतीपाती गर्न छाडेका छन् । यता खेतीपाती छाडेर गाउँबाट शहरतिर सर्ने क्रम पनि धेरै बढेर गएको छ । अझसम्म पनि जीवन निर्वाहका लागि मात्र खेतीपाती गर्ने चलन  रहेको हुनाले यहाँ कृषिमा आमूल परिवर्तन गर्न तथा आधुनिक खेतीपातीको चलन चलाउन निकै चुनौती रहेको देखिन्छ ।

यथार्थमा यस गाउँपालिकामा केही अवसर केही चुनौती रहेको देखिए पनि यहाँको सम्भावनाहरु पनि धेरै नै रहेको छ । यस्ता चुनौतीका वावजुत पनि अति राम्रा सम्भावनाका क्षेत्रमा काम गर्दै जाने हो भने गाउँको विकास निर्माणका साथमा जनताका मनोकांक्षा पुरा गराउने कार्य गर्न आवश्यक छ र सम्भावना पनि छ ।

## गाउँपालिका विकासका सम्भावनाहरु

यस वेनीघाट रोराङ गाउँपालिकाका विकासका सम्भावनाहरु प्रचुर छन् । यस गाउँपालिकामा जमिन उर्वर छ जसले गर्दा कृषि उत्पादनको सम्भावना व्यापक छ । यहाँको विकासका मुख्य मुख्य सम्भावनालाई निम्नानुसार प्रस्तुत गर्न  सकिन्छ ।

## कृषि र पशुपालन

यस गाउँपालिकाको जमिन अति उर्वर भूमि रहेको तथा ठूला नदीहरुको किनारी भागहरु तथा ससाना खोला नाला खोल्सीहरुको व्यवस्थित गर्न सकेको खण्डमा बाह्रै महिना यहा सिंचाइको लागि सम्भावना छ । ठूला नदीहरुबाट लिफ्ट सिंचाइ पद्धती अवलम्वन गर्न सकेको खण्डमा यसले कृषि उत्पादनमा अति ठूलो टेवा पुऱ्याउने देखिन्छ । यसैगरी यो क्षेत्र वनजंगल तथा चरन क्षेत्र पनि रहेको कारणले गर्दा पशुपालनको क्षेत्रमा पनि यहा उल्लेख्य कामहरु गर्न सक्ने अवस्था छ । यो क्षेत्रका आसपास नेपालका अति ठूला शहरहरु रहेको कारणले गर्दा यहा उत्पादन भएका कृषि उत्पादन पशुपालनबाट हुने विविध खालका उत्पादनहरुले बजारको अभाव खेप्नु नपर्ने आफ्नो उत्पादनले बजार नपाउला भन्ने चिन्ता र अवस्था यस ठाउँमा हुदैन तसर्थ यो गाउँपालिकाका लागि कृषि र पशुपालनले विकासको खुड्किलो चढ्न सहज हुने वातावरण बनाउन सक्छ ।

## यातायात

यस गाउँपालिकाको महत्वपूर्ण भागहरुलाई छिचोलेर नेपालको मुटुमा प्रवेश गर्ने पृथ्वी राजमार्गले यस ठाउँका केही भागहरुलाई अति सुगम बनाएको छ । यहि मार्गबाट अन्य दुर दराजका गाउँ टोल र वडाहरु प्रवेश गर्ने सहायक सडकहरुको पनि विस्तार भएको कारणले गर्दा यहा अझ थप विकास गर्ने पूर्वाधारहरु निर्माण गर्ने वातावरण बनि सकेको छ । विभिन्न भित्री गाउँहरुमा हालै आएर गाउँपालिकले वडाहरुले आफ्नो श्रोत र क्षमताले भ्याए सम्म ट्र्याक खोल्ने कार्यहरु तिब्र गतिमा भएकोले यहाको बाटोघाटो र यातायातका लागि पूर्वाधारमा अझ टेवा पुग्ने खालका सम्भावनाका ढोका खोल्दै गरेको देखिन्छ ।

## शिक्षा

यस क्षेत्रमा शिक्षका क्षेत्रमा त्यति धेरै लगानी त गरेको देखिन्दैन । यसका साथै साक्षरता प्रतिशत पनि त्यति सन्तोष प्रद भने पाईदैन । यसका वावजुत पनि यहा १० वटा वडामा ७५ वटा निमावि, मावि, उच्च माविहरु छन् । यिनीहरुमा अझ लगानीका अवसरहरु श्रृजना गर्न सक्नु पर्छ त्यस पछि यहाबाट राम्रो शिक्षाप्रदान गर्ने वातावरण हुनेछ यहाँबाट उच्च शिक्षा, प्राविधिक शिक्षा लिन जानेहरुको संख्या घटाउन सकिन्छ । धेरै जसो क्षेत्रमा उच्च शिक्षा लिन गएका व्यक्तिहरु पलायन हुने अवस्था श्रृजना भएको देखिन्छ । यस क्षेत्र पनि सो कुराबाट अछुतो त छैन नै तर भोलिका दिनमा शिक्षा क्षेत्रको उचित व्यवस्थापन गरी समय अनुसारका व्यवहारीक शिक्षाका अवसरहरु यहाँ सिर्जना गर्न सकेको खण्डमा यस क्षेत्र पनि शैक्षिक केन्द्र को रुपमा विकास गर्न सकिने अवस्था देखिन्छ ।

## पर्यटन

यस गाउँपालिकामा अनेकौं प्रकारका धार्मिक र सांस्कृतिक स्थलहरु परिचित भएका छन् । हालसम्म यहाँका ठूला नदीहरु जल क्रिडाका लागि आउने पर्यटक तथा धार्मिक उद्देश्य बोकेर आएर मठ मन्दिरहरुको दर्शन गर्ने दर्शनार्थी पर्यटकहरु बाहेक अन्य यसै क्षेत्रमा बसोबास गरी यहिको सामाजिक, सांस्कृतिक धरातलाई नियाल्ने पर्यटनको खाँचो देखिन्छ । तर यहाँ पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावनाहरु रहेको पनि छ । यस क्षेत्रका भिर कन्दरामा बसोबास गर्ने नेपालका अति पिछडी परिएका वर्ग चेपाङ्गहरुका बाहुल्यता भएका गाउँ, टोल र बस्तिहरुमा तिनिहरुको जीवन, परम्परा, चाडपर्व, रीतिरिवाज, धर्म, संस्कृति जस्ता जन रुचिका विषय, चासो र अध्ययनका विषयहरुलाई ध्यानमा राखेर त्यस्तो पर्यटन पकेट क्षेत्र विकास गर्ने प्रशस्त सम्भावना बोकेको छ । यसैगरी जैविक विविधताको क्षेत्रमा पनि यहाँ जडिबुटीजन्य रुख बोट विरुवाहरुको व्यवस्थित रुपमा बृक्षारोपण गरी यससँग सम्वन्धित अन्य कार्यहरु गर्न सकेको खण्डमा पनि यहाँ पर्यटनहरुको अध्ययन भ्रमण, निरिक्षण अनुसन्धान गर्न आउनेहरुका लागि उर्वर भूमी बन्न सक्छ ।

यसैगरी जलश्रोतको क्षेत्रमा पनि यस गाउँपालिकामा दीर्घकालिन सोचका साथ अगाडी बढ्न सकेको खण्डमा यहा धेरै सम्भावना र अवसरका पक्षहरु खुल्न सक्छन । समग्रमा भन्दा यस वेनीघाट रोराङ गाउँपालिकाले दीर्घकालिन सोचका साथ हाल बनाउने योजना, विकास निर्माणका पूर्वाधार तथा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी जस्ता क्षेत्रहरुको उचित ढंगबाट अगाडी बढाउनु आजको आवश्यकता पनि हो र त्यसलाई सहि ढंगबाट सदुपयोग गर्न सकेको खण्डमा यस गाउँपालिकाको आमुल परिवर्तन हुने कुरामा कसैको विमति नरहने देखिन्छ ।

**सन्दर्भ सामाग्रीहरु**


- स्थानीय स्वायत्त शासन ऐन २०५५, कानुन किताब व्यवस्था समिति ।
- स्थानीय स्वायत्त शासन नियमावली २०५६, केन्द्रीय तथ्यांक विभाग ।
- राष्ट्रिय जनगणना प्रतिवदेन–२०६८, केन्द्रीय तथ्यांक विभाग ।
- नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६–स्वास्थ्य मन्त्रालय ।
- नेपाल जीवनस्तर सर्वेक्षण –२०६८/०६९ – तथ्यांक विभाग ।
- वार्षिक प्रतिवेदन २०७३/०७४ – जिल्ला कृषि कार्यालय धादिङ ।
- वार्षिक प्रतिवेदन २०७४ – जिल्ला जनस्वास्थ्य कार्यालय धादिङ ।
- वार्षिक प्रतिवेदन २०७४ – जिल्ला शिक्षा कार्यालय धादिङ ।
- Population Monograph २०६८ – केन्द्रीय तथ्यांक विभाग ।
- जिल्ला पार्श्वचित्र – धादिङ
- जिल्ला पार्श्वचित्र  जि.वि.स धादिङ– २०६४